




नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)



» बुधबार, मंसिर २०, २०७४ » Wednesday, December 6, 2017 » www.newsofnepal.com » नेसं ११३८ थिंल्लागा ३ » वर्ष २३, अंक ३२१ » पृष्ठ १२ » मूल्य रू. १०/–


# सर्वोच्चको फेरिएको रूप

यदुप्रसाद भट्ट, काठमाडौं

न्यायलयबाट हुने कार्यसम्पादनबारेका टीका टिप्पणीले अदालतकै विश्वासनीयतामा प्रश्नचिह्न खडा गरिरहेका बेला वर्तमान नेतृत्वले न्यायपालिका सम्हालेपछि सर्वोच्च अदालतमा आमूल परिवर्तन भएको वरिष्ठ कानुनविद्हरूले बताएका छन्।

प्रधानन्यायाधीश गोपाल पराजुलीले कार्यभार सम्हाल्नेबित्तिकै सर्वोच्च अदालतले शुरू गरेको समूहगत सुनुवाइ, संवैधानिक इजलासको निरन्तरता र अदालतलाई स्मार्ट बनाउने कार्यविधिलाई वरिष्ठ कानुन व्यवसायीले प्रशंसा गर्दै त्यसलाई सकारात्मक रूपमा लिएका छन्।




न्यायपालिकाको हालको नेतृत्वले समष्टिगत रूपमा अदालतलाई नै सुधार गर्दै लगेको वरिष्ठ कानुनविद्ले बताएका छन्। उनीहरूले न्यायपालिकामा वर्तमान नेतृत्वको कार्यकालको सफलताका लागि केही सुझावसमेत दिएका छन्। महान्यायाधिवक्ता वसन्तराम भण्डारीले प्रधानन्यायाधीश पराजुलीले न्यायपालिकालाई सुधार गर्न दत्तचित्त भएर लागेको दाबी गर्नुभयो।

पूर्वमहान्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता रमणकुमार श्रेष्ठले समूहगत सुनुवाइका लागि पर्याप्त समय दिनुपर्नेमा जोड दिनुभयो। उहाँले समूहगत सुनुवाइमा रहेका प्रत्येक मुद्दाको तथ्य फरक हुने भएकाले सबै मुद्दाको सुनुवाइ हुनुपर्ने बताउनुभयो। वरिष्ठ अधिवक्ता श्रेष्ठले भन्नुभयो- 'प्रत्येक मान्छेको अनुहार फरक भएजस्तै हरेक मुद्दाको तथ्य फरक हुन्छ। सबै मुद्दालाई एउटै अनुहारले हेर्नुहुँदैन, तथ्य फरक रहेको बारेमा जान्न सुनुवाइका निम्ति पर्याप्त समय दिनुपर्छ।'

वरिष्ठ अधिवक्ता तथा न्यायपरिषद्का पूर्वसदस्य उपेन्द्रकेशरी न्यौपानेले सूचनासम्बन्धी नयाँ प्रविधिको प्रयोगले सर्वोच्च अदालतमा नयाँ क्रान्ति ल्याएको बताउनुभयो। उहाँले नयाँ प्रविधिको प्रयोग हुन थालेपछि अदालतको कामकारबाहीमा पारदर्शिता देखिन थालेको र सूचनाको सहज पहुँचका कारण सेवाग्राहीमा समेत अदालतप्रति सकारात्मक सोच देखिन थालेको बताउनुभयो। यससँगै अहिलेको नेतृत्वले नयाँ प्रविधिको सहयोग लिएर बाहिर जिल्लाबाटै बहस गर्न सकिने व्यवस्था गर्न सकिए सर्वोच्चले अर्को ठूलो फड्को मार्न सक्ने न्यौपानेले बताउनुभयो।

उहाँले विगतमा एउटै प्रकृतिका मुद्दा पनि फरक इजलासबाट फरक-फरक फैसला आउने गरेका कारण अदालतको न्याय सम्पादनमाथि नै प्रश्न उठ्ने गरेकामा सर्वोच्च अदालतमा अहिलेको नेतृत्वबाट शुरू गरिएको समूहगत सुनुवाइले एउटा अर्को ऐतिहासिक कामको थालनी भएको बताउनुभयो।

अब एउटै प्रकृतिका सबै मुद्दाहरूमा एउटै खालको निर्णय आउने भएकाले यसले अदालतप्रतिको आस्थामा ठूलो भरोषा उत्पन्न हुने उहाँको तर्क छ। साढे १० बजे नै इजलास बस्ने गरी अहिले गरिएको समयको व्यवस्थापनले मुद्दा फछ्र्योटमा महत्त्वपूर्ण सहयोग पुगेको वरिष्ठ अधिवक्ता न्यौपानेले बताउनुभयो।

उहाँले इजलास बस्ने समय सँगसँगै मुद्दाको सुनुवाइको पनि समय व्यवस्थापन हुन सक्यो भने मुद्दा फछ्र्योटमा अर्को कोशेढुंगा साबित हुने बताउनुभयो। सर्वोच्च अदालतको न्यायिक प्रणालीमा हाल भइरहेको व्यवस्थापकीय सुधारलाई भविष्यपर्यन्त कायम राख्न सकिए अदालतप्रति अहिलेको धारणामा व्यापक परिवर्तन आई अदालतको विश्वसनीयता अझै बढ्नसक्ने वरिष्ठ अधिवक्ता न्यौपानेको विश्वास छ।

संविधानविद् डा. भीमार्जुन आचार्यले हालका प्रधानन्यायाधीश पराजुलीले न्यायपालिका सुधारका लागि ३९ बुँदे कार्ययोजना ल्याएर नयाँपन दिनुभएको उल्लेख गर्दै अहिले सर्वोच्च अदालतमा देखिएको सुधारले यसलाई कार्यान्वयनको पक्षमा पनि गएको आफूले अनुभूत गरेको बताउनुभयो।

प्रधानन्यायाधीश पराजुलीले नेतृत्व सम्हाल्नासाथ न्यायपालिकाको सुधारका लागि ३९ बुँदे कार्ययोजना प्रस्तुत गर्नुभएको थियो। सो कार्ययोजनामा अदालतलाई स्मार्ट बनाउने योजनासमेत समेटिएको थियो। संविधानविद् डा. आचार्यले समूहगत सुनुवाइले एउटै प्रकृतिका मुद्दालाई चाँडो टुङ्ग्याउन मद्दत पुग्ने उल्लेख गर्दै यसको शुरुआत गरिएकामा स्वागतसमेत गर्नुभयो।

संवैधानिक इजलासले मुद्दाको सुनुवाइ गर्ने विगतको परम्परालाई प्रधानन्यायाधीश पराजुलीले निरन्तरता दिँदै हप्ताको तीन दिन मंगलबार, बुधबार र शुक्रबार संवैधानिक इजलास तोक्नुभएको छ।

सर्वोच्चले संवैधानिक इजलास हप्ताको तीन दिन तोकेपछि संविधानविद् डा. आचार्यले संवैधानिक इजलासलाई निरन्तरता दिनुपर्ने बताउनुभएको छ।

(क्रमशः पृष्ठ ९ मा)

दोस्रो चरणको निर्वाचन

# सुरक्षा व्यवस्था कडा

ईश्वरराज ढकाल, काठमाडौं

सरकारले भोलि बिहीबार हुने दोस्रो चरणको निर्वाचन लक्षित सुरक्षा व्यवस्था कडा बनाएको छ।

तीन घेराको सुरक्षा व्यवस्थाअनुसार मतदानस्थल, उम्मेदवार र मतदाताको सुरक्षामा खटिएका तीन सुरक्षा निकायले सुरक्षा व्यवस्था कडा बनाएको दाबी गरेको छ।

निर्वाचनमा ६४ हजार २० नेपाली सेना, ६८ हजार ६ सय ७८ नेपाल प्रहरी, ४२ हजार ९१ जना सशस्त्र प्रहरी परिचालित हुनेछन्। त्यसबाहेक हवाई र जमिनबाट गस्ती गर्न छुट्टै सुरक्षाफौज तैनाथ गरिएको छ।

दोस्रो चरणअन्तर्गत प्रतिनिधि र प्रदेशसभाको निर्वाचनमा म्यादी प्रहरीसहित झन्डै २ लाख जनशक्ति परिचालन हुने भएको छ।

दोस्रो चरणको निर्वाचनमा मतदाता, मतदानस्थल र उम्मेदवार धेरै भएकाले पहिलो चरणको भन्दा धेरै सुरक्षाकर्मी परिचालित हुने गृह मन्त्रालयले जनाएको छ। गृह मन्त्रालयका प्रवक्ता नारायण शर्मा दुवाडीले सबै मतदातालाई भयरहित वातावरणमा मतदान गर्न पाउने अधिकार सुनिश्चित गर्न बढी मात्रामा सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'सबै मतदानस्थलमा सुरक्षाकर्मी परिचालित भइसकेका छन्। थप सुरक्षाका लागि रिजर्भ फोर्स तयारी गरेका छौं।' गृहले दाबी गरेको सो जनशक्ति रिजर्भ फोर्ससहित हो। दुवै चरणका निर्वाचनमा करिब ३ लाख सुरक्षाकर्मी परिचालित हुनेछन्। उहाँका अनुसार पछि कुनै घटना भए १० देखि ३० मिनेटभित्र तत्काल उद्धार गर्न 'क्विक रेस्पोन्स टिम' खडा गरिएको छ। निर्वाचनको संघारमा केही घटना भए पनि शान्ति सुरक्षाको व्यवस्था मजबुत रहेको दाबी गर्दै उहाँले भन्नुभयो- 'निर्वाचन बिथोल्नेमाथि कारबाही प्रक्रिया अघि बढाइरहेका छौं।'

यो समूहले घटना घटाएको हो भन्ने विषयमा कुनै निर्क्योल ननिस्किए पनि बम विस्फोट गराउनेमाथि कारबाही थालिएको उहाँको भनाइ थियो। 'हामी यो भन्न चाहन्छौं कि सरकारले भयरहित वातावरणमा मतदान गर्ने अधिकार सुनिश्चित गर्न सबैले सहज वातावरण अपनाउनुपर्छ।' -उहाँले भन्नुभयो।

संविधान र कानुन नमान्नेमाथि कडा कारबाही गर्न सरकारले कुनै कसर बाँकी नराखेको बताउँदै गृह प्रवक्ता दुवाडीले भन्नुभयो- 'सुरक्षाको सबै उपाय अवलम्बन गरेका छौं। ढुक्क भएर मतदान गर्न सबैलाई आग्रह

**सबै मतदान केन्द्र सुरक्षा निकायको नियन्त्रणमा**

गर्दछौं।' उहाँले पहिलो चरणको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुनु नै सुरक्षा निकाय सफल भएको दाबी गर्दै दोस्रो चरणको निर्वाचन पनि शान्तिपूर्णरूपमा सम्पन्न हुने बताउनुभयो।

निर्वाचन अवधिमा सुरक्षा निकायको हवाई गस्ती, पैदल, सादा पोसाक र 'स्कर्टिङ' गर्न छुट्टै सुरक्षाफौज तैनाथ हुने भएका छन्। नेपाल प्रहरी प्रवक्ता डीआईजी मनोज नेउपानेले सबै सुरक्षा निकायले सम्पूर्ण सुरक्षा व्यवस्था मिलाइसकेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'भारतसँग सिमाना जोडिएको स्थानमा नेपाल र भारतको संयुक्त सुरक्षा फौजले हतियारसहित चेकजाँच शुरू गरिएको छ। भारतसँग सिमाना जोडिएका सबै नाकामा उच्च सुरक्षा व्यवस्था गरिएको छ।' उहाँले दुर्गममा घटना भए तत्काल हेलिकोप्टर परिचालन हुने गरी व्यवस्था मिलाइएको जानकारी दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

दोस्रो चरणको निर्वाचन भोलि

# सम्पूर्ण तयारी पूरा : आयोग

सुनील महर्जन, काठमाडौं

भोलि बिहीबार हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको दोस्रो चरणको निर्वाचनको लागि सम्पूर्ण तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ। शान्तिपूर्ण तवरमा निर्वाचन सम्पन्न गर्नु मुख्य चुनौती रहेको बताउँदै आयोगले सोहीअनुरूप व्यवस्थापकीय, सुरक्षा दृष्टिले पनि तयारी पूरा भएको जनाएको छ।

दोस्रो चरणको निर्वाचन ४५ जिल्लामा प्रतिनिधिसभा सदस्यका लागि १ सय २८ निर्वाचन क्षेत्र र प्रदेशसभा सदस्यका लागि २ सय ५६ क्षेत्रका लागि हुनेछ। १५ हजार ३ सय ४४ मतदानमा केन्द्रमा निर्वाचन हुनेछ।

निर्वाचनका लागि आवश्यक मतपेटिका, मतपत्र, स्वस्तिक छाप, मसीलगायतका ६७ प्रकारका निर्वाचन सामग्री सबै मतदान केन्द्रमा पुगिसकेको आयोगले जनाएको छ। सबै मतदान अधिकृत र सहायक मतदान अधिकृतहरू मतदानस्थलमा पुगिसकेका छन्।

कर्मचारीले मतदान केन्द्र बनाउने काम गरिरहेका निर्वाचन आयोगका प्रवक्ता नवराज ढकालको भनाइ रहेको छ।

(क्रमशः पृष्ठ ९ मा)

सुरक्षाको सूचना सरकारसँग बाँडौं,
अस्वस्थ प्रतिस्पर्धा छोडौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**











# उपत्यकामा निर्वाचनको तयारी पूरा

सुरेश तामाङ, काठमाडौं

## काठमाडौं

### क्षेत्र नं. १

प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार नेपाली कांग्रेसबाट प्रकाशमान सिंह र उहाँको प्रतिद्वन्दीका रूपमा वाम गठबन्धनको माओवादी केन्द्रका अनिलकुमार शर्मा हुनुहुन्छ । यस क्षेत्रमा ७ जना स्वतन्त्र उम्मेदवारसहित १५ जनाले प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिएका छन् । यस भेत्रमा प्रदेश 'क' बाट २४ हजार ७ सय ५७ जना मतदाताले मतदान गर्दै छन् भने १७ हजार ६ सय ७३ जनाले मतदान गर्दै छन् ।

### क्षेत्र नं. २

काठमाडौं क्षेत्र नं. २ बाट नेपाली कांग्रेसका तर्फबाट दीपकप्रसाद कुइँकेल, वाम गठबन्धनबाट माधवकुमार नेपाल, विवेकशील साझा पार्टीका सूर्यराज आचार्यलगायतले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिनुभएको छ । यस क्षेत्रमा ६ जना स्वतन्त्रसहित २४ जना उम्मेदवार हुनुहुन्छ । यस क्षेत्रमा ३० हजार २ सय २२ जनाले प्रदेश 'क' का लागि मतदान गर्दै छन् भने प्रदेश 'ख' का लागि ४४ हजार ५ सय ३४ जना मतदाताले मतदान गर्दै छन् ।

### क्षेत्र नं. ३

यस क्षेत्रमा नेपाली कांग्रेसका तर्फबाट अम्बिका बस्नेत, वाम गठबन्धनका तर्फबाट एमालेका कृष्णबहादुर राईलगायतले प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिनुभएको छ । यस क्षेत्रमा ३ स्वतन्त्र उम्मेदवारसहित १७ जनाको प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी परेको थियो । यस क्षेत्रमा प्रदेश 'क' बाट २१ हजार ४ सय ८० मतदाताले मतदान गर्दै छन् भने प्रदेश 'ख' बाट ३२ हजार ३ सय ४४ मतदाताले मतदान गर्दै छन् ।

### क्षेत्र नं. ४

यस क्षेत्रमा प्रतिनिधिसभा सदस्यका लागि नेपाली कांग्रेसका गगनकुमार थापा, वाम गठबन्धनबाट एमालेका राजन भट्टराईलगायतको उम्मेदवारी परेको थियो । ६ स्वतन्त्रसहित २१ जनाको उम्मेदवारी परेको थियो । यस क्षेत्रमा प्रदेश 'क' बाट ३० हजार ४ सय ९६ मतदाताले मतदान गर्दै छन् भने प्रदेश 'ख' बाट ३२ हजार ७ सय १९ मतदाताले मतदान गर्दै छन् ।

### क्षेत्र नं. ५

यस क्षेत्रमा नेपाली कांग्रेसका प्रकाशशरण महत, वाम गठबन्धनको तर्फबाट एमालेका ईश्वर पोखरेललगायतले उम्मेदवारी दिएका छन् । यस क्षेत्रमा ३ स्वतन्त्र उम्मेदवारसहित २० जनाले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका थिए । यस क्षेत्रमा प्रदेश 'क' बाट २५ हजार ८ सय ६२ जना मतदाताले मतदान गर्दै छन् भने प्रदेश 'ख' बाट ३८ हजार ६ सय ८८ जना मतदाताले मतदान गर्दै छन् ।

### क्षेत्र नं. ६

यस क्षेत्रमा नेपाली कांग्रेसका भीमसेनदास प्रधान, वाम गठबन्धनको माओवादी केन्द्रका झक्कुप्रसाद सुवेदीलगायतले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका थिए । ३ स्वतन्त्रसहित १५ उम्मेदवारले उम्मेदवारी दिएका थिए । यस क्षेत्रमा २६ हजार ४५ जना मतदाताले प्रदेश 'क' बाट मतदान गर्दै छन् भने प्रदेश 'ख' बाट ३२ हजार १ सय ४२ जना मतदाताले मत हाल्दै छन् ।

### क्षेत्र नं. ७

लोकतान्त्रिक गठबन्धनको राप्रपाबाट विक्रम थापा, वाम गठबन्धनको एमालेबाट रामवीर मानन्धर, विवेकशील साझा पार्टी नेपालकी अनुपा श्रेष्ठ, नयाँ शक्ति पार्टी नेपालका ईश्वर रिजाललगायतले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका छन् । यस क्षेत्रमा प्रतिनिधिसभा सदस्यका लागि ३ स्वतन्त्रसहित १४ जनाको उम्मेदवारी परेको थियो । यस क्षेत्रमा ३७ हजार ७ सय २० जना मतदाताले प्रदेश 'क' बाट मतदान गर्दै छन् भने प्रदेश 'ख' बाट १९ हजार ८ सय ३८ जनाले मतदान गर्दै छन् ।

### क्षेत्र नं. ८

यस क्षेत्रमा नेपाली कांग्रेसका नवीन्द्रराज जोशी, वाम गठबन्धनको एमालेका जीवनराम श्रेष्ठसहित ९ जना उम्मेदवारले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका छन् । यस क्षेत्रमा ३० हजार ५ सय ७० मतदाताले प्रदेश 'क' बाट मतदान गर्दै छन् भने प्रदेश 'ख' बाट १९ हजार ५ सय १८ जनाले मतदान गर्दै छन् ।

### क्षेत्र नं. ९

यस क्षेत्रमा नेपाली कांग्रेसका ध्यानगोविन्द रञ्जित, वाम गठबन्धनका एमालेबाट कृष्णगोपाल श्रेष्ठलगायतको उम्मेदवारी परेको थियो । १ स्वतन्त्रसहित १३ जनाको प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी परेको थियो । यस क्षेत्रमा प्रदेश 'क' बाट ३५ हजार २ सय ९६ जना मतदाताले मत हाल्दै छन् भने प्रदेश 'ख' बाट ३२ हजार ३ सय ५५ जनाले मतदान गर्दै छन् ।

### क्षेत्र नं. १०

यस क्षेत्रमा नेपाली कांग्रेसका राजेन्द्रकुमार केसी, वाम गठबन्धनबाट माओवादी केन्द्रका हितमान शाक्यलगायतले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका छन् । यस क्षेत्रमा १ स्वतन्त्रसहित १५ जनाले उम्मेदवारी दिएका छन् । यस क्षेत्रको प्रदेश 'ख' बाट ४६ हजार २ सय ७९ जना मतदाताले मतदान गर्दै छन् भने प्रदेश 'ख' बाट २४ हजार ९ सय २२ जनाले मत हाल्दै छन् ।

## भक्तपुर

### क्षेत्र नं. १

यस क्षेत्रमा नेपाली कांग्रेसका बाबुराजा जोशी, वाम गठबन्धनबाट माओवादी केन्द्रका मिलन सुवाल, नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाललगायतको प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी परेको थियो । ३ स्वतन्त्रसहित ९ जनाले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका थिए । यस क्षेत्रको प्रदेश 'क' बाट ४३ हजार ५ सय ५२ जना मतदाताले मतदान गर्दै छन् भने ५० हजार ६ सय १२ जना मतदाताले प्रदेश 'ख' बाट मतदान गर्दै छन् ।

### क्षेत्र नं. २

यस क्षेत्रमा नेपाली कांग्रेसका दमननाथ ढुंगाना, वाम गठबन्धनबाट एमालेका महेश बस्नेत, नेपाल मजदुर किसान पार्टीका अनुराधा थापामगरलगायतले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका थिए । ३ स्वतन्त्रसहित १३ जना उम्मेदवारले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका थिए । यस क्षेत्रको प्रदेश 'क' बाट ४४ हजार ८९ जना मतदाताले मतदान गर्दै छन् भने प्रदेश 'ख' बाट ३९ हजार ८ सय ४४ जनाले मत हाल्दै छन् ।

## ललितपुर

### क्षेत्र नं. १

यस क्षेत्रमा नेपाली कांग्रेसबाट उदयशमशेर जबरा, वाम गठबन्धनबाट एमालेका नवराज सिलवाललगायतले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका थिए । ९ स्वतन्त्रसहित २१ जना प्रतिनिधिसभामा उम्मेदवारी दिएका हुन् । यस क्षेत्रको प्रदेश 'क' बाट ३२ हजार ८ सय ३२ जना मतदाताले मतदान गर्दै छन् भने प्रदेश 'ख' बाट ३३ हजार ८६ जनाले मतदान गर्दै छन् ।

### क्षेत्र नं. २

यस क्षेत्रमा नेपाली कांग्रेसका चन्द्र महर्जन, वाम गठबन्धनबाट एमालेका कृष्णलाल महर्जनलगायतले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका छन् । २ स्वतन्त्रसहित १३ जना प्रतिनिधिसभा सदस्य उम्मेदवारी दिएका छन् । यस क्षेत्रको प्रदेश 'क' बाट ३७ हजार २ सय ९६ जना मतदाताले मतदान गर्दै छन् भने प्रदेश 'ख' बाट ३८ हजार ६ सय ८५ जनाले मतदान गर्दै छन् ।

### क्षेत्र नं. ३

यस क्षेत्रमा नेपाली कांग्रेसका मदनबहादुर अमात्य, वाम गठबन्धनका साझा उम्मेदवार माओवादीका पम्फ भुसाललगायतले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका थिए । २ स्वतन्त्रसहित १३ जना उम्मेदवारले प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिएका छन् । यस क्षेत्रमा ४४ हजार ६ सय ८४ जनाले प्रदेश 'क' बाट मतदान गर्दै छन् भने प्रदेश 'ख' बाट ४१ हजार ७ सय ५५ जनाले मतदान गर्दै छन् ।

# तीन घेराको सुरक्षामा मतपेटिका

## कार्यकर्ताको २४ घण्टे पहरेदारी

नानीराम नेपाल, सिन्धुपाल्चोक






प्रतिनीधिसभा तथा प्रदेशसभा निर्वाचनमा सिन्धुपाल्चोकमा १ लाख ५५ हजार ३ सय ६४ मत खस्यो । क्षेत्रगतरूपमा हेर्दा प्रतिनीधिसभा १ नम्बर क्षेत्रमा ७८ हजार ७ सय ४९ मत खसेको छ भने २ नम्बर क्षेत्रमा ७६ हजार ६ सय १५ मत खसेको छ ।

क्षेत्रगतरूपमा खसेको मताङ्क हेर्दा प्रतिनिधिसभाको चुनाव जित्नका लागि उमेदवारहरुलाई ३७ हजारको हाराहारीमा मत आवश्यक देखिन्छ । मूलतः जिल्लामा दुई गठबन्धनका बीच मात्रै निर्वाचन भएको हो भन्दा फरक पर्दैन । अन्य विभिन्न साना दल तथा स्वतन्त्र उम्मेदवारी दर्ता भए पनि सिन्धुपाल्चोकमा वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धनबीच प्रतिस्पर्धा हुने अवस्था रहेको छ । दुई गठबन्धनमध्ये ३७ हजार हाराहारीको मत ल्याउने उम्मेदवारले जिल्लाका दुवै क्षेत्रमा जित्ने देखिन्छ । विगतका निर्वाचनको मतपरिणाम हेर्दा कुल खसेको मतमध्ये ३ प्रतिशत हाराहारीको मत साना दल तथा स्वतन्त्र उम्मेदवारले पाउनेछन् । यसपटक प्रत्यक्षतर्फको मत कमै मात्र बदर हुने अनुमान गर्न सकिन्छ । गठबन्धनले प्रत्यक्षतर्फ एउटामात्रै चुनाव चिहन लिएका कारण पनि प्रत्यक्षतर्फको मत कम मात्रै बदर हुने देखिएको हो ।

मत गणना शुरु हुन २ दिनमात्र बाँकी रहँदा जिल्लामा दुवै गठबन्धनले जितको दाबी गरिरहेका छन् । जिल्लाका दुवै क्षेत्रमा आफ्ना उम्मेदवार जित्ने लोकतान्त्रिक गठबन्धनको दाबी छ भने दुवै क्षेत्रमा ५ हजार भन्दा बढी मतान्तरले जित्ने वाम गठबन्धनले दाबी गरिरहेको छ । जिल्लामा राम्रै पकड जमाएका दुई वाम एमाले र माओवादी केन्द्रबीचको गठबन्धन भएपछि वाम उम्मेदवार अग्निप्रसाद सापकोटा र शेरबहादुर तामाङ ५ देखि ७ हजारको मतान्तरले चुनाव जित्ने दाबी गरिरहेका छन् । जिल्लामा बलियो संगठनकै आधारमा उनीहरु चुनाव जित्नेमा ढुक्क देखिएका छन् । तर, गठबन्धनमा अन्तर्घातको ठूलो डर भने उनीहरुलाई छ । अन्तर्घात भए सापकोटा र तामाङले सोचेजस्तो चुनावी परिणाम आउने छैन । सांगठनिक आधार बलियो भए पनि उनीहरुले हारे भने अन्तर्घातकै कारणले हार्ने हुन् । तर, स्थानीय तह निर्वाचनका तुलनामा ७ प्रतिशले कम मत खसेपछि मतान्तर घट्न सक्ने उनीहरुको बुझाइ छ । अर्कातिर लोकतान्त्रिक गठबन्धनका उम्मेदवार मोहनबहादुर बस्नेत र पशुपतिशमशेर राणा पनि जितको दाबी गरिरहेका छन् । वाम गठबन्धनभित्र अन्तर्घातको अनुमान र आशासहित उनीहरु चुनाव जित्ने दाबी गरिरहेका छन् । त्यसमाथि स्थानीय तहकै अनुपातमा मत नखसेका कारण पनि लोकतान्त्रिक गठबन्धनलाई जितका लागि सहज भएको उनीहरुको बुझाइ छ । सिन्धुपाल्चोकमा लोकतान्त्रिक गठबन्धनले प्रतिनिधिसभामा जित्ने मुख्य आधार वामभित्रको अन्तर्घात नै हो । लोकतान्त्रिक गठबन्धनका उम्मेदवार बस्नेत र राणाले चुनाव जित्ने दाबी गरिरहँदा उनीहरु दुवै जनालाई अन्तर्घातकै भर गरेर नतिजा कुरिरहेका छन् । तर, गठबन्धनभित्र अन्तर्घात नभएको अवस्थामा जिल्लामा वाम गठबन्धनले नै विजयको झण्डा फहराउने देखिन्छ । वाम गठबन्धनभित्र अन्तर्घात भएको अवस्थामा लोकतान्त्रिक गठबन्धनले जित निकाल्न सक्छ ।

कार्यकर्ताको २४ घण्टे पहरेदारी

मंसिर १० मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मतपेटिका जिल्ला कृषि विकास कार्यालयको नवनिर्मित भवनमा भण्डारण गरेर राखिएको छ । निर्वाचन सम्पन्न भएलगत्तै मतगणना नभएपछि कृषि विकास कार्यालयको भवनमा राखिएको मतपेटिका सुरक्षा निकायका तीन घेराको सुरक्षामा छ । सुरक्षा निकायले मतपेटिकाको सुरक्षाका लागि २४सै घण्टा जनशक्ति परिचालन गरिरहेको छ भने अर्कातिर जनमतमाथि कुठाराघात हुने डरले दलका नेता तथा कार्यकर्ता पनि २४सै घण्टा पहरेदारी गरिरहेका छन् ।

जिल्ला कृषि विकास कार्यालय परिसरमा दुई वटा टेन्ट राखिएको छ, त्यही टेन्टभित्र दलका प्रतिनिधिहरु रात कटाउँदै आएका छन् । मतपेटिका राखिएको भवनको मूलगेटमा ४ वटा ताल्चा लगाइएको छ, झयालहरुमा प्लाई ठोकिएको छ । मतपेटिका भण्डारणपछि मुख्य निर्वाचन अधिकृतको कार्यालयले कृषि विकास कार्यालयको मूलगेटमा ताल्चा लगाएको थियो । थप सुरक्षाका लागि भन्दै केही दिनअघि राजनीतिक दलहरुले पनि छुट्टाछुट्टै ताला लगाएका छन् । २१ गते दोस्रो चरणको निर्वाचन सम्पन्न भएपछि सोही दिन साँझ ५ बजे देखि यहाँको मतगणना शुरू गरिने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी



# मतदान सिकाउन ७७ जिल्ला पुगेर २० भाषामा नाटक मञ्चन

भोलि बिहीबार हुने दोस्रो चरणको निर्वाचन शिक्षाका लागि जिल्ला जिल्लामा मञ्चन गरिँदै आएको नाटक *महादान*को प्रदर्शन समापन भएको छ। ४५ जिल्लामा पुगेका २२ नाट्य टोलीले सडक नाटक *महादान* सोमबार प्रदर्शन समापन गरेका हुन्।

निर्वाचन आयोगको आयोजना, सांस्कृतिक संस्थानको संयोजन र आरोहण गुरुकूलको सहकार्यमा प्रस्तुत हुँदै आएको नाटकमार्फत् कलाकारहरुले सम्बन्धित क्षेत्रमा निर्वाचन कसरी गर्ने, आफ्नो मतको सदुपयोग कसरी हुन्छ, निर्वाचन कसका लागि लगायतका विषयमा *महादान*मार्फत् जनचेतना फैल्याए।

यसअगाडि गत १० मंसिरको पहिलो चरणको निर्वाचनलाई मध्यनजर गर्दै २० नाट्य टोली ३२ जिल्लामा खटिएका थिए। ती टोलीले नाटक *महादान* मञ्चन सफलतापूर्वक सम्पन्न गरेलगतै दोस्रो चरणको निर्वाचनका लागि नाट्य टोली ८ मंसिरबाटै मञ्चमा उतारिएको सांस्कृतिक संस्थानमा महाप्रबन्धक राजेश थापाले जानकारी गराए। 'दुवै चरण गरेर मतदाता शिक्षा नाटक *महादान* कूल ७७ जिल्लाको सबै स्थानीय निकायमा मच्चन भएको छु महाप्रबन्धक थापाले भने '*महादान*मार्फत् मतदान शिक्षा फैलाउन हामी सफल भयौं।' थापाका अनुसार स्थानीय कलाकार परिचालन गरिएको नाटक मञ्चनका क्रममा नेपालीसहित विभिन्न स्थानीय भाषामा नाटक देखाइएको थियो। 'स्थानीय भाषालाई समेत जोड्ने हो भने करिब २० भाषामा नाटक महादान मञ्चन भएको छ' -थापाले भने। मतदाता शिक्षाका लागि हिमाली तथा पहाडी



जिल्लामा खटिएका विभिन्न नाट्य टोलीमध्ये केहीले ५ दिनसम्मको लगातार पैदल यात्रा गरी नाटक मञ्चन गरेका थिए भने केही टोलीले एक स्थानबाट अर्को स्थानमा नाटक प्रदर्शन गर्न जाँदा दिनभर पैदल यात्रासमेत गर्नुपरेको पर्‍यो।

गत २७ कात्तिकबाट शुरु भएको नाटक २२ दिन आर्थात् १८ मंसिरसम्म मञ्चन भएको छ। यो अवधिमा करिब २ लाख ५० हजार दर्शकले प्रत्यक्ष नाटक *महादान* हेरेर मतदाता शिक्षा लिएको संस्थानका महापबन्धक थापाले बताए।

अन्तिम दिन सोमबार पनि नाटक *महादान* विभिन्न जिल्लामा मञ्चन गरियो। सोमबार प्रदेश १ को सुनसरीस्थित चार स्थानीय क्षेत्रमा नाटक मञ्चन गरियो। आरोहण गुरुकूलले सुनसरीको दुहवी नगरपालिकाको दुहवी, इनरुवा नगरपालिकाको इनरुवाबजार, रामधुनी नगरपालिकाको झुम्का बजार र इटहरी उपमहानगरपालिकाको खनार बजारमा नाटक मञ्चन गरिएको टोलीका निर्देशक दीपेश भण्डारीले बताए। यसै गरी भञ्याङ नाट्य समूहले आइतबार र सोमबार उदयपुरको विभिन्न स्थानमा महादान मञ्चन गरेको छ। उनीहरुले कटारी नगरपालिकाको कटारी बजार, सुनकोशी गाउँपालिकाको बराहा, त्रियुगा नगरपालिकाको गाईघाट बजार, चौदण्डीगढी नगरपालिकाको बेल्टार, बेलखा नगरपालिकाको तपेश्वरी आम्बासी, रौतामाई गाउँपालिकाको मुर्कुची र काली गाउँपालिकाको रुपाटारीमा नाटक प्रस्तुत गरे।

प्रदेश २ को बारामा पनि सोमबार नाटक मञ्चन भयो। जिल्लाको पर्वानीपुर गाउँपालिकाको बुनियार, पर्सौनी गाउँपालिकाको पुटनाजब्दी र कलैया उपमहानगरपालिकाको इनरुवा टोलमा गढीमाई नाट्य समूहले नाटक प्रदर्शन गरेको छ। यी स्थानमा नेपाली, भोजपुरी र थारु भाषामा नाटक देखाइएको नाट्य टोलीका प्रमुख रामलोचनले जानकारी गराए। प्रदेश ३ को सिन्धुलीस्थित गोलन्जोर गाउँपालिकाको खनियाँखर्क, घ्याङलेख गाउँपालिकाको खट्टारमा नाटक मञ्चन गरियो। प्रदेश ४ को तनहुँ पुगेको भिक्टोरिया नाट्य समूहले त्यहाँस्थित ब्यास नगरपालिकाको बिसघरे, घिरिङ गाउँपालिकाको देउराली र रिसिङ गाउँपालिको गोठादीमा नाटकमार्फत् निर्वाचन शिक्षा बाँडेको टोली नेता संगम कायस्थले बताए।

त्यस्तै प्रदेश ५ को पाल्पा पुगेको सांस्कृतिक संस्थानको रमेश केसी मट्टारे नेतृत्वको टोलीले जिल्लास्थित मिस्सी गाउँपालिकाको मितेल बजार र रामपुर नगरपालिकाको बेदहाड बजारमा नाटक मञ्चन गर्‍यो। प्रदेश ७ को डडेलधुरस्थित ज्ञानपुरधारा गाउँपालिकाको भातकाडा, आलिताल गाउँपालिकाको घरेलु गाउँ, परशुराम नगरपालिकाको जोगबुढा बजारमा सुप सांस्कृतिक मञ्चले पश्चिमेली भाषामा नाटक मञ्चन गरेको छ।

# राखीको प्रवर्द्धन शैली



बलिउड अभिनेत्री, नृत्यंगना तथा मोडल राखी सावन्त बारम्बार समाचारमा आइरहन चाहने सेलिब्रेटीका रूपमा चिनिन्छिन्। विवादास्पद टिप्पणी र खुलस्त विचार राख्ने राखी यतिखेर बिब्वाई कन्डमको विज्ञापनलाई लिएर चर्चामा छिन्।

राखीले देशलाई अधिक मात्रामा कन्डमको विज्ञापन र प्रचारको जरुरी रहेको जनाउँदै कन्डमको समर्थन गर्नु एक प्रकारको सामाजिक गतिविधि भएको बताएकी छिन्। 'बेब्वाई कन्डमको विज्ञापनमा खेल्न पाउँदा म निकै खुसी छु। कन्डमको विज्ञापनले नै यौन रोगीहरुको संख्या कम गर्न मद्दत गर्दछ। मलाई थाहा छैन अरुले मलाई कसरी न्याय गर्छन् तर मेरा लागि यो एउटा सामाजिक कामभन्दा कम छैन' -राखीले इन्स्टाग्राममा लेखेकी छिन्।

यौनको विषयलाई लज्जास्पद विषयका रूपमा लिन नहुने जनाउँदै राखीले बलात्कारसँग जोडिएका सबै घटनालाई रोक्न पनि कन्डमले मद्दतकारी भूमिका खेल्ने बताइन्। उनले आफ्नो विज्ञापनलाई गम्भिरताका साथ लिएकी छिन्। तर रोचक कुरा के छ भने, सामाजिक सञ्जाल इन्स्टाग्रामलाई राखीले प्रमोसन गर्ने माध्यमका रूपमा लिएकी छिन्। उनले कस्ताकस्ता टिप्पणीको सामना गर्नुपर्ला, त्यो चाहिँ समयले नै बताउनेछ।

# शम्भुजित हङकङमा सम्मानित



चाँगे धर्ती आमा कोष, हङकङले हङकङमै आयोजित एक कार्यक्रमका बीच लोकप्रिय संगीतकार, गीतकार, गायक एवं नेपाल संगीत तथा नाट्य प्रतिष्ठानका उपकुलपति शम्भुजित बासकोटालाई सम्मान गरेको छ।

मानवीय कर्मका लागि हङकङ पुगेका छोरीचेलीहरुले सञ्चालन गर्दै आएको कोषले त्यहाँ आयोजित *सुमधुर सांगीतिक सौगता २०१७* कार्यक्रममा बासकोटालाई उनले नेपाली गीतसंगीतको क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै सम्मान गरेको हो।

आर्थिक अभावमा गुज्रिरहेका बिरामीको पुर्नजीवनका लागि आयोजित कार्यक्रममा बासकोटाका साथमा नायिका केकी अधिकारी आकर्षणको केन्द्र थिइन्। कार्यक्रममा बासकोटाले आफूले संगीत भरेका र गाएका आधा दर्जन लोकप्रिय गीत गाएर हङकङबासी नेपालीको मन जितेका थिए। नायिका अधिकारीले फिल्मी गीतमा नृत्य गरी मनोरञ्जन प्रदान गरेकी थिइन् भने हास्य कलाकार शेरबहादुर गुरुङले कमेडी प्रस्तुत गरी हसाएका थिए। उनले जादुसमेत प्रस्तुत गरेका थिए। गायिका प्रकृति थुलुङ र केन्जल मेहर श्रेष्ठले गीतसंगीतमार्फत् मनोरञ्जन प्रदान गरेका थिए।





सम्मान चलचित्रको
उत्सव उत्कृष्टताको

CG Entertainment
Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्डस् २०७४

मन परेको फिल्म र फिल्मकर्मीलाई
SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: RUSLAN 100% PURE MOVIES
OFFICIAL BANK: prabhu bank

ASSOCIATE SPONSOR:
NIC ASIA एन आई सी एशिया बैंक लि.
IME International Money Express Fast, Reliable And Secure Remittance
KILOMETER

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

**विधाः सर्वोत्कृष्ट चलचित्र**
छक्का पञ्जा
Type KFA space space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

**विधाः सर्वोत्कृष्ट निर्देशक**
सुवर्ण थापा – बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल – चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी – गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी – के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत – लुट-२
Type KFA space 2E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेता**
दयाहाङ राई – वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी – गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की – जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती – निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल – शब्द
Type KFA space 3E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेतृ**
प्रियंका कार्की – छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा – डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत – जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी – लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना – निर्भय
Type KFA space 4E & send to 32722

**विधाः सर्वोत्कृष्ट खलपात्र**
ध्रुव कोइराला – बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा – वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी – छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल – जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया – पलाँस
Type KFA space 5E & send to 32722

**विधाः सर्वोत्कृष्ट हास्य कलाकार**
केदार घिमिरे – छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा – जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई – लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत – गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ – छक्का पञ्जा
Type KFA space 6E & send to 32722

**विधाः सर्वोत्कृष्ट संगीतकार**
ताराप्रकाश लिम्बु – वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी – छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा – लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल – निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा – राधा/छपक्कै
Type KFA space 7E & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायक**
ताराप्रकाश लिम्बु – वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी – छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले – छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास – के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं – पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वस्थ्पराज आचार्य – शब्द/हरपल
Type KFA space 11F & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायिका**
जलजला परियार – बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य – हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त – किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला – लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई – राधा/छपक्कै
Type KFA space 10E & send to 32722

**विधाः लक्स पपुलर च्वाइस अवार्ड**
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

# विचार

असफल भएपछि तपाईं निराश
हुन सक्नुहुन्छ। यदि तपाईंले
कोशिश गर्नुभएन भने त झन्
नोक्सान नै हुन्छ।
– बेवर्ली सिल्स

सफल मान्छेहरु महान्
काम गर्दैनन्, तर उनीहरु
स-साना कामलाई महान्
ढंगले गर्छन्।
– हेनरी

## सम्पादकीय

नेपाल समाचारपत्र

# निर्वाचनलाई भयरहित बनाऊ

प्रतिनिधिसभा र प्रदेशसभाको पहिलो चरणको निर्वाचन सम्पन्न भएको छ। दोस्रो चरणको निर्वाचनमा मतदान गर्न मतदाता तयारी अवस्थामा रहेका छन्। निर्वाचनको प्रचारप्रसारको कार्यक्रम सम्पन्न भएर मौन अवधि शुरु भएको छ। यता निर्वाचनको क्रममा शृङ्खलाबद्धरुपमा उम्मेदवार लक्षित बम विस्फोटका घटनाले आममतदातालाई त्रसित बनाउने काम गरेको छ। बम विस्फोटमा परी एकजनाको निधन भएको छ भने दर्जनौं घाइते भएका छन्। बम विस्फोटनको जिम्मेवारी अहिलेसम्म कसैले पनि लिएको छैन। सरकारले विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले गरेको भन्दै दर्जनौं नेता तथा कार्यकर्तालाई गिरफ्तार गरेको छ, तर पनि घटना बढिरहेको छ।

निर्वाचनको प्रचारप्रसार शुरु भएलगत्तै उम्मेदवारलाई लक्षित गरेर बम विस्फोट गराएपछि यसले निर्वाचनको सुरक्षाप्रति ठूलो आशंका जन्माएको छ। निर्वाचनलाई स्वतन्त्र, भयरहित, निष्पक्ष बनाउनु सरकारको दायित्व र कर्तव्य हो। सरकारले बम हान्नेको पहिचान भइरहेको भन्दाभन्दै निर्वाचनको प्रचारप्रसार सम्पन्न भएको छ। तर अझै पनि ढुक्क हुने अवस्था छैन।

उम्मेदवार र सर्वसाधारणको ज्यान नै लिने गरी बम विस्फोट गराउँदासमेत प्रभावकारी सुरक्षा व्यवस्था गर्न नसक्नु सरकारको कमजोरी हो। आपराधिक समूहले राजधानी काठमाडौंमा नै दिनहुँ बम राखेर हैरान पारेको छ। सुरक्षा प्रदान गर्ने सवालमा सुरक्षा निकाय किन चुक्यो ? भरपर्दो सुरक्षा व्यवस्था गर्न किन सकेन ? सुरक्षा निकायले बम राख्ने समूहको पहिचान किन गर्न सकेन ? सुरक्षा निकायअन्तर्गत रहेका संयन्त्रले पनि किन प्रभावकारी भूमिका निर्वाह गर्न सकेनन् ? बम राख्नुपूर्व नै आपराधिक समूहलाई किन नियन्त्रणमा लिन सकिएन ? धेरै प्रश्न सुरक्षा निकायमाथि तेर्सिएका छन्। गृह मन्त्रालयको समेत जिम्मेवारी सम्हाल्नुभएका प्रधानमन्त्री शेरबहादुर देउवाले कडाइपूर्वक निर्देशन नदिंदाको परिणाम हो कि ? सरकारले भरपर्दो सुरक्षा व्यवस्था प्रदान गर्न नसकेकोप्रति आमनागरिकले सरकारमाथि प्रश्न गरिरहेका छन्।

घोषितरुपमा कुनै पनि राजनीतिक दल र समूहले बम विस्फोट गराएको जिम्मेवारी लिएको छैन। सरकार भने विप्लव नेतृत्वको कम्युनिस्ट पार्टीले गरेको भन्दै दोष थोपर्दै आएको छ। कतै विप्लवको नाममा आपराधिक समूहले शृङ्खलाबद्धरुपमा बम विस्फोट गराएको त होइन ? निर्वाचनमा भरपर्दो सुरक्षा व्यवस्था प्रदान गर्नु सरकारको पहिलो काम हो। कुनै पनि बहानाबाजी बनाएर यो दायित्वबाट सरकार पन्छिन मिल्दैन। निर्वाचनलाई निष्पक्ष, भयरहित र स्वतन्त्ररुपमा सम्पन्न गराउन सरकारले सबै प्रकारका कदम चाल्नुपर्छ। मतदाताले निर्धक्क भएर मतदान केन्द्रसम्म गएर स्वतन्त्रपूर्वक मतदान गर्न पाउने व्यवस्था सरकारले गर्नै पर्छ। साथै शृङ्खलाबद्धरुपमा बम विस्फोट गराउने आपराधिक समूहलाई पक्राउ गरी दोषीमाथि कडा कारबाही गर्न सरकार कुनै हालतमा पछि पर्नुहुँदैन।

# नउठेका एजेन्डा र चुनावी विश्लेषण



पेशल आचार्य

“ जुवाको खाल भएको छ देश अनि जुवाडे भएका छन् सबै नेताहरू। देखावटीमा मात्र विदेशी एजेन्डा कम र नेपाली एजेन्डा बढी प्रचारमा आएका छन् तर भित्री पाटो त्यस्तो हुन्न। भित्र अनेकौं चक्रव्यूह रचना गरेर षड्यन्त्रका तानाबाना बुनिएका छन्। ठूला-ठूला जाल बिच्छ्याइएका छन्। डरलाग्दो कुरा त अहिले अकूत धनराशिको दोहन गरेर यो चुनाव पद्धतिलाई नै पार्टीहरूले महँगो तुल्याइदिएका छन्। ”

चुनावी घनचक्करमा छ देश। करिब ५० अर्बको चुनावी उद्योगले देशैलाई थाङ्थिलो बनाएको छ। नेता, कार्यकर्ता, समर्थक र आम भोटर बेफुर्सदी रफ्तारमा बढेका छन्। चुनावका डिजाइनहरूमध्ये देशी र विदेशी तत्वमै पनि न दिनको भोक, न रातको निद्रा भएको अवस्था छ। चुनाव आयोग र सरकार मात्र क्रियाशील छैनन्, यतिखेर नेपालस्थित केही एम्बेसीसमेत चुनावमा राम्रै गरी लागेका छन्। यसैलाई शायद 'ओपन सेक्रेट' पनि भनिन्छ।

यस्तो लाग्छ, जुवाको खाल भएको छ देश अनि जुवाडे भएका छन् सबै नेताहरू। देखावटीमा मात्र विदेशी एजेन्डा कम र नेपाली एजेन्डा बढी प्रचारमा आएका छन् तर भित्री पाटो त्यस्तो हुन्न। भित्र अनेकौं चक्रव्यूह रचना गरेर षड्यन्त्रका तानाबाना बुनिएका छन्। ठूला-ठूला जाल बिच्छ्याइएका छन्। डरलाग्दो कुरा त अहिले अकूत धनराशिको दोहन गरेर यो चुनाव पद्धतिलाई नै पार्टीहरूले महँगो तुल्याइदिएका छन्। आदर्शवादी नेताको सानो खर्चमा निष्ठाको भारी अब बेकम्मा भयो। पाएको टिकट पनि बिक्री गर्न बाध्य छन् कतिपय नेताहरू। अर्कातिर समानुपातिकका टिकटहरू टेन्डरमा राखिएका खबरसमेत अखबारी चर्चामा आए।

वाम र लोकतान्त्रिक गठबन्धनका नाममा एकातिर जनता रनभुल्ल छन् भने अर्कातिर ठूला नेता जिताउनकै लागि चुनावी 'म्याच फिक्सिङ' का कथाहरू पनि पत्रिकामा छताछुल्ल भई पोखिए। आचारसंहिता उल्लंघनमा भने शक्तिशालीले ह्याकुलाले पेल्दा जनता रनभुल्लमा परे। कुन पार्टी, नेता, समूह, गठबन्धन र विचारका कुरा सुनौं ? चियापसल, घर, खेत, बारी, कान्ला र घाँसपरालमा समेत नेता यतिखेर सजिलै उपलब्ध भएका छन्, चुनाव जितेपछि ती पाँच वर्षका लागि 'सट्कदम' हुन्छन्। जुन बेला जनतालाई नेताको अति खाँचो पर्छ त्यो बेला नेता स्यालको सिङझैं हराउँछन्। यतिखेर भने कोठा, चोटा, फोटा अनि गफमा, सपमा र हाँफझाँफ शैलीमा नेता उपलब्ध छन्। माला, खादा र अबिरको बेजात्रा देखिन्छ।

भ्रष्टाचार नै अहिले नेपाली नेताहरूको सदाचार भएको छ। मन्त्री भएर नीतिगत भ्रष्टाचार गर्न पावरवालाहरूलाई उक्साउने अनि देशी-विदेशी कम्पनी, व्यापारी, नाफाखोर, जम्माखोर, कमिसनचोर, डन र धनवादी माफिया, कालोबजारी, दलाल र बिचौलियाहरूका हजुरमा ज-जसले गतिलो सेवा पुऱ्याउन सक्छ, जो ती अदृश्य शक्तिकेन्द्रका गतिला आज्ञाकारी अनुचर हुनसक्छन्, उही नै समाजमा 'नेतारुपी मास्क' लगाएर साइँदुवा र पानीमाथिको ओभानो बनी जनताका सपनामा दाइँ गर्दै देशैको नेता र पार्टीको मसिहा बन्छ।

नेपालमा यी भन्दा सजिला नेता बन्ने बाटाहरू सबै बन्द भए। वरिष्ठ पत्रकार पुष्करलाल श्रेष्ठका शब्दमा 'निकृष्ट मानिसहरूको अन्तिम लक्ष्य भनेकै राजनीति हो।' यो भनाइमा अतुल पीडा र तीतो सत्य लुकेको छ, जसको विश्लेषण एकछिन् र एकदिनमा हुँदैन, वर्षौंवर्ष लाग्न सक्छ।

जनताका अन्तहीन दु:ख दोहन गर्न यतिखेर नेपालमा विकासे पुनर्जागरण आवश्यक छ। स्वास्थ्य, शिक्षा, सडक, विद्युत्, टेलिफोन, स्मार्ट सिटी, मोनो रेल र केबुलकार हाम्रा जीवन गतिलाई उच्च प्रवाहमान् गर्ने साधन हुन सक्छन् तर सम्पूर्ण देशभक्त, व्यवस्थाप्रेमी, इमानदार र आज्ञाकारी जनजनले चाहेको भ्रष्टाचार, अनाचार, दुराचार, व्यभिचार र पापाचार मुक्त समाज नै हो। जहाँ राज्य अभिभावक बनोस् र जनता परिवारका परिश्रमी सदस्य बनून्। देशैभरिका चुनावी क्षेत्रका सबै नेता र कार्यकर्ताहरू मूल्याङ्कनको कसीमा आउन सक्दैनन्। केही हेभिवेट भनिएका र चुनावपछि सत्ताको बागडोर सम्हाल्न सक्ने नेताहरूका चुनावी क्षेत्र पर्यावलोकन गरेका खण्डमा हामी के निष्कर्षमा पुग्न सक्छौं भने, यो चुनावमा कम्तीमा पनि लोकतन्त्र संस्थागत गर्न सबै पार्टीबाट हाम्रा होइन राम्रा नेता जिताउनु आवश्यक छ। सुन्दा यो कुरा मीठो लागे पनि व्यवहारमा निकै कडा हुन्छ।

राजनीतिमा प्रचूर सम्भावना र भविष्य बोकेका झापाका विश्वप्रकाश शर्मा र माओवादी केन्द्रका राम कार्कीमध्ये एकजना चुनावी प्रतिस्पर्धामा पछारिने निश्चित छ। शर्माले पराजय भोगे उनको संसदीय राजनीति मात्र पाँच वर्षका लागि स्थगित हुने हो तर कार्कीको भने राजनीतिक जीवनमा गतिलै अवरोध पुग्न सक्छ। सिन्धुलीबाट हाम्फालेर झापा गई चुनाव लड्नु उनलाई फलामे चिउरा चपाउनुसरहझैं छ। झापामै कृष्ण सिटौला र राजेन्द्र लिङ्देनको चुनावलाई रोमाञ्चकरूपले हेरिएको छ। दुवैको उपस्थिति संसद्मा हुनु स्वाभाविक भए पनि यतिखेर वामगठबन्धन अर्को धर्मसंकटमा फँसेको छ। आन्तरिक सर्कुलर गरेर आफ्ना कार्यकर्ता र भोटरलाई आदेश दिऊँ राप्रपासँग ठूलो धोकाघडी हुने, नदिँदा कृष्ण सिटौलाजस्ता गह्रौं व्यक्तित्व संसद् प्रवेश गर्नमा वञ्चित हुने। कांग्रेसले यो विषयमा बुद्धि नपुऱ्याएकै हो। जब तालमेलको स्थिति आयो त्यो बेला आफ्ना हेभिवेटलाई सेफ जोनमा टिकट दिनुपर्दथ्यो। 'मेरा गोरुको बाह्रै टक्का'मा राजनीति अडिएपछि नै मोरङमा महेश आचार्य, माओवादीका अमनलाल मोदी र डा. शेखर कोइराला एमालेका लालबाबु पण्डितसँग असिनपसिन भएर चुनावी संग्राममा भिडिरहेका छन्। शेखरले हारे पनि पार्टी राजनीतिमा क्रियाशील हुन सक्छन् तर लालबाबुको हार भयो भने उनले उठाएको इस्सुको स्खलनसँगै राजनीतिक जीवनमा नराम्रो धक्का पुग्छ।

यही अवस्था धनुषामा विमलेन्द्र निधि र राजेन्द्र महतोको छ। लोकप्रियता र मास लिडिङ क्यापसिटी भएका निधिले राजेन्द्रसँग चुनाव हारिहाले भने उनी पार्टी राजनीतिमा उपसभापतिको बार्गेनिङ गरी संसदीय राजनीतिक करिअर उकास्न अर्को पाँच वर्ष प्रयत्नरत हुनुपर्छ भने महतोको भने राजनीतिक कल्लेआम नै हुन्छ। विगतको व्यवहारका कारण उनी देशको समग्र नेता हुन नसकिरहेका अवस्थामा हुने चुनावी अवसान उनी र उनको पार्टीलाई भने ठूलो क्षति हुन्छ। जननजरबाट यति स-साना कुरा पनि देखिन्छन् भने नेतृत्व तहबाट किन नदेखिएका होलान् ? आममानिस प्रश्न गरिरहेका छन्।

वाम गठबन्धनका नेता तथा एमाले अध्यक्ष केपी ओलीको बोली यतिखेर निकै तड्को छ। उनी कांग्रेसलाई हियाएर र तल्लो स्तरमा झरेर बोलिरहेका छन्- 'चुनावपछि कांग्रेस बट्टामा मात्र सीमित हुन्छ। बीपी बाँचिरहेका भए एमाले प्रवेश गर्थे। नेपाली कांग्रेसलाई चुनावपछि जनताले भोग्न नपर्ने तर पढ्न पाउने भए। नेपालमा अब ५० वर्षसम्म वामपन्थीकै सरकार हुन्छ।' आदि भनाइलाई मिहिन विश्लेषण गर्ने हो भने नेतामा भिजन सकिँदै गएको आभास देखिन्छ। उनले आँकेजस्तै कांग्रेस पार्टी मात्र हो कि अभियान हो ?

संसार अहिले पूर्वमालेले झापामा वर्गशत्रु सफाया नाममा टाउको काटेको समयमा पक्कै नहोला। अभूतपर्व तक्निकी विकास, सूचनाको विश्वव्यापीकरण, ग्लोबलाइजेसन र जनताको चेतनाको अकाशिँदो फैलावटले अहिले कुनै पनि मानिस कसैको दास बन्न सक्ने अवस्थामा छैनन्। चाहना र रूचिमा विश्वका हरेक वस्तु, सिद्धान्त, कला, खेल, राजनीति र अध्ययन मानिसका समीप रहेका छन्। कोही कसैसँग झुक्न चाहँदैनन्। कसैलाई बल मिच्याइँ गरेर मुठीको माखा बनाउन सकिँदैन। राज्य, भाषा, जाति, वर्ग, विचार, सिद्धान्त र आदर्शका सिकन्जाहरू द्रुततर गतिमा फत्फती गलेर ग्याल्बनाइज भएका छन्। युवावर्ग र जोशिला कार्यकर्ताहरू प्रौढ र वृद्ध नेताभन्दा धेरै अघि देखिन्छन्। तिनीहरू सुदूर भविष्यलाई नियालिरहेका छन्। आमनेताचाहिँ वर्तमान चुनाव र सत्तारोहणमै लालायित छन्।

घुमिफिरी यो चुनावपछि पनि प्रधानमन्त्री हुनेमा यिनै पुष्पकमल दाहाल, केपी ओली, शेरबहादुर देउवा र आकाशै खस्यो भने उपेन्द्र यादवसम्म हुने हुन्। पाँचौं र नयाँ व्यक्तिको प्रधानमन्त्री हुन सक्ने सिनारियो यो चुनावले देखाएकै छैन। वामलाई चुनाव जितेर सरकारमा गई काम गर्न भनेजति सजिलो त कहाँ छ र ? यिनीहरूमाथि पनि विदेशीका आग्रह, लगानी र चाहनाहरू स्पष्ट देखिन्छन् जसको पुष्टिका लागि विगतका यिनीहरूका कार्य, सोच, व्यवहार हेर्दा नै स्पष्ट भइन्छ। यिनीहरूले टिकट दिएर जे-जस्ता मानिसलाई उम्मेदवार बनाएका छन् तिनीहरूको व्यक्तित्वको 'स्वट एनालाइसिस' गर्दा पनि थाहा पाउन सकिन्छ। भनौं न, दीपक मनाङ्गे र गणेश लामाजस्ताको राजनीतिक यात्रा शुभारम्भ भएपछि के पार्टीले ठाकुर गैरे र धनराज गुरुङजस्तालाई सिध्याउने खोजेको हो त ? युवापुस्तामा आशलाग्दा नेताका रूपमा उदाएका गगन थापा, प्रदीप पौड्याल र घनश्याम भुसालजस्तालाई पछि पार्ने खोजेको हो ? भुसाललाई लोकतान्त्रिक गठबन्धनका दीपक बोहराले कडा टक्कर दिएका छन्। गगन थापा लोकतान्त्रिक आन्दोलनका लागि व्यक्ति नभएर प्रवृत्ति पनि हुन् भने भुसाल कम्युनिस्ट राजनीतिमा वैचारिक शुद्धिबाहक उम्दा नेता हुन्। वार कि पारको स्थिति गराएर उम्मेवारलाई डेन्जर जोनमा उठाउनु र कूटिल राजनीतिमार्फत 'म्याच फिक्सिङ' को कुरा गर्नु सम्पूर्ण जनताप्रति नेताको घात हो।

कतिपय मानिस के पनि भन्न थालेका छन् भने, अब यस्तो फोहोरी खेलको अन्त्यकै लागि नेपालमा तेस्रो शक्ति उठान जरुरी छ। विवेकशील साझाजस्ता पार्टीहरूमा चेतनशील, बौद्धिक, विदेशमा रहेका सक्षम युवाको रुझान त्यसकै द्योतक हो। लोकतन्त्रको मेरुदण्ड भनेको स्वच्छ, निष्पक्ष, भयरहित र आवधिक चुनाव हो। यो कुरालाई टेकेर वाम र लोकतान्तिक समूह जसले जिते पनि राम्रा मानिसले जितून्। जितेका मानिसले सरकार गठन-विगठनमा देखिने र नदेखिने विकृतिका दोहन गर्दै देशलाई समृद्धि पथमा दौडाऊन्। अहिलेको समग्र चाहना यत्ति हो। आशावादीरूपमा के भन्न सकिन्छ भने, अबको पाँच वर्षपछि हुने चुनावमा यस्तो माहोल रहन्न। कि त राजनीति क्रमिक सुधारिएर ट्रयाकमा आउनै पर्छ, होइन भने यस्तो खर्चले थेग्नै नसक्ने चुनावको हामीकहाँ कुनै माने/मतलव रहनेछैन।

'चुनाव जित्नै देशी-विदेशी तत्वका अघि हात पसाऱ्यो, जितिसकेपछि अर्को चुनाव जित्नका लागि नीतिगत र संस्थागत भ्रष्टाचार गर्दै दलाल, माफिया, बिचौलिया र कार्टेलिङमा लिप्त शक्तिका अनुकूल कानुन बनाएर शरणागत भई अर्को पाँच वर्षपछि हुने चुनावका लागि अकूत धनराशि जम्मा गर्न पूरै राज्यशक्तिको दोहनमा लिप्त भयो' -विवेकशील साझाका प्रवक्ता तथा काठमाडौं-२ का उम्मेदवार डा. सर्वराज आचार्यको भनाइ कम्ती मार्मिक र सामयिक छैन। यो भनाइसँग यतिखेर भोटरका रूपमा बहुमतमा रहेका करिब ८० लाख युवा मतदाता आकर्षित हुने स्थिति क्रमश: नजिक-नजिक बन्दै गएको छ।

## पाठक पत्र

### साइबर क्राइम लागू गर

सामाजिक सञ्जालमा जे मन लाग्यो त्यही पोस्ट गर्ने प्रवृत्ति बन्द गरिनुपर्छ। फेसबुक, ट्वीटरलगायतका सामाजिक सञ्जालमा जे मन लाग्यो त्यही पोस्ट गर्नेहरुलाई कानुनी दायरामा ल्याउन जरुरी छ। समाजमा नकारात्मक असर पार्ने खालका कुराहरु आउने विषयमा सबै गम्भीर हुनु जरुरी छ। अर्को डरलाग्दो विषय अनलाइनको पनि छ। छ्याप्छ्याप्ती खुलेका अनलाइनले पनि समाजमा नकारात्मक सन्देशमेत दिएका छन्। भ्रामक र कपोलकल्पित समाचार बनाएर सार्वजनिक हुने मात्रै हैन, छाडा कुरा र यौनकथा तथा फेसबुकमा सेक्स भिडियोसमेत मनलाग्दी तरिकाले पोस्ट गरिँदा यसले पार्ने असर र प्रभावको बारेमा ख्याल गरिएको हुँदैन। यस्तो संवेदनशील वियषयमा नियमनकारी निकायले केही गरेको छैन।

व्यक्तिगतरुपमा मिडिया पावर देखाउन खुलेका अनलाइन पनि करको दायरामा आएको पाइँदैन। उनीहरुले जे मन लाग्यो त्यही र जस्तो मन लाग्यो त्यस्तै समाचार पोस्ट गरेको पाइएको छ। सामाजिक सञ्जालमा केही मान्छेले नेता तथा अन्य व्यक्तिका विषयमा नराम्रा र अश्लील किसिमका फोटा बनाएर तथा गाली बेइज्जती गरेर गरेका पोस्टका विषयमा प्रहरी प्रशासन मौन हुनुहुँदैन।

निर्वाचनका मुखमा भइरहेका यस्ता गतिविधिले विभिन्न हिंसात्मक क्रियाकलापमा टेवा पुग्न सक्छ। व्यक्तिगत मानहानी गरी गरिएका यस्ता पोस्टको छानबिन गरी प्रशासनले हदैसम्मको कार्वाहीको शुरुवात गरेमा यस्ता गलत क्रियाकलाप नियन्त्रण हुने थिए। निर्वाचन आयोगले मौन अवधिमा अनुगमन गर्ने टोली बनाएको छ। यसले समाजिक सञ्जालको पनि व्यापकरुपमा अनुगमन गर्न जरुरी छ। साथै साइबर क्राइम लागू गर्नु जरुरी छ। यो विषयमा सम्बन्धित निकायले ध्यान पुऱ्याउनुपऱ्यो।

*- सरस्वती चापागाईं, चोभार, काठमाडौं*

### खेतीमा आधुनिक प्रणालीको खाँचो



'मै दु:खी किसान, गाह्रो भयो जीवन बिताउन' बोलको गीत जीवन शर्माले धेरै पहिल्यै गाएका हुन्। उनले गीत गाउँदाको अवस्थामा आधुनिक प्रविधि थोरै मात्र भित्रिएको थियो। त्यति बेलाको किसानको समस्या झल्काउने गीतले अहिले पनि त्यत्तिकै सान्दर्भिकता पाएको छ। नेपाल कृषिप्रधान देश हो। यो देशमा धेरैको घर धान्ने पेसा कृषि हो।

हुन त कतिपयले व्यावसायिकरुपमा कृषि पेसालाई नअंगालेका होइनन्। तर सरकार भने सधैं कृषिको आयातमा अग्रपंक्तिमा उभिएको छ। आफ्नै बारीमा फलाएर आफ्नै जनतालाई पुऱ्याउन सक्ने हुत्ती सरकारमा देखिएन। यसले गर्दा हामी किसान सधैं मर्कामा पर्ने गरेका छौं। यो विषयमा कृषि मन्त्रालय र विभागले ध्यान दिन जरुरी छ। परम्परागतरुपमा गरिएको खेती-किसानीलाई व्यावसायिक बनाउने खालका कार्यक्रम अब आउन जरुरी देखिन्छ। अब आधुनिक खेतीमा ध्यान दिनु जरुरी छ।

*- विपिन शिवाकोटी, भरतपुर, चितवन*

### अधिकार माग्दा कुटाइ खाने ?

नेपाल सरकारले विभिन्न आरक्षण कोटा सार्वजनिक सवारीसाधनमा अनिवार्य गराएको छ। विद्यार्थीलाई ४५ प्रतिशत छुट पनि भनेको छ। राजधानीमा त देखाउनलाई भए पनि लागू भएको होला तर हाम्रो जस्तो दूरदराजका गाउँमा यातायात व्यवसायीको मनोमानी छ। अशक्त, वृद्ध, महिला कसैलाई कोटा छुट्याइएको छैन। विद्यार्थीले छुट माग्दा कुटाइ खाने डर छ। विद्यार्थी र आरक्षण पाउने मान्छे राजधानीमा मात्रै छैनन्।

सरकारले यो विषयमा नीतिगतरुपमै पहल गर्नु जरुरी छ। विभिन्न विद्यार्थी संघठन र अधिकारकर्मीले पनि यो विषयमा आवाज उठाउन जरुरी देखिन्छ। नेपाल सरकारको सम्बन्धित निकायले यो विषयमा उनुसन्धान र अनुगमन गरी समस्याको समधान निकाल्नु जरुरी देखिएको छ। यो विषयमा सवारीचालक र परिचालक तथा सवारीधनीलाई सरकारी क्षेत्रबाट जानकार बनाउन पनि जरुरी देखिएको छ। साना सवारीसाधन मात्रै हैन लामो यात्राका नाइट बसले पनि कुनै छुट दिएका छैनन्।

*- सुरेश आचार्य, लमही, दाङ*

### राजधानीमा पार्किङ हब बनाउन जरुरी

काठमाडौंमा पार्किङको समस्याले निकै समस्या झेल्नुपरेको छ। उपत्यकामा पार्किङको समस्या



समाधान गर्न सरकारले हब बनाउन जरुरी देखिन्छ। आवतजावत बढी हुँदा बजार ठूलो हुन्छ। बजार ठूलो भएपछि गाडी धेरै हुन्छन्। त्यसैले गाडी सुरक्षित तरिकाले राख्ने ठाउँ पनि हुन जरुरी छ। तर पार्किङ नहुँदा र जथाभावी पार्किङ गर्नुपर्दा सबैको टाउको दुखाइ भएको छ।

महानगरपालिकालाई गाडी ओसार्न भ्याइ-नभ्याइ छ भने हामीले पार्किङ गर्ने ठाउँ नपाएर हैरान बेहोर्नुपरेको छ। उचित पार्किङ व्यवस्थापनका लागि केन्द्रीय स्तरबाटै पहलकदमी चाल्न जरुरी देखिन्छ। दिनानुदिन बढिरहेको गाडीको चापले पनि पार्किङको समस्या झनै चर्कने देखिएको छ। समयमै यसको समस्या समाधान नगरे पछिल्ला दिनमा निकै समस्या हामी सबैले झेल्नुपर्ने हुन्छ।

सानो ठाउँ, त्यसमा पनि यति धेरै गाडीको चाप र पार्किङ व्यवस्थापन चुनौतीको विषय भएको छ। जामको समस्या पनि निकै हुने गरेको छ। यो पनि पार्किङको कारणले गर्दा भएको जस्तो लागेको छ। पार्किङ हब बनाएर हरतरहले यसको व्यवस्थापन गर्न जरुरी भइसकेको छ।

*- राजु महर्जन, काठमाडौं*

## सामाजिक सञ्जाल



निर्वाचन आयोग र उम्मेदवारले गर्ने खर्च जोड्ने हो भने २० अर्बभन्दा माथि पुग्छ। यस्तो महँगो चुनावले देशलाई प्रत्येक ५ वर्षमा ठूलो अर्थ भार पर्नेछ। यसको समाधान नितान्त जरूरी छ।

**Kisor Subedi**
**@mindkisor**



समकालीन नेपालमा असाध्य चल्तीका दुई शब्द : रेमिट्यान्स र समृद्धि, पसल-पसलमा पाइन्छ।

**Rameshore Khanal**
**@rameshore**



जतातत‌ै बमको त्रास। हरेकपल्ट पड्केको बमको छर्रा लाग्ने त लोकतन्त्रकै अनुहारमा हो। लोकतन्त्रको अनुहार कुरूप बनाउन खोजिरहेका कुरूप विचारधारीलाई पाता कसेको चाँडै सुन्न पाइयोस्।

**Buddhisagar**
**@buddhisagar**

हुन सक्ने सम्भावित घटनालाई निस्तेज पार्न र अवैध घूसपैठ रोक्न २४सै घण्टा भारतीय समकक्षीसँगको समन्वयमा उच्च सुरक्षा तथा चेकजाँचलाई तीव्रता बनाउँदै सीमानाका ४८ घण्टासम्मको लागि पूर्णरूपमा बन्द गरिएको छ।



वसन्तपुर दरबार पुनर्निर्माणको काम गर्दै कामदार ।

तस्वीर : उज्जोल इंगोल

# उम्मेदवारी खारेजका बारेमा सर्वोच्चले आयोगलाई बोलायो

प्रशान्त वली, काठमाडौं

सर्वोच्च अदालतले वाम गठबन्धनका उम्मेदवार शिवपुजनराय यादवको उम्मेदवारी खारेजका बारेमा निर्वाचन आयोगलाई बोलाएको छ।

सर्लाही निर्वाचन क्षेत्र नम्बर ४ का वाम गठबन्धनको उम्मेदवार शिवपुजन राय यादवको उम्मेदवारी खारेजका बारेमा अन्तरिम छलफलका लागि निर्वाचन आयोगलाई बोलाएको हो।

वरिष्ठतम न्यायाधीश दीपकराज जोशीको एकल इजलासले आज बुधबार अन्तरिम छलफलका लागि बोलाएको हो। भोलि बिहीबार दोस्रो तथा अन्तिम चरणको निर्वाचन हुँदै छ। दुवै पक्षलाई अन्तरिम छलफलका लागि बोलाउने आदेश भएको सर्वोच्चका प्रवक्ता नारायणप्रसाद पन्थीले बताउनुभयो। यादवले उम्मेदवारी खारेज बदरको माग गर्दै मंसिर १२ गते सर्वोच्चमा रिट दायर गर्नुभएको थियो। उम्मेदवार यादव उपर कूटनीतिक राहदानी दुरुपयोगमा अदालतले दोषी ठहर गरेको उजुरी थियो। दोस्रो चरणको निर्वाचनमा भाग लिन उम्मेदवार बनेका तनहुँका गोविन्दराज जोशी र यादवको उजुरीको प्रकृति एउटै थियो यद्यपि जोशीको उम्मेदवारी तत्काल रद्ध भए पनि यादवको उजुरीमाथि लामो समयपश्चात् निर्णय भएको थियो। प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनको दफा १३ (घ) अनुसार यादवको उम्मेदवारी रद्ध गरिएको बताइएको छ। तत्कालीन मधेसी जनअधिकार फोरम नेपालबाट सभासद् हुँदा यादवमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राहदानी दुरुपयोगको मुद्दा चलाएको थियो। आरोप लागेका पाँचमध्ये तीन जनालाई विशेष अदालतले दोषी ठहर गरेको थियो। गायत्री साह, विश्वनाथ यादवसँगै शिवपुजन पनि दोषी ठहरिएका थिए। २०७२ साउन २६ गतेको उक्त फैसलाको पुनरावेदन सर्वोच्चमा विचाराधीन छ।

विशेषले शिवपुजनलाई ४ महिना जेल र १५ हजार जरिवाना हुने आदेश गरेको थियो। आफ्नो कूटनीतिक राहदानी दुरुपयोग गरेर अन्य व्यक्तिलाई विदेश पठाएको आरोपमा उनीमाथि अख्तियारले मुद्दा चलाएको थियो।

## सक्षेप

### सुनसहित चिनियाँ नागरिक समातिए

काठमाडौं, (नेस)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौरचणमा एअर चाइनाको उडानद्वारा चीनको छिन्दु हुँदै काठमाडौं आएका चिनियाँ नागरिक काउभ्रोङ्मालाई ४ थान सुनको साधारणवाला र २ थान बिस्कुट आकारको सुन गरी जम्मा ३ हजार ग्राम सुनसहित सोमबार पक्राउ गरिएको छ। अनुसन्धानको क्रममा बरामद सुन विमानस्थल भन्सार कार्यालयमा राखिएको छ भने अभियुक्त महानगरीय प्रहरी प्रभाग कोटेश्वरको थुनामा रहेका छन्।

### ट्रकको ठक्करबाट मृत्यु

ललितपुर, (नेस)

ललितपुर महानगरपालिका-१३ कुसुन्तीमा नाढ्ख २७८० नम्बरको ट्रकले बा६७प ४०६७ नम्बरको मोटरसाइकललाई सोमबार ठक्कर दिँदा भएको दुर्घटनामा मोटरसाइकलमा सवार काठमाडौं महानगरपालिका-१९ ढोकाटोल बस्ने सरला मिश्रको पाटन अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका उनका देवर सोही ठाउँ बस्ने सुरेन्द्रप्रसाद मिश्रको सोही अस्पतालमा उपचार भइरहेको र अवस्था बोल्न सक्ने रहेको छ। दुवै सवारीसाधन र ट्रकका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### लागूऔषधसहित २ पक्राउ

काठमाडौं, (नेस)

प्रहरीले लागूऔषधसहित २ जनालाई पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्युरोबाट खटिएको प्रहरी टोलीले गौशालाबाट ३ सय ३६ एम्पुलसहित दीपेशकुमार श्रीवास्तव र वसन्तकुमार साहलाई पक्राउ गरेको हो। दुवै जना लामो समयदेखि काठमाडौंलगायत नेपालका प्रमुख शहरहरूमा आफ्नो सञ्जाल बनाई नियन्त्रित लागूऔषधको कारोबारमा संलग्न भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको ब्युरोले जनाएको छ।

# निर्वाचन विशेष सुरक्षा योजना सार्वजनिक

काठमाडौं, (नेस)

मंसिर २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको दोस्रो चरणको निर्वाचनका लागि महानगरीय प्रहरी कार्यालय रानीपोखरीद्वारा निर्वाचन विशेष सुरक्षा योजना सार्वजनिक गरेको छ।

निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सुरक्षा लागू गरेको हो। उपत्यकामा हुन सक्ने घटनाहरूको विश्लेषण गर्दै विशेष सुरक्षा योजना तयार गरी विभिन्न स्थानहरूमा मोबाइल गस्ती पुल, नाका चेकिङ, संयुक्त चेकिङ, होटल, लज चेकिङलगायतको कामलाई कडाइ गरेको छ।

महानगरीय प्रहरी कार्यालयले करिडोर तथा राजमार्गहरूमा मोबाइल गस्ती, सीसीटीभी सर्भिलेन्स, सूचना संकलनका लागि सादा पोशाकमा प्रहरी परिचालन, तालिम प्राप्त कुकुरसहितको टोली परिचालन गरेको छ। प्रहरी उपरीक्षक तथा प्रहरी नायव उपरीक्षकहरूको नेतृत्वमा काठमाडौं, ललितपुर र भक्तपुरका सम्पूर्ण निर्वाचन क्षेत्रहरूमा सुरक्षा अनुगमन टोली परिचालन गरेको छ।

महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रहरी वरिष्ठ उपरीक्षकबाट उपत्यकाका तीनवटै परिसरअन्तर्गतको सुरक्षाका लागि विशेष अनुगमनको समेत व्यवस्था मिलाई निर्वाचन लक्षित सुरक्षा व्यवस्था कडा पारिएको छ। महानगरीय प्रहरी कार्यालयले निर्वाचनविरोधी गतिविधिमा संलग्नहरू १६ सयभन्दा बढीलाई पक्राउ गरेको जनाएको छ।

# ‘आर्थिक वृद्धिका लागि ऊर्जा क्षेत्र बाधक’

नेपाल समाचारपत्र

काठमाडौं

दक्षिण एसियाको विकास र स्तरोन्नतिका लागि चीन र भारतसँग सहकार्य गरेर अघि बढ्न आवश्यक रहेको काठमाडौंमा आयोजित एक कार्यक्रमका सहभागीहरूले बताएका छन्।

नेपालस्थित बंगलादेश दूतावास तथा एआईडीआईएले आयोजना गरेको कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिले दक्षिण एसियाको आर्थिक वृद्धिका लागि ऊर्जा क्षेत्र बाधक रहेको भन्दै दक्षिण यसियका विभिन्न देशहरूबीच सम्पर्क सञ्जालमा समेत मिलेर काम गर्नुपर्ने धारणा राखेका छन्। कार्यक्रममा बंगलादेशका प्रधानमन्त्री शेख हसिनाका अन्तर्राष्ट्रिय मामिलासम्बन्धी सल्लाहकार डा. गोहेर रिज्भीले नेपाल, भारत, बंगलादेश र भुटानबीच ऊर्जामा सहकार्य हुनुपर्नेमा पनि जोड दिनुभयो।

भुटान, बंगलादेश, भारत र नेपालको उपक्षेत्रीय सहकार्यमा भुटानले हात झिके पनि तीन देशबीच मोटर भेइकल एग्रिमेन्ट कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ थियो। भुटानले भारतलाई बिजुली बेचेर दक्षिण एसियामा उल्लेख्य आर्थिक वृद्धि हासिल गरेको उदाहरण दिँदै रिज्भीले दक्षिण एसियाली मुलुक मिलेर सार्क ग्रिड स्थापना गर्नुपर्ने र ऊर्जामा साझा काम गर्नुपर्ने पनि बताउनुभयो। ‘बंगलादेशले १५ हजार मेगावाट बिजुली उत्पादन गर्न सक्छ, भुटान, भारत र बंगलादेश मिलेर भुटानमा १ हजार मेगावाट बिजुली उत्पादन गर्ने सहमति गरेका छौं’, रिज्भीले भन्नुभयो- ‘नेपाल, बंगलादेश, भुटान र भारतबीच साउथ एसिया पावर ग्रिड स्थापना भएको अवस्थामा श्रीलंका, पाकिस्तानसहित अरू देशले पनि लाभ लिन सक्छन्।’ वाणिज्य मन्त्रालयका सचिव चन्द्रकुमार घिमिरेले नेपाल उपक्षेत्रीय र क्षेत्रीय सहकार्यमा प्रतिबद्ध रहेको बताउनुभयो। परराष्ट्र मन्त्रालयका सहसचिव भृगु ढुंगानाले नेपाल, भारत, बंगलादेश र भुटानबीच उपक्षेत्रीय सहकार्यका लागि वर्किङ ग्रुप गठन भएको र तीन चरणको बैठक पनि सम्पन्न भएको बताउनुभयो। पारवहन, जलस्रोत उपयोग र सम्पर्क विस्तारलगायतका क्षेत्रमा सहकार्यका लागि छलफल भइरहेको उहाँको भनाइ थियो।

वाणिज्य मन्त्रालयका पूर्वसचिव पुरुषोत्तम ओझाले विगतमा भएका सम्झौता र सहमति कार्यान्वयन हुनुपर्ने बताउनुभयो। भारतीय दूतावासका उपनियोग प्रमुख डा. अजय कुमारले क्षेत्रीय तथा उपक्षेत्रीय सहकार्यका लागि भारत सदैव तयार रहेको बताउनुभयो।

# संयुक्त सुरक्षा गस्ती

काठमाडौं, (नेस)

प्रदेशसभा सदस्य तथा प्रतिनिधिसभा सदस्यको निर्वाचन सुरक्षालाई थप प्रभावकारी बनाउन सीमा क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ।

यसै सिलसिलामा सप्तरीस्थित सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट पातो तथा भारतीय सशस्त्र सीमा बलले संयुक्तरूपमा बोर्डर इलाकामा व्यापक मात्रामा गस्ती तथा पट्रोल गरेको सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट पातो सप्तरीका सशस्त्र प्रहरी निरीक्षक शैलेन्द्र थापाले बताए। गस्ती पट्रोलका साथ साथै चेकजाँच र बोर्डर इलाकामा विशेष निगरानी बढाइएको छ।

हुन सक्ने सम्भावित घटनालाई निस्तेज पार्न र अवैध घूसपैठ रोक्न २४सै घण्टा भारतीय समकक्षीसँगको समन्वयमा उच्च सुरक्षा तथा चेकजाँचलाई तीव्रता दिइएको समेत सशस्त्र प्रहरी निरीक्षक थापाले बताए। चुनावलाई नै मध्यनजर राख्दै सीमानाका ४८ घण्टासम्मको लागि पूर्णरूपमा बन्द गरिएको छ।


District Coordination Committee
District Technical Office
Ilam Bazar,Ilam

**Intention to Award**

**Date of Publication:2017-12-06**

This is to notify you all in accordance with the Instruction to Bidders that it is our intention to award the contracts as in table below to you as your Bid price, is determined to be substantially responsive and lowest evaluated Bid price.

| S.N | Contract No: | Name of the Road | Name of the Bidders | Lowest Evaluated Bid Price (Including VAT& PS) |
|---|---|---|---|---|
| 1 | DTO/UNNATI/ ILAM-05/073/074 | Barbote (Mechivalley)-Majhgau KattebungRoad | M/S Nagarjun/Bishnu JV, Ilam 8,Ilam | 29,241,323.12 |
| 2 | DTO/UNNATI/ ILAM-06/073/074 | Nepaltar (HimalayanSangrila Tea factory)-Puwamajhuwa Road | M/S Nagarjun/Bishnu JV, Ilam 8,Ilam | 37,922,191.73 |
| 3 | DTO/UNNATI/ ILAM-07/073/074 | Jitpur Bazar (Dholedevi)-Sangrumba (High School)-IntakeIlamRoad | M/SBiruwa/Bhagawati JV,Ilam 2, Ilam | 28,922,875.85 |

सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आर्थिक लाभ, इज्जत-प्रतिष्ठा बढ्ने, अधुरा कार्य पूरा हुने।
**वृष** : धनहानि, चिन्ता, अनुपलब्धिमूलक खर्च, काममा बाधा।
**मिथुन** : उपहार-कोसेली मिल्ने, पेसा-व्यवसायबाट सन्तुष्टि, द्रव्यलाभ।
**कर्कट** : रोगव्याधिको भय, कार्यमा बाधा, धननाश, विवादमा फसिएला।
**सिंह** : धनलाभ, सुख-शान्ति, खाद्यान्न प्राप्ति, साथीभाइबाट सहयोग।
**कन्या** : काममा सफलता, धन प्राप्ति, जोश-जाँगर, स्फूर्ति बढ्नेछ।
**तुला** : राजनीतिक असफलता, मान-प्रतिष्ठामा आघात, कार्यमा बाधा।
**वृश्चिक** : काममा बाधा-व्यवधान, स्वास्थ्यमा समस्या, आर्थिक नोक्सानी।
**धनु** : धनलाभ, समस्या समाधान, सम्मानित हुने अवसर, शुभ यात्रा।
**मकर** : परीक्षा, प्रतियोगितात्मक प्रतिस्पर्धामा विजय, आर्थिक लाभ।
**कुम्भ** : कार्य अधुरो हुने, स्वास्थ्य समस्या, पारिवारिक विवाद, दुःख-कष्ट।
**मीन** : व्यर्थमा खर्च र दौडधुप, दिनचर्या अस्तव्यस्त, विवादमा फसिएला।

# नेपाल

विद्युत् नपुग्दा सोलारका भरमा चलेका टेलिफोन टावर साँझ परेसँगै विद्युत्विहीन हुन्छन् र काम गर्न छाड्छन्। जसले गर्दा टावरमा जडान गरिएका उपकरण बारम्बार बिग्रने समस्याले केही दिनसम्म पनि फोन नआउने गरेको नेकपा माओवादी केन्द्र पूर्वीरुकुमका इन्चार्ज तेजबहादुर ओलीले बताउनुभयो।

## पूर्वी रूकुम, जहाँ फोनमा पनि लोडसेडिङ हुन्छ



**नरेन्द्र केसी, घोराही, दाङ**

लोडसेडिङ नेपालीका लागि नौलो कुरा होइन तर कान्छो जिल्ला पूर्वी रुकुममा फोनमा लोडसेडिङ हुन्छ। पूर्वी रुकुमका गाउँमा बल्लतल्ल मोबाइल फोन पुगेको छ, त्यसमा पनि लोडसेडिङ हुन्छ।

'बिहान घाम लागेपछि मोबाइलको नेटवर्क आउने र साँझ परेपछि जाने त सामान्य नै हो तर कहिलेकाहीं त ३/४ दिनसम्म पनि फोन नेटवर्क आउँदैन', भूमे गाउँपालिका काँक्रीका रजमान पुनले भन्नुभयो- 'यहाँ त फोनमा पनि लोडसेडिङ हुन्छ।'

पूर्वी रुकुममा राखिएका नेपाल टेलिकमका टावर कम क्षमताका हुनु र टावरसम्म विद्युत् नपुग्नु ठूलो समस्याको रूपमा देखिएको छ। विद्युत् नपुग्दा सोलारका भरमा चलेका टेलिफोन टावर साँझ परेसँगै विद्युत्विहीन हुन्छन् र काम गर्न छाड्छन्। जसले गर्दा टावरमा जडान गरिएका उपकरण बारम्बार बिग्रने समस्याले केही दिनसम्म पनि फोन नआउने गरेको नेकपा माओवादी केन्द्र पूर्वी रुकुमका इन्चार्ज तेजबहादुर ओलीले बताउनुभयो। सेपेको लेकमा रहेको मुख्य टावरको क्षमता विस्तार गरेपछि पूर्वी रुकुमको धेरै समस्या समाधान हुने उहाँले बताउनुभयो।

त्यसो त मंसिर १० गतेसम्म प्रतिनिधिसभा तथा प्रदेशसभा चुनावका बेला पूर्वी रुकुमका गाउँ पुग्ने उम्मेदवारसँग प्रायः सबै मतदाताले टेलिफोनकै समस्या राखेका थिए। सबै उम्मेदवारले यो समस्या समाधान गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन्। 'सबै उम्मेवारले चुनाव जितेको ६ महिनाभित्र यो समस्या समाधान गर्छौं भनेका छन्', पुथाउत्तरगंगा गाउँपालिका कोलका राकम बुढाले भन्नुभयो- 'फोन सुविधा पुर्‍याएनन् भने अब आन्दोलन गर्ने चेनावनी पनि हामीले दिएका छौं।'

७७औं जिल्ला पूर्वी रुकुममा ३ गाउँपलिका रहेका छन्। जसमध्ये सिस्ने गाउँपालिकामा फोन सुविधा केही सहज देखिए पनि भूमे र पुथा उत्तरगंगामा सबैभन्दा धेरै समस्या छ। पुथा उत्तरगंगामा सबैभन्दा बढी समस्या रहेको स्थानीयले बताएका छन्। उनीहरूले यो समस्या तत्काल समाधान गर्न माग गरेका छन्। भूमे गाउँपालिकाका अध्यक्ष रामसुर बुढाले आफूहरूले गाउँपालिकाका सबै गाउँमा टेलिफोन सेवा सहज बनाउने र गाउँपालिका तथा वडा कार्यालयमा इन्टरनेट सेवा सञ्चालन गर्ने तयारी गरिरहेको बताउनुभयो। इन्टरनेट सेवाका लागि केही बजेट विनियोजन पनि गरिएको उहाँले बताउनुभयो।

कान्छो जिल्ला पूर्वी रुकुममा अहिलेसम्म नेपाल टेलिकमको कार्यालयसमेत स्थापना हुन सकेको छैन। एनसेललगायतका अन्य कम्पनीले पनि यो जिल्लामा सेवा प्रवाहका लागि ध्यान दिन सकेका छैनन्। २०६८ सालको जनगणनाअनुसार झन्डै ५८ हजार जनसंख्या रहेको जिल्लाको विकासमा अब राज्यको ध्यान जानुपर्ने स्थानीयको माग छ।

## पेस्तोलधारी पक्राउ

गोरखा, (नेस)

झोलामा पेस्तोल लिएर माओवादी केन्द्रकी समानुपातिक उम्मेदवार सुशीला सिंखडालाई मोटरसाइकलमा सवार गराउने भीमसेन-४ का गुणराज खनाललाई प्रहरीले पक्राउ गरेको छ। सोमबार काठमाडौंदेखि पिछा गर्दै गोरखा आइपुगेपछि खनाललाई पक्राउ गरेको एसपी प्रकाश अधिकारीले जानकारी दिए।

१ महिनाअघि गत कात्तिक २१ गते बा७३प ३३८६ नम्बरको मोटरसाइकलमा उम्मदवारलाई चढाएर चुनावी कार्यक्रममा जान लाग्दा उनलाई प्रहरीले फेला पारेको थियो। पेस्तोल रहेको झोला फालेर भागेका खनाल हालसम्म फरार थिए। उनीविरुद्ध प्रहरीले हातहतियार तथा खरखजनाअन्तर्गत मुद्दा दर्ता गरी फरार सूचीमा राखेर खोजी गरिरहेको थियो।

## रुकुमका हिमाली क्षेत्रमा हिमपात

रुकुम, (नेस)

रुकुमका हिमाली क्षेत्रमा हिमपात शुरू भएको छ। रुकुमपूर्वका सिस्ने, मैकोट, हुकाम, रन्मा, अर्जल तथा रुकुमपश्चिमका गोतामकोट, स्यालाखदीलगायतका उच्च हिमाली क्षेत्रमा हिमपात भएपछि जनजीवन प्रभावित भएको छ। सोमबारदेखि आकाशमा बादल लागेको भए पनि मंगलबार अपराह्नबाट उच्च हिमाली क्षेत्रमा हिमपात भएको र अन्य क्षेत्रमा पानी परेपछि चिसो निकै बढेको छ।

रुकुमका हिमाली तथा पहाडी क्षेत्रमा हिमपात भएसँगै रुकुमपश्चिमको सदरमुकाम मुसिकोटमा समेत चिसो बढेको छ। यस्तै रुकुमपूर्वको सदरमुकाम रुकुमकोटमा पनि निकै चिसो बढेको छ। उच्च हिमाली क्षेत्रमा हिमपातका कारण स्थानीय घरदेखि बाहिर निस्कन सकेका छैनन्। त्यस्तै हिउँ नपरेका अन्य ठाउँमा पनि पानी परिहरेका कारण स्थानीय प्रभावित बनेका हुन्। चिसोका कारण सरकारी कार्यालयमा सेवा लिन आउने सर्वसाधारणको संख्या पनि न्यून रहेको छ।

## हात्तीले घर भत्काएपछि वृद्ध विस्थापित

हेटौंडा, (नेस)

पर्सा राष्ट्रिय निकुञ्जबाट आएको हात्तीले मकवानपुरको मनहरी-७ स्थित बिजौना बस्तीमा घर भत्काएको छ। वृद्ध रामबहादुर प्रजाको घरमा हात्तीले आक्रमण गरी भत्काएको हो।

करिब ७० वर्षीय वृद्ध घरमा एक्लै बस्दै आएका थिए। घरमा हात्तीले आक्रमण गरी ध्वस्त पारेपछि उनी विस्थापित भएका छन्। उनी नातिको घरमा आश्रय लिन बाध्य भएको स्थानीय समाजसेवी जनकलाल बानियाँले बताउनुभयो। आक्रमणबाट खरको छानो भएको घर पूर्णरूपमा ध्वस्त भएको छ भने घरका भाँडाकुँडा र अन्नपात पूरै क्षति भएका छन्।

केही सातादेखि बिजौनामा हात्तीले दु:ख दिइरहेको छ। हात्तीले करिब २ बिघाभन्दा बढी मकै खेतीमा क्षति गरेको छ। हात्तीलगायत जंगली जनावरले दु:ख दिन थालेपछि २ वर्षअघि राष्ट्रिय प्रकृति संरक्षण कोषको आर्थिक सहयोगमा विद्युतीय झङ्का निर्माण भएको थियो। तर, त्यसको सञ्चालन व्यवस्थित नहुँदा जनावरले दु:ख दिन छाडेका छैनन् भने तार निर्माणमा भएको लगानी बालुवामा पानीसरह भएको छ।



## १० लाख बढी मतदाताले मतदान गर्दै

डोटी, (नेस)

आगामी मंसिर २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा प्रदेश नं ७ का पाँच जिल्लाका १० लाख ५० हजार ७३३ जना मतदाताले मतदान गर्न पाउने भएका छन्। क्षेत्रीय निर्वाचन कार्यालय, धनगढीका अनुसार सबैभन्दा बढी कैलालीमा मात्रै ४ लाख ६० हजार ५८० मतदाता रहेका छन्। कैलालीमा २ लाख २३ हजार ५०९ पुरुष, २ लाख ३७ हजार ६३ महिला र ८ तेस्रोलिंगी रहेका छन्। सबैभन्दा कम डडेल्धुरामा ४० हजार १५६ पुरुष र ४१ हजार ५ सय ७६ महिला गरी कुल ८१ हजार ७३२ मतदाता रहेका छन्।

त्यस्तै कञ्चनपुरमा १ लाख २८ हजार ५२३ पुरुष, १ लाख ३६ हजार ४५१ महिला र १ तेस्रोलिंगी गरी २ लाख ६४ हजार ९७५, अछाममा ६४ हजार ७७६ पुरुष, ७२ हजार १२५ महिला र २ तेस्रोलिंगी गरी १ लाख ३६ हजार ९०३ र डोटीमा भने ४९ हजार १४३ पुरुष र ५७ हजार ४ सय महिला गरी कुल १ लाख ६ हजार ५४३ मतदाता रहेका छन्। प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनको मिति घोषणा गरेको दिन अर्थात् २०७४ भदौ ५ गतेसम्म १८ वर्ष उमेर पुगेका र फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराएकाले मात्रै निर्वाचनमा मतदान गर्न पाउनेछन्।

## सुरक्षाकर्मीले नै प्रयोग गर्छन् भारतीय नम्बरका गाडी

**सञ्जय कार्की, रौतहट**

भारतीय नम्बर प्लेटका सवारी साधन सञ्चालनमा मंगलबारदेखि रोक लगाइएको भए पनि सुरक्षाकर्मी आफैले भारतीय नम्बर प्लेटका सवारीसाधन चढ्दै आएका छन्। मंसिर २१ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनका लागि जिल्लाभरि नै भारतीय नम्बर प्लेटका सवारीसाधन सञ्चालनमा रोक लगाउने निर्णय गरिएको छ तर सुरक्षाकर्मीले नै भारतीय नम्बर प्लेटका सवारीसाधन चलाएर नियम उल्लंघन गरेको पाइएको छ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैले बिचौलियामार्फत् भारतीय नम्बर प्लेटका सवारीसाधन मगाएको बताइएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायव उपरीक्षक रामकुमार दानीले कति भारतीय नम्बर प्लेटका सवारीसाधन सञ्चालनमा रहेका छन् आफूलाई जानकारी नभएको बताउनुभयो। उहाँले अस्थायी नम्बर प्लेट राखेर सञ्चालन गरिएको बताउनुभयो। यसअघि पनि सुरक्षाकर्मीले नै भारतीय नम्बर प्लेटका सवारीसाधन चढेपछि विवाद भएको थियो। त्यसपछि प्रहरी प्रधान कार्यालयले ३ वर्षअघिनै देशभरका प्रहरी युनिटमा भारतीय नम्बर प्लेटका सवारीसाधन चढ्नबाट रोक लगाएको थियो।

तर नेपाली नम्बर प्लेटभन्दा भारतीय नम्बर प्लेटका सवारीसाधनको भाडादर सस्तो पर्ने भएकाले सुरक्षाकर्मीहरू भारतीय नम्बर प्लेटका सवारीसाधनप्रति आकर्षित भएका हुन्। सुरक्षाकर्मीहरूले भारतीय नम्बर प्लेटका बोलेरो, पिक अप, टाटासुमो सवारीसाधन पेट्रोलिङ र गस्तीका लागि सञ्चालनमा ल्याएका छन्। उता निर्वाचनमा खटिएका कर्मचारीले भने- 'भारतीय नम्बर प्लेटका मोटरसाइकलसहितका सवारीसाधनमा मतदान सामग्री ढुवानी गरिरहेका छन्। सुरक्षा व्यवस्था मजबुत बनाउन जिल्लाका दर्जनौं स्थानमा सवारीसाधनको चेकजाँचलाई तीव्रता दिएको छ।'



## महिला हिंसाको मुख्य कारण मदिरा

बैतडी, (नेस)

बैतडीमा महिला तथा बालबालिकामाथि हिंसा बढ्दै जानुको मुख्य कारण मदिरा बनेको छ। महिला हिंसाको मुख्य कारण मदिरा बनेको जिल्लाका स्थानीय तहका उपमेयर र उपाध्यक्षहरूले बताएका छन्। बैतडीका १० वटै स्थानीय तहमा सबैभन्दा बढी मदिराको कारोबार बढेकाले सबैभन्दा समस्या भएको बैतडीको शिवनाथ गाउँपालिकाका उपाध्यक्ष कुस्मा चन्दले बताउनुभयो। आफूले स्थानीय तहको चुनावका बेला भोट माग्ने बेला नै मदिरा बन्द गर्ने आश्वासन दिएको भए पनि समाजमा काम गर्न समस्या भएको उहाँले बताउनुभयो।

शिवनाथका महिला रक्सीबाट निकै पीडित बनेकाले उनीहरूको आवाज सुन्दै मदिरा निषेध गर्न खोज्दा उल्टै गाउँपालिकाको नाममा मुद्दा परेकाले समाजमा राम्रो काम गर्न निकै चुनौती रहेको उहाँले बताउनुभयो। दिनभरि महिला बारीको काममा व्यस्त भए पनि साँझ घरमा ढुक्कसँग बस्न नपाएको उहाँले बताउनुभयो। ग्रामीणस्तरका महिलाले आफ्नै घरपरिवारबाट हिंसा खेपिरहेको उहाँले बताउनुभयो। यस्तै सिगास गाउँपालिकाका उपाध्यक्ष द्रोपती चन्दले सिगासमा पनि मदिराले गर्दा महिलाहरूले निकै कष्ट खेपिरहेको बताउनुभएको छ। दोगडाकेदार गाउँपालिकामा पनि मदिराले महिला तथा बालबालिकामाथि हिंसा बढ्दै गएकोले महिलाहरूले नै अभियान चलाएको उपाध्यक्ष पार्वती कार्कीले बताउनुभयो। उहाँले भन्नुभयो- 'महिलाहरू आफै मदिरा बन्द गर्न भन्दै आन्दोलनमा उत्रिएका छन्।'

यस्तै बैतडीको डिलासैनी, सुर्नयाँ गाउँपालिकालगायत जिल्लाका सबै स्थानीय तहमा मदिराले नै महिला हिंसामा परेको उपप्रमुख र उपाध्यक्षहरूले बताएका छन्।

**महिलामाथि हुने हिंसामा अझै कमी आउन सकेन**

महिला हिंसाविरुद्ध विभिन्न कार्यक्रम सञ्चालन भइरहेको भए पनि महिलामाथि हुने हिंसामा अझै कमी आउन सकेका छैनन्। मदिराका कारणले महिलामाथि हिंसा हुने गरेको जानकारहरूले बताएका छन्। जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी नायव उपरीक्षक हेरम्ब शर्माका अनुसार महिलामाथि हुने हिंसाहरू धेरैजसो मिलापत्रमा सकिने गरेका छन्। आफूमाथि भइरहेका हिंसाका बारेमा अझै पनि महिलाहरू खुलेर बोल्न नसक्ने र प्रहरीमा पुगेका मुद्दा पनि अधिकांश मिलापत्रमा टुंगिने गरेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ।

गत आर्थिक वर्षमा बैतडीमा महिलामाथि हुने घरेलु हिंसाका ८० भन्दा बढी मुद्दा दर्ता भएको भए पनि सबै मिलापत्रमा टुंगिने गरेको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी नायव उपरीक्षक हेरम्ब शर्माले जानकारी दिनुभयो। यस्तै बैतडीमा गत आर्थिक वर्षमा जबरजस्ती करणीका २ र जबरजस्ती करणी उद्योगका २ वटा मुद्दा दर्ता भएका प्रहरी नायव उपरीक्षक शर्माले जानकारी दिनुभयो। महिलामाथि हुने घरेलु हिंसा न्यूनीकरणका लागि परिवारबाटै सचेतनाका अभियान सञ्चालन गर्नुपर्नेमा महिला अधिकारकर्मीहरूले जोड दिएका छन्।

## चिसोले चुनावी गतिविधि प्रभावित

**सरिता चलाउने, सल्यान**

सल्यानको पश्चिमी क्षेत्रमा अत्यधिक चिसोका कारण चुनावी गतिविधि प्रभावित भएका छन्। सबै मतदानस्थलमा कर्मचारी खटिए तापनि मतदातान केन्द्रहरूमा मतदाता परिचयपत्र लिन जानेको संख्या निकै न्यून रहेको देखिएको छ । मंगलबारदेखि मासममा परिवर्तन भई घाम नलाग्दा अत्यधिक चिसो बढेको पश्चिमका स्थानीयले बताएका छन।

उच्च भूभागमा रहेका मतदान केन्द्रका कर्मचारीहरू चिसोका कारण कामकाज गर्न निकै समस्या भएको बताउने गरेका छन्। बन्गाड कुपिन्डे वडा १२ मा पर्ने सबैभन्दा उच्च भूभाग रहेको सिद्धेश्वरी मावि निगांलचुलामा अत्यधिक चिसोले काम गर्न कर्मचारीलाई कठिनाइ भएको मतदान अधिकृत हरिजंग चन्दले बताउनुभयो। त्यसै गरी निगांलचुलाको अर्को मतदान केन्द्र गोबराई दुरमखोलामा पनि परिचयपत्र लिने मतदाताको संख्या न्यून रहेको मतदान अधिकृतहरूले जानकारी दिएका छन्।

गाउँघरमा चुनावी प्रचारमा खटिएका विभिन्न दलका कार्यकताले समेत चिसोले सताएको जनाउन थालेका छन्। बन्गाड कुपिन्डेकै वडा ८ कुपिन्डे, वडा ७ लेखसंग्रही, वडा २ र ३ को वामेका मतादानस्थलमा समेत चिसोका कारण कर्मचारीलाई कामकाज गर्न कठिनाइ भएको जनाइएको छ।

साथै उक्त क्षेत्रका मतदान केन्द्रमा पनि स्थानीय मतदाता परिचयपत्र लिन आउनेको संख्या निकै कम भएको जनाइएको छ। २ दिनदेखि घाम नलाग्दा यस क्षेत्रमा अत्यधिक चिसो बढेको छ। जसले गर्दा चुनावी गतिविधिदेखि मतदानस्थलमा खटिएका कर्मचारीसमेत चिसोले प्रभावित भएका छन्।

## दिक्तेल–भोजपुर सीधा यातायात सुचारु

खोटाङ, (नेस)

वर्षात्का कारण बिग्रिएको सडक मर्मतपछि खोटाङ सदरमुकाम दिक्तेलबाट भोजपुरसम्म सीधा यातायात सेवा सुचारु भएको छ। करिब ९१ किलोमिटर दिक्तेल-भोजपुर सीधा यातायात सुचारु भएको हो।

जिल्ला सदरमुकाम दिक्तेलबजारबाट भोजपुरको देउरालीसम्मका लागि बिहान ७ : १५ बजे बस छुट्ने व्यवस्था मिलाइएको यातायात व्यवसायी संघ खोटाङका महासचिव रामकुमार हिंमाङ्ले बताउनुभयो। गत वर्षदेखि सीधा यातायात शुरू भएको खोटाङ र भोजपुरमा देउरालीबाट पनि सोही समयमा बस छुट्ने व्यवस्था मिलाइएको छ।

हिउँदको समयमा मात्र यातायात सञ्चालन हुने यस सडकखण्डमा यसअघि यस वर्ष चखेवासम्म मात्र यातायात सञ्चालन हुँदै आएको थियो। सीधा यातायात सञ्चालन भएपछि भोजपुर पुग्नका लागि चखेवा भञ्ज्याङबाट अर्को बस परिवर्तन गर्नुपर्ने बाध्यता हटेको छ।

मध्यपहाडी लोकमार्गमा पर्ने दिक्तेल-चखेवाभञ्ज्याङ सडकखण्डमा कालोपत्रेको काम पनि तीव्र गतिमा भइरहेको छ। ३ वर्षभित्र सम्पन्न गर्नुपर्ने सम्झौताका साथ कालोपत्रेको काम थालिएको सडक फराकिलो पार्ने, ग्याभिङवाल भर्ने, पुल निर्माण गर्ने, गिटीढुंगा फोर्नेलगायतका काम भइरहेको सडक आयोजनाका इन्जिनियर युवराज पाण्डेले जानकारी दिनुभयो।

करिब ४६ किलोमिटर लामो सडक ५ खण्डमा विभाजन गरेर कालोपत्रेको काम गरिएको छ। गोल्डेन गुड प्रालिले ठेक्का लिएको सडक करिब १ अर्बको लगानीमा कालोपत्रे सम्पन्न हुने जनाइएको छ।

फेसबुक, मोबाइललगायत सञ्चारका साधनले गर्दा बालविवाह न्यूनीकरणमा समस्या बढ्दै गएको किशोरी अभियान्ताहरुको भनाइ छ। आधारभूत तहदेखि नै किशोरकिशोरीका हात–हातमा मोबाइल हुने भएकाले सञ्चारको दुरुपयोग गर्दा यो समस्या निम्तिएको अभियान्ताहरुले बताएका हुन्।

# पाँच महिना हुन नपाउँदै भत्कियो सडक

उत्तम नेपाल, भद्रपुर

ठेकेदार कम्पनीले गुणस्तरहीन निर्माण सामग्री प्रयोग गरी निर्माण गरेको सडक भासिन र भत्किन थालेको स्थानीयले आरोप लगाएका छन्। कालोपत्रे सडक निर्माण भएको ५ महिना बित्न नपाउँदै भासिन र भत्किन थालेपछि स्थानीयले ठेकेदारको कामप्रति असन्तुष्टी जनाउँदै आरोप लगाएका हुन्।

साविक पृथ्वीनगर गाविस-२ (हाल भद्रपुर नगरपालिका-१)स्थित सगरमाथाचोकदेखि डी गाउँ हुँदै शेरेचोकसम्म निर्माण भएको कालोपत्रे सडक २०७४ साल असार मसान्तमा सम्पन्न भएको सडक डिभिजन कार्यालय दमकले जनाएको छ। यो पृथ्वीनगरको सगरमाथाचोकदेखि बनियानीचोक निस्किने वैकल्पिक सडक पनि हो। निर्माण कम्पनीले सो सडकमा गुणस्तहीन काम गरेकाले अहिले सडक भासिन र भत्किन थालिसकेको स्थानीय मोहन पाण्डेले बताए। कालोपत्रे सडक निर्माण भएपछि अहिले बनियानीलगायत दक्षिण क्षेत्रतर्फ आवतजावत गर्ने ठूला तथा साना सवारीसाधन यही सडकबाट चल्न थालेका छन्। 'सवारीसाधन चल्न थालेपछि कालोपत्रे सडक कस्तो बनाइएको छ, अहिले हेर्दा प्रस्ट थाहा हुन्छ' -पाण्डेले भने।



सडक निर्माणाधीन अवस्थामै ठेकेदारले गुणस्तरहीन काम गरेको भन्दै स्थानीय उपभोक्ताले निर्माण कार्य रोकेका थिए। तर, सडक निर्माण कार्य हेर्न गठन गरिएको अनुगमन समितिभन्दा बाहिरका उपभोक्ताले बोल्न नमिल्ने भन्दै काम उपभोक्ताको सहमतिविपरीत सुचारु गराइएको उनले थपे। स्थानीय गणेश भुजेलका अनुसार रोलरको भाइब्रेसन कम भएका कारण सडक भासिन थालिसकेको बताए। 'रोलरको काम हुँदा म सडकमै थिएँ', उनले भने- 'भाइब्रेसन दियो भने रोलर चालकको शरीरलाई असर पर्ने भएकाले चालकले अन्य सवारीसाधन कुदाएर जस्तै गरी काम सकेकोले सडक गुणस्तरहीन बनेको हो।' ठेकदार र अनुगमन समितिको लापरबाहीले सडक गुणस्तरहीन बनेको स्थानीय टंक श्रेष्ठको आरोप छ। सडकमा कालोपत्रे गाडीबाट पानीजस्तै छर्दै हिँडेकाले सडक भत्किन शुरू भएको श्रेष्ठको भनाइ छ। ठेकदारसँग जानकारी लिँदा यो कालोपत्रे हैन आजकलको सेतोपत्रे हो भन्ने जवाफ दिएको उनले बताए। अनुगमन समितिका सदस्य राजन भट्टराईले सडकको केही भाग हिलो र दल-दल भएका कारण सडक भासिएको बताए।

अनुगमन समितिका अध्यक्ष मदन कंडेलले सडकको लागि बनाइएको अनुगमन समिति कागजी प्रक्रियाको लागि बनाइएको बताए। अनुगमन समितिलाई प्राविधिक विषयमा केही जानकारी नहुने उनको भनाइ छ। सडक खाली र अवरोध हटाउन काम गराउन मात्र समिति गठन गरिएकोले सडकको गुणस्तर सडक डिभिजनलाई थाहा हुने उनले जनाए।

करिब साढे ४ करोड लागतमा ५.५ किलोमिटर लम्बाई र ४ मिटर चौडाई सडकको ठेक्का दिवा निर्माण सेवा कम्पनीको नाममा शेरबहादुर थापाले लिएका थिए। नेपाल सरकारले सांसद् कोषमा ५ करोड बजेट क्षेत्र नम्बर ३ मा पठाएपछि पृथ्वीनगरमा कालोपत्रे सडक निर्माण भएको हो। पृथ्वीनगरबासीले गाउँमा पहिलो पटक लामो कालोपत्रे सडक देख्न पाएको स्थानीय बताउँछन्। यसअघि गाउँमा कालोपत्रे सडक निर्माण भएकै थिएन।

यता सडक डिभिजन कार्यालय दमकका सब-इन्जिनियर रामभरोष चौधरीले सडकको स्थलगत अनुगमनपश्चात् मात्र सडकको बारेमा केही बोल्न मिल्ने बताए। निर्वाचनमा खटिएकोले समयमा अनुकूल मिलाएर सडकको अनुगमन गर्ने उनले बताए। निर्माण कार्य गुणस्तरहीन बनेको पाइए पनि निर्माण कम्पनीको धरौटी रकम कार्यालयमा जम्मा भएको उनले बताए। 'एक वर्षसम्म सडक बिग्रिए र भत्किए निर्माण कम्पनीले फेरि सडक बनाउनुपर्छ', उनले भने- 'सडक नबनाए धरौटी रकम जफत गरिन्छ।'

ठेकेदार कम्पनीका निर्माण व्यवसायी शेरबहादुर थापाले यो डीबीएसटी कालोपत्रे सडक भएकोले केही समस्या आएको हुन सक्ने जानकारी गराउँदै स्थलगत अनुगमन गरी निर्माण कार्यमा त्रुटि भए पुनः सच्याएर बनाउने आश्वासन दिएका छन्।

# उपभोग्य वस्तुको मूल्य घट्यो

खोटाङ, (नेस)

खोटाङ र ओखलढुंगाको जयरामघाटस्थित दूधकोसीमा स्थायी पक्की पुल सञ्चालनमा आएपछि जिल्लामा उपभोग्य सामग्रीको मूल्य घटाइएको छ। बाटोमा पार गर्नुपर्ने दूधकोसीमा मोटरेबल पक्की पुल बनेलगत्तै खोटाङ उद्योग वाणिज्य संघले दैनिक उपभोग्य वस्तुको मूल्य घटाएको हो।

चामल, खाना पकाउने ग्यास, दाल, चिउरा, चिनी, नुन, तेल, दाल, मसला र साबुनलगायतका उपभोग्य वस्तुको मूल्य घटाइएको संघका अध्यक्ष राजेन्द्र लयालुले बताउनुभयो। पुलका कारण २४ थरिका उपभोग्य वस्तुको मूल्य प्रतिकेजी ५ देखि १० रुपियाँका दरले घटाइएको जनाइएको छ। संघले एमआरपी उल्लेखित उपभोग्य वस्तुलाई सोभन्दा बढी मूल्यमा बिक्रीवितरण नगर्नका लागि व्यवसायीलाई सचेत गराइएको छ। मध्यपहाडी लोकमार्गमा पर्ने दूधकोसीमा ८ वर्ष लगाएर पक्की पुल बनेको हो। पुल अभावमा दूधकोसीमा विगत ५/६ वर्षयता बेलिब्रिज राख्ने गरिएको थियो।

# बालविवाहमुक्त छतिवन

हेटौंडा, (नेस)



मकवानपुरको बकैया गाउँपालिकाका अभिभावकले बालविवाहमुक्त गाउँ बनाउने अभियान शुरू गर्ने प्रतिवद्धता जनाएका छन्। बालविवाह कसरी न्यूनीकरण गर्दै हटाउन सकिन्छ भन्ने विषयक कार्यशालामा ५ वर्षदेखि बालविवाहको तथ्यांक संकलन गरिने योजना बनाइएको थियो। सिविन बाल हेल्पलाइन नेपालको आयोजना तथा वसन किशोरी समूहको सहकार्यमा सञ्चालित कार्यक्रममा वसन गाउँका अभिभावकहरू प्रेम डिम्डुङ, कमलबहादुर विक, बाबु रुम्बा, अक्कलबहादुर डिम्डुङलगायतले समाजमा रहेको सामाजिक विकृति, जाँडरक्सी, पारिवारिक कलह, प्रविधिमा अभिभावक र बालबालिकाबीच बुझाइमा असमानता, प्रविधिको दुरूपयोग, बालबालिकाको शिक्षाप्रति अभिभावकको बेवास्ताजस्ता कारणले बालविवाह बढेको बताउनुभएको थियो। उक्त स्थानमा एक वर्षदेखि किशोरकिशोरीका लागि किशोरी सशक्तीकरण केन्द्रमार्फत् प्रतिदिन २ घण्टा किशोरी शिक्षा सञ्चालन भइरहेको र यसबाट बालविवाह न्यूनीकरणमा सहयोग पुगेको सिविन बाल हेल्पलाइन जिल्ला संयोजक झविन्द्र ज्ञवालीले जानकारी दिनुभयो।

कार्यक्रममा किशोरकिशोरी अवस्थामा आउने परिवर्तन, बालविवाह र कानुनी व्यवस्था, बालविवाहका असर र यसले निम्त्याउने परिणाम, बालविवाह न्यूनीकरणमा अभिभावकले निर्वाह गर्नुपर्ने जिम्मेवारीलगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

४० किशोरकिशोरीका अभिभावकको सहभागिता रहेको कार्यक्रममा सिविन बाल हेल्पलाइनका ज्ञवाली र सम्झना अधिकारीले सहजीकरण गर्नुभएको थियो।

# अलैंचीको स्तर निर्धारणसँगै बिक्री शुरू

नेपाल समाचारपत्र

लमजुङ



लमजुङमा अलैंचीको ग्रेडिङ अर्थात् गुणस्तर निर्धारणसँगै बिक्री शुरू गरिएको छ। जिल्लामा उत्पादित अलैंचीको आकार र गुणस्तरका आधारमा तीन तहमा छुट्याउने गरिएको छ।

जिल्लाका अलैंची कृषक यतिबेला अलैंचीको स्तर छुट्याउने कार्यमा व्यस्त देखिन्छन्। सबैभन्दा उच्चस्तरको अलैंची 'जम्बो जेट' (जेजे), मध्यम खालको (एसडी) र चलनचल्तीका गरी तीन तहमा अलैंचीको गुणस्तर कायम गर्ने गरिएको जिल्ला कृषि विकास कार्यालयका प्रमुख कृष्णभद्र अधिकारीले बताउनुभयो। उहाँका अनुसार उच्चस्तरको जम्बो जेट श्रेणीको अलैंची आकारमा ठूलो हुन्छ।

यतिबेला उच्चस्तरको अलैंचीको बजार मूल्य प्रतिकेजी ६८० देखि ७ सय रुपियाँसम्म रहेको नेपाल अलैंची व्यवसायी महासंघ लमजुङका अध्यक्ष अजय तामाङले बताउनुभयो। उहाँका अनुसार दोस्रो तहको मध्यम आकारको अलैंचीको मूल्य प्रतिकेजी ६५० देखि ६७० रुपियाँसम्म पर्ने गर्दछ। त्यसै गरी, तेस्रो तहको सामान्य चलनचल्तीको अलैंचीको मूल्य प्रतिकेजी ६ सय रुपियाँ रहेको तामाङको भनाइ छ।

गतवर्षको तुलनामा यसवर्ष अलैंचीको मूल्यमा भारी गिरावट आएको छ। अघिल्ला वर्षमा 'जम्बो जेट' मूल्य प्रतिकेजी १ हजार १ सयदेखि १ हजार ४ सय रुपियाँसम्ममा बिक्री भएको थियो। मध्यम अलैंचीको मूल्य प्रतिकेजी १ हजार १ सयदेखि १ हजार ३ सय रुपियाँसम्म र सामान्य चलनचल्तीको अलैंचीको मूल्य प्रतिकेजी १ हजार रुपियाँदेखि १ हजार २ सय रुपियाँसम्म बिक्री भएको तामाङले जानकारी दिनुभयो।

दुई वर्षयता अन्तर्राष्ट्रिय बजारमा अलैंचीको मूल्यमा उच्च गिरावट आएको छ। भारतमा अलैंची उत्पादनमा अस्वाभाविक वृद्धि र न्यून गुणस्तरको अलैंची मिसावट रहेकाले मूल्यमा गिरावट आएको नेपाल अलैंची व्यवसायी महासंघ लमजुङका अध्यक्ष तामाङले बताउनुभयो। उहाँका भन्नुभयो- 'अन्तर्राष्ट्रिय बजारमा आफ्नो पहिचान कायम गर्नका लागि गुणस्तर निर्धारणको प्रयासमा छौं।'

अलैंचीको गुणस्तर कायम राख्नका लागि संघले अलैंची किसानहरूलाई सुधारिएको अलैंची भट्टीमा अलैंची सुकाएर पुच्छर कैंचीले काट्ने तालिम समेत संघले दिएको तामाङले बताउनु हुन्छ। जिल्लामा उत्पादित अलैंची झापाको बिर्तामोड हुँदै भारत जान्छ र भारतबाट अन्तर्राष्ट्रिय बजारमा पुग्ने गरेको छ।

यसवर्ष दोर्दी गाउँपालिका-८ स्थित खिन्चोक गाउँका किसान मनबहादुर तामाङले ८ क्विन्टल उत्पादन गर्नुभएको छ। उहाँ जिल्लामा सबैभन्दा बढी अलैंची उत्पादन गर्ने किसानका रूपमा गणना हुनुभएको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ।

# मतगणनास्थलमा सुरक्षा व्यवस्था कडा




रविन भट्टराई, ताप्लेजुङ

पहिलो चरणमा निर्वाचन सम्पन्न भएको ताप्लेजुङमा मतगणनाको समयलाई मध्यनजर गर्दै सुरक्षा व्यवस्था कडा बनाइएको छ।

सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै सदरमुकाममा सुरक्षा व्यवस्था कडा बनाउनुको साथै मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सीसी क्यामरा जडान भएका मतगणनास्थलमा थप घेराबारा गरिएको छ।

मतगणनाको समयमा राजनीतिक दलद्वारा र अन्य व्याक्तिबाट कुनै दुर्घटना हुन सक्ने सम्भावनालाई मध्यनजर राख्दै गणनास्थलमा काठको फ्रेममा प्लास्टिकको डोरी प्रयोग गरी बार लागाइएको मुख्य निर्वाचन अधिकृत कृपासुर कार्कीले जानकारी दिनुभयो।

बारबाहिर राजनीतिक दलका प्रतिनिधि रहने र भित्र मतगणना गरिने तयारी भएको कार्कीको भनाइ छ। राजनीतिक दलका प्रतिनिधिसँगै उनीहरूलाई निगरानी गर्न सुरक्षाकर्मी पनि राख्ने तयारी भएको छ। मतगणना स्थललाई सीसी क्यामराबाट पनि निगरानी गर्ने व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो।

यता मत गणनाको समय नजिकिँद गएकाले मुख्य निर्वाचन अधिकृतको कार्यालय आसपासमा हुने गतिविधिलाई नियाल्दै सुरक्षा व्यवस्था कडा पारिएको प्रमुख जिल्ला अधिकारी मोहन जीसीले जानकारी दिनुभयो।

ताप्लेजुङमा दोस्रो चरणमा निर्वाचन सम्पन्न भएको मंसिर २१ गते साँझ ५ बजे बाट नै मतगणना गर्ने तयारी भएको छ। मतगणना ४ वटा कोठामा गरिने र प्रदेशसभा र प्रतिनिधिसभाको एकैपटक गनिने मुख्य निर्वाचन अधिकृतले जानकारी दिनुभयो।

यसै बीच मुख्य निर्वाचन अधिकृतको कार्यालयले मतगणना कार्यमा खटिने दलका प्रतिनिधिलाई समेत मतगणनासम्बन्धी अनुशिक्षण दिने तयारी गरेको छ। निर्वाचनमा सहभागी प्रत्येक दलबाट १० जनासम्मलाई आज एकदिने अनुशिक्षण दिइने मुख्य निर्वाचन अधिकृत कार्कीले जानकारी दिनुभयो।

# सामाजिक सञ्जालले बालविवाह बढ्यो

बैतडी, (नेस)

पछिल्लो समय बैतडीमा बालविवाहको मुख्य कारण सञ्चारका साधन तथा सामाजिक सञ्जाल बन्न थालेका छन्। फेसबुक, मोबाइललगायत सञ्चारका साधनले गर्दा बालविवाह न्यूनीकरणमा समस्या बढ्दै गएको किशोरी अभियान्ताहरूको भनाइ छ। आधारभूत तहदेखि नै किशोरकिशोरीका हात-हातमा मोबाइल हुने भएकाले सञ्चारको दुरुपयोग गर्दा यो समस्या निम्तिएको अभियान्ताहरूले बताएका हुन्। बैतडीमा फोन र फेसबुकको माध्यमबाट सम्पर्क गरेर किशोरीहरू भाग्ने चलन बढिरहेको बालबालिकाका क्षेत्रमा काम गर्ने संघसस्थाले जनाएका छन्।

अब बैतडीका किशोरीलाई १२ कक्षा नपढुन्जेसम्म मोबाइल बोक्न बन्देज गर्नुपर्ने स्थानीयस्तरमा कानुन बनाउनुपर्ने युवा सञ्जाल बैतडीका सदस्य सपना रानामगरले बताउनुभयो। सञ्चारका साधनले बालविवाह न्यूनीकरणमा सक्रिय किशोरीहरू पनि भागेर जाने गर्दा झनै समस्या भएको किशोरी रेजिना टेलरले बताउनुभयो। उहाँले भन्नुभयो- 'पछिल्लो समय जिल्लामा सक्रिय किशोरी नै फोन र फेसबुकबाट कुरा गरेर भागेर जाने चलन रहेको छ।'

अहिले जिल्लामा सबैभन्दा बढी किशोरीहरू मोबाइलका कारण बलात्कारको शिकार हुनुपरेको समेत उहाँले बताउनुभयो। बैतडी भारतसँगै जोडिएको जिल्ला भएकाले फोनमा र फेसबुकमा कुरा गरी भागेर भारत जाने गरेको उहाँले बताउनुभयो।। बैतडीको सीमानाका झुलाघाटबाट चालु आर्थिक वर्षमा हालसम्म २४ जना किशोरकिशोरीको उद्धार गरेको प्रहरीले जनाएको छ।

यसैबीच बैतडीमा बालविवाह अन्त्यका लागि रणनैतिक कार्ययोजना तयार पारेको छ। सन् २०३० मा नेपाललाई बालविवाहमुक्त घोषणा गर्ने नेपाल सरकारको लक्ष्यअन्तर्गत बैतडी जिल्लालाई पनि बालविवाहमुक्त जिल्ला घोषणा गर्नुपर्ने भएकाले जिल्लामा रणनैतिक कार्ययोजना तयार पारिएको हो।

बैतडीका १० वटै स्थानीय तहका उपप्रमुख, उपाध्यक्ष, किशोरीवृत्त, प्रतिष्ठित धामीसमूह, पत्रकारलगायत सरोकारवालाहरूले बालविवाहमुक्त घोषणा गर्नका लागि कस्ता क्रियाकलाप गर्ने भन्नेबारेमा छलफल गरी रणनैतिक कार्ययोजना तयार पारेको संयुक्त राष्ट्र संघीय जनसंख्या कोषका जिल्ला कार्यक्रम अधिकृत गणेश शाहीले जानकारी दिनुभयो। बैतडीमा किशोरी सञ्जाल, किशोरी समूह किशोरीवृत्त गठन गरी बालविवाह न्यूनीकरण गर्नका लागि किशोरी सक्रिय रहेका छन्।

जिल्ला समन्वय समितिको कार्यालय
**बाँके, नेपालगञ्ज**
**५ नं.प्रदेश, नेपाल**

**आशय पत्र सम्वन्धी सूचना**
**(प्रकाशित मिति २०७४/०८/२० गते )**

यस कार्यालयबाट मिति २०७४/०३/२६ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार निम्न ठेक्का को लागि निम्न बोलपत्रदाताहरुको न्यूनतम मूल्यांकित बोलपत्र सारभुत रुपमा प्रभावग्राही रहेकोले स्वीकृतीको लागि छनौट गरिएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि अनुरोध छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | वोलपत्रदाताको नाम र ठेगाना | कवोल गरेको रकम (मु.अ.कर वाहेक) |
|---|---|---|---|---|
| १ | ठेक्का नं. DCC/Banke/ NCB 91-073-74 | फत्ते बाल आँखा अस्पत्तालको परिसर मा नाला ,गेट तथा सौचालय निर्माण कार्य | दिनेश निर्माण सेवा ,दुनै-१,डोल्पा | ५३०३५०८.३० |
| २ | ठेक्का नं. DCC/Banke/ TBSWAp/G/NCB 92-073-74 | मानखोला भट्टीटोल सस्पेन्सन ब्रिजको स्टील फेब्रीकेशन सप्लाई कार्य | रिजवान ईन्जिनियरिंग ईण्डष्टिज, नेपालगंज | २६८०८६९.३१ |
| ३ | ठेक्का नं. DCC/Banke/ TBSWAp/G/NCB 93-073-74 | परुवाखोला सस्पेन्सन ब्रिजको स्टील फेब्रीकेशन सप्लाई कार्य | रिजवान ईन्जिनियरिंग ईण्डष्टिज, नेपालगंज | २२५३११२.८६ |
| ४ | ठेक्का नं. DCC/Banke/ TBSWApG/NCB 94-073-74 | लुम्दी खोला ट्रस ब्रिजको स्टील फ्रैकेशन सप्लाई कार्य | रिजवान ईन्जिनियरिंग ईण्डष्टिज, नेपालगंज | १०१६५६२.१० |

**जिल्ला समन्वय अधिकारी**

नेपाल समाचारपत्र
www.newsofnepal.com
2017, DEC Wednesday 6

# विश्व

**विवशता**



भारतको बैंगलोरमा कुष्ठरोगी साजिदा वेगमले औंठा छाप र आँखाको रेटिनाका अभावमा वृद्धा भत्ताका लागि परिचयपत्र बनाउन नसकेको घटना निकै आलोचित भएको छ।

**विरोध**



युक्रेनको किभमा जर्जियाका पूर्वराष्ट्रपति मिखेइल साकास्भिलीलाई सुरक्षाकर्मीले पक्राउ गर्न खोज्दा समर्थकहरूले विरोध गर्दै।

## विश्व २ मिनेट

### अमेरिका

#### फेल्टम्यान प्योंगयांगमा

न्युयोर्क, (एजेन्सी)

संयक्त राष्ट्र संघका राजनीतिक मामिला प्रमुख जेफ्री फेल्टम्यानले मंगलबार अप्रत्यासित रूपमा उत्तर कोरियाको ४ दिने भ्रमण शुरू गरेका छन्। छ वर्ष पछि प्योङयाङ पुग्ने उनी संयक्त राष्ट्र संघका पहिलो वरिष्ठ अधिकारी हुन्। उत्तर कोरियाले सेप्टेम्बरमा 'नीति वार्ता' का लागि संयुक्त राष्ट्र संघलाई भ्रमण आमन्त्रण गरेको थियो। गत साता मात्र प्योङयाङले अमेरिकाको कुनै पनि भागमा पुग्न सक्ने भनिएको सबैभन्दा शक्तिशाली अन्तर महादेसीय क्षेप्यास्त्र प्रक्षेपण गरेको थियो। फेल्टम्यान पूर्वअमेरिकी वरिष्ठ कूटनीतिज्ञ हुन्।

### यमन

#### सालेह मारिए

साना, (एजेन्सी)

यमनका अपदस्थ राष्ट्रपति अलि अब्दुल्लाह सालेहलाई राजधानी सानानजिक हौथी लडाकूहरूले मारेका छन्। अरब जगत्कै सबैभन्दा गरिब मुलुक यमनको राजनीतिक वृत्तमा यस अप्रत्यासित घटनाको प्रभाव निकै पर्ने अनुमान गरिएको छ। सालेहको गठबन्धनबाट छुटेर शत्रु बन्न पुगेका हाथी समूहको नियन्त्रणमा रहेको क्षेत्रको गृहमन्त्रालयले सोमबार सबैभन्दा पहिले सालेह मारिएको घोषणा गरेको थियो। त्यसपछि सालेहको राजनीतिक पार्टी जनरल पिपुल्स कंग्रेस (जीपीसी) ले अल जाजिरा टेलिभिजनमार्फत् उनको हत्या पुष्टि गरेको थियो।

### दक्षिण कोरिया

#### टायर कारखानामा किम

सोल, (एजेन्सी)

उत्तर कोरियाली नेता किम जोङ उन देशको सबैभन्दा ठूलो ब्यालेस्टिक क्षेप्यास्त्रको सफल परीक्षणको सियाली मनाउन एउटा टायर कारखानामा पुगेको बताइएको छ। उत्तर कोरियाको ह्वाङसाङ १५ क्षेप्यास्त्र परीक्षणको केही दिनपछि किम उक्त रकेट बोकेको बाहनका लागि टायर बनाउने कारखानामा पुगेका हुन्। उत्तर कोरियाले उक्त अन्तरमहाद्विपिय क्षेप्यास्त्रको सफल परीक्षणपछि परमाणु कार्यक्रम सफल भएको दाबी गरेको थियो। अमेरिका र दक्षिण कोरियाको सैन्य अभ्यास यसै हप्ता शुरू हुन लागेकोमा उत्तर कोरियाले 'पालग डोनाल्ड ट्रम्प' सँग निर्मम सम्बन्ध बनाइराख्ने प्रतिवद्धता व्यक्त गरेको छ।

### जापान

#### भुकम्पमा नयाँ खोज

टोकियो, (एजेन्सी)

भूकम्प आउँदा गुरुत्वाकर्षणमा आउने झिनो हेरफेर मापन गरी मिनेटभरमा कयौंको अमूल्य जीवन बचाउन सक्ने जर्नल साइन्समा प्रकाशित नयाँ सोधले जनाएको छ। सन् २०११ को जापान भूकम्पका डाटालाई पुन: अध्ययन गरिरहेका अनुसन्धानकर्ताहरूले गुरुत्वाकर्षणमा आएको परिवर्तनका आधारमा भूकम्पको तिब्रता शुरू भएको तीन मिनेटपछि नै जनतालाई जानकारी गराउन सक्ने संकेत दिएका छन्। अमेरिकी जियोलोजिकल सोसाइटीले पृथ्वीको परिक्रमण गतिमा सिथिलता आइरहेकाले सन् २०१८ मा ठूल्ठूला भूकम्प आउन सक्ने सम्भावना बढेको सोधपत्र जारी गरेपछि आएको यस खोजले प्रकोप ब्यवस्थापनमा राहत पुग्ने आशा गरिएको छ।

## जेरुसलमलाई राजधानीको दर्जा दिने ट्रम्पको निर्णयमा विवाद

# म्याक्रोंद्वारा एकपक्षीय निर्णयप्रति चिन्ता व्यक्त







पेरिस, (एजेन्सी)

फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोंले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई जेरुसेलमलाई इजरायलको राजधानीका रूपमा मान्यता दिने अमेरिकी नेताको एकपक्षीय निर्णयलाई लिएर आफू चिन्तित भएको बताए।

उक्त शहरको स्थितिमा कुनै पनि फैसला 'इजरायल र प्यालेस्टाइन वार्ताको फ्रेमवर्क भित्र' हुनुपर्ने म्याक्रोंले बताए। यसैहप्ता जेरुसलमलाई इजरायली राजधानीको मान्यता दिने र अमेरिकी दूतावास उक्त शहरमा स्थानान्तरण गर्ने ट्रम्पको फैसलामा अरब तथा मुस्लिम मुलुकले विरोध गरिसकेका छन्।

इजरायल तर प्यालेस्टाइन दुवैले उक्त शहरलाई आ-आफ्नो राजधानी दावी गरिरहेका छन्। अमेरिकी राष्ट्रपति ट्रम्पले बुधबार आफ्नो सम्बोधनमा जेरुसलमलाई इजरायलको राजधानी मान्यता दिने घोषणा गर्न सक्ने समाचारमा जनाइएको छ। तर ह्वाइट हाउसले अमेरिकी दुतावास टेलअभिवबाट जेरुसलममा सार्ने प्रक्रियामा ढिलाइ हुन सक्ने संकेत दिएको छ।

इजरायल प्यालेस्टाइन विवादमा जेरुसलमको दर्जा एक महत्वपूर्ण मुद्दा हो। ट्रम्प आफ्नो यो फैसलामा विचार गरिरहेकै बेला मध्यपूर्व लगायत विश्वका नेताहरूले दशकौं पुरानो अमेरिकी नीतिमा आएका विचलनलाई लिएर सार्वजनिक चेतावनी जारी गरे। इजरायली रक्षा मन्त्री एविग्डोर लिबरमानले ट्रम्पलाई यस ऐतिहासिक अवसरलाई हातबाट फुत्कन नदिन सुझाव दिएका थिए। यसबीच टर्कीका उप प्रधानमन्त्री बेकिर बोजदागले यदि जेरुसलमको स्थिति परिवर्तन भएमा र त्यस दिशामा अर्को कदम उठाइएमा ठुलो विध्वंश निम्तिने चेतावनी दिए। उनले यस क्षेत्रमा संवेदनशील शान्ति प्रक्रिया पूर्ण रूपमा नष्ट हुने र नयाँ विवाद, नयाँ संघर्ष बढ्ने र नयाँ शिराबाट अशान्ति फैलिने चेतावनी पनि दिए।

ह्वाइट हाउसका अधिकारीहरूले राष्ट्रपतिबाट अहिले नै अन्तिम फैसला नलिएको र सम्भवत: दूतावास जेरुसलममा स्थानान्तरित गर्ने फैसलालाई अगाडि नबढाइने संकेत दिए। ह्वाइट हाउसका प्रवक्ता होगन गिडले यस सम्बन्धमा फैसलाको घोषणा आगामी दिनमा हुने बताए। यस मुद्दामा राष्ट्रपतिको धारणा प्रष्ट भएको बताउँदै यो हुन्छ वा हुँदैन भन्ने मामिला नभई कहिले हुन्छ, भन्ने मात्र भएको उनले बताए।

अरब लिगका प्रमुख, टर्की, जोर्डन र प्यालेस्टिनी नेताहरूले यसबाट गम्भिर परिणाम निस्कने चेतावनी दिएका छन्। इजरायल र अरबबीच उक्त शहरको भविष्यलाई लिएर ठूलो विवाद रहेको छ। ट्रम्पको सम्भावित घोषणालाई लिएर इजरायल सरकारले कुनै टिप्पणी गरेको छैन।

अमेरिकी दूतावासलाई इजरायली राजधानी तेलअभिवबाट जेरुसलममा सार्ने प्रक्रियालाई विलम्ब गर्ने मस्यौदामा ट्रम्पले हस्ताक्षर गर्नु थियो तर यसको समयसीमा सोमबार समाप्त भइसकेको छ।

दूतावास जेरुसलममा सार्नका लागि अमेरिकी कांग्रेसले १९९५मा एक कानुन पारित गरेको थियो। त्यहिबेलादेखि उक्त योजना कार्यान्वयन ढिलाइ गर्ने अनुमति दिने निर्णयमा सबै राष्ट्रपतिले प्रत्यक ६ महिनामा हस्ताक्षर गर्दै आइरहेका छन्।

ट्रम्पले आफनो चुनावी अभियानमा दूतावासलाई जेरुसलम लग्ने प्रतिबद्धता पटक पटक व्यक्त गरेका थिए। अहिले पनि उनी आफ्नो उक्त नीतिमा अडेका छन्। तर उनले अहिलेसम्म त्यसलाई पूरा गर्न सकेका छैनन्।

**मध्यपूर्व तनावको प्रमुख कारण**

जेरुसलम अरब र इजरायलीबीच विवादको एक प्रमुख मुद्दा हो। सहरको पूर्वमा यहुदी, इस्लाम र इसाइ धर्मका पवित्र धार्मिक स्थल रहेको छ। सन् १९६७को मध्य पुर्व युद्धमा इजरायलले उक्त इलाकामाथि कब्जा गरेको थियो र सम्पूर्ण शहरलाई आफ्नो अविभाज्य राजधानी घोषण गरेका थिए।

तर प्यालेस्टाइनले पनि पुर्वी जेरुसलमलाई आफनो भविष्यको राज्यको राजधानी भएको दावी गर्दै आइरहेको छ।

१९९३मा इजरायल र प्यालेस्टाइनबीच भएको शान्ति सम्झौताअनुसार उक्त शहरको बारेमा भविष्यको शान्ति वार्तामा तय गरिनेछ। हाल इजरायलको अधिनमा रहेको भएपनि जेरुसलममाथि इजरायली अधिकारलाई कहिले पनि अन्तराष्ट्रिय मान्यता प्राप्त भएको छैन। इजरायलको सबैभन्दा निकत मानिएको अमेरिकालगायत विश्वका कुनै पनि देशले आफ्नो दूतावासलाई तेलअभिवमै राखेका छन्।

तर सन् १९६७ पछि इजरायलले पूर्वीजेरुसलममा नयाँ बस्तीहरू बसालेका छन्, जसमा करिब २ लाख यहुदी बसोबास गर्दै आइरहेका छन्। अन्तर्राष्ट्रिय कानुनअनुसार त्यसलाई अवैध निर्माण मानिएको छ तर इजरायलले यसलाई अस्वीकार गरेको छ।

## 'बलात्कारको समर्थन गर्ने वकिल'




कायरो, (एजेन्सी)

च्यातिएको जिन्स लगाउने महिलाहरूलाई संजायस्वरूप बलात्कार गरिनुपर्ने अभिव्यक्ति दिने इजिप्टका एकजना वकिललाई एक अदालतले तीन वर्ष लामो कारवास संजाय सुनाएको छ।

नाविह अल -वाहस नामक ती कट्टरपन्थी वकिललाई १ हजार १ सय ३० अमेरिकी डलर पनि जरिवाना गरिएको छ। गत अक्टोवरमा देह वयापारी महिलाहरू विरुद्धको कानुनको मस्यौदा बनाउनेबारे सरकारी टेलिभिजनमा भएको एक बहस कार्यक्रममा उनले त्यस्तो प्रतिक्रिया जनाएका थिए। उनले सो कार्यक्रममा भनेका थिए , 'के शरिरका पछाडीको भाग नाँगै देखाएर सडकमा हिंडिरहेकी कुनै केटी देखदा तपाईंहरूलाई खुशी लाग्छ ? त्यस्ता केटिलाई देख्ना साथ यौन उत्पीडन गरिनु राष्ट्रिय कर्तव्य हुन आउँछ। यसरी अंग प्रदर्शन गरी महिलाहरूले पुरुषहरूलाई यौन दुर्व्यवहार गर्न आमन्त्रण गरिरहेका हुन्छन्।'

उनका यस्ता विचारोत्तेजक अभिव्यक्ति सार्वजिनक भएपछि उनलाई कारबाही गर्न व्यापक जन दवाव परेको थियो। गत वर्ष पनि एउटा टेलिभिजन कार्यक्रममा महिलाले टाउकोमा स्कार्फ बाध्नु नपर्ने बताएका एक धर्म अधिकारी माथि उनी निकै उग्र रूपमा पेश भएका थिए।

## सर्वोच्च अदालतद्वारा ट्रम्पको समर्थनमा आदेश

वासिंगटन, (एजेन्सी)

अमेरिकी सर्वोच्च अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पले विशेषत: विश्वका छ वटा मुश्लिम राष्ट्रमाथि लगाएको भ्रमण प्रतिवन्धलाई पूर्ण रूपमा लागू गर्न आदेश दिएको छ। यस सम्बन्धी यसअघिका सम्पूर्ण कानुनी चुनौतीलाई मुल्तबीमा राखिएको छ।

अदालतको यस निर्णयले ट्रम्पको चाद , इरान , लिविया , सोमालिया र यमनका नागरिकलाई अमेरिका भ्रमण माथ प्रतिबन्ध लगाउने नीतिलाई बल पुगेको छ। ट्रम्प सत्तामा पुगे यता यस विषयमा अदालतले दिएको यो तेस्रो आदेश हो।

ट्रम्पको उक्त नीतिमाथि तल्लो अदालतहरूबाट लगाइएको प्रतिबन्ध सर्वोच्चका नौमध्ये ७ जना न्यायाधीशले फुकुवाको निर्णय गरेका हुन्। लिवर न्यायधिशद्वय रुथ ब्याडर गिन्सवर्ग र सोनिया सोटोमेयरले मात्र उक्त प्रतिबन्ध कायम राख्ने निर्णय दिएका छन्।

क्यालिफोर्नियाको सान फ्रान्सिसस्थित संघीय पुनरावेदन अदालतहरूले यसैसाता ट्रम्पको नीतिमाथि गरिएको पछिल्लो निर्णय वैधानिक छ वा छैन भन्नेबारे सुनुवाई गर्ने भएका छन्। सर्वोच्च अदालतले ति अदालतले पनि आफ्नै पक्षमा निर्णय दिने आशा गरेको छ।

अमेरिकी राष्ट्रपति भवन व्हाइट हाउसका प्रवक्ता होगान गिड्लीले सर्वोच्चको निर्णयबाट व्हाइट हाउस आश्चर्यमा नपरेको बताएका छन्। यसैबीच अमेरिकी महान्यायाधिवक्ता जेफ सेसन्सले सर्वोच्चको यो निर्णय अमेरिकी जनताको बचावट र सुरक्षाको विजय भएको प्रतिक्रिया दिएका छन्। तर अमेरिकी जन मुक्ति संघ (एसीएलयु) ले ट्रम्पले हालै गरेका ट्विटबाट पनि उनको इस्लाम विरुद्ध पूर्वाग्रह रहेको जनाएको छ।




## 'तीन तलाक' परम्पराविरुद्ध कानुन बन्ने

नयाँदिल्ली, (एजेन्सी)



भारतमा हाल विचाराधीन अवस्थामा रहेको नयाँ विधेयकका अनुसार तत्काल आफ्ना पत्नीलाई तलाक दिने पतिहरूलाई अधिकतम् तनि वर्ष लामो कारावास स.जाय हुनसक्ने भएको छ। मुश्लिम समदायको परम्पराअनुसार इमेलदेखि टेक्स मैसेजमात्र पठाएर पत्नीलाई तनि पटक ' तलाक ' भनेपछि स्वत: पतिपत्नीबिचको वैवाहिक सम्बन्ध आधिकारिक रपमा समाप्त हुने स्थिति रहेको छ।

गत अगस्टमा भारतको सर्वोच्च अदालतले यस्तो पारपाचुके लिने तरिकालाई असंवैधानिक घोषित गरेको थियो। तर सरकारी अधिकारीहरूले अझै पनि यो परम्परा समाजमा जारी नै रहेको दावी गरेका छन्। नयाँ कानुन बनाउनका लागि प्रस्तावित विधेयकमा पिढित महिलाहरूका लागि आर्थिक सहयोग उपलब्ध गराउन पिडकलाई आर्थिक जरिवानाको पनि व्यवस्था गरिन लागेको हो।

मुश्लिम महिलाको रक्षाको अधिकार माथिको विवाह विधेयकको मस्यौदालाई अहिले छलफलका लागि क्षेत्रीय सरकारहरूसमक्ष पठाइउको छ। प्रेस ट्रस्ट अफ इन्डियाले उक्त विधेयकको प्रमुख उद्देश्य ' तीन तलाक ' माथि कडा प्रतिवन्ध लगाउनु र यस कानुन उल्लंघन गर्नेलाई दण्ड र जरिवानाको व्यवस्था गर्नु रहेको जनाएको।

साथै परम्परागत रूपमा कुनै पतिले पत्नीलाई यसरी तलाक दिइएको खण्डमा भविष्यमा पीडित पत्नीलाई यसले कानुनी उपचारको हक प्रदान गर्ने विश्वास लिइएको छ। वर्तमान प्रचलित कानुन मस्यौदाअनुसार यस्तो समस्याबारे उजुरी परेका खण्डमा आशंकित अभियुक्तलाई जमानत नदिइने व्यवस्था मात्र रहेको छ।

भारतिय सञ्चार माध्यमले डिसेम्बरको मध्यदेखि शुरू हुने हिउँदे संसदीय अधिवेशनमा यस विधेयक माथि छलफल हुने जनाएको छ। भारतमा मुसश्लिम समुदाय अल्पमतमा रहेको छ। ५ जना महिलाले ' ३ तलाक ' प्रावधानले आफ्नो मुलभूत मानवअधिकार हनन भएको भन्दै याचिका पत्र दायर गरेपछि सर्वोच्च अदालतले त्यसलाई अवैधनिक करार गरेको थियो।

संविधानले प्रत्याभूत गरेका मौलिक अधिकारको उल्लंघन गर्दै सरकारले नै पत्रकार गिरफ्तार गर्नु कानुनीराजको विरुद्ध भएको भन्दै रिटमा नेपाल सरकारलाई विपक्षी बनाइएको छ।

# ४ सय प्रतिनिधि नेपाल आउँदै

काठमाडौं, (नेस)

भोलि बिहीबार हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको पर्यवेक्षणका लागि जापानका संसदीय उप-विदेशमन्त्री इवाओ होरीसहितका विशिष्ट विदेशी पाहुना नेपाल आउँदै छन्।

जापानी उपमन्त्री होरी नेतृत्वको टोली आज बुधबार काठमाडौं आइपुग्दै छ। त्यसैगरी कार्टर सेन्टर, युरोपियन युनियन, एन्फ्रेल्डलगायतका संस्थाबाट पनि पर्यवेक्षक नेपाल आउँदै छन्। विभिन्न मुलुकबाट करिब ४ सय पर्यवेक्षक प्रतिनिधि नेपाल आउने तयारीमा रहेका निर्वाचन आयोगका प्रवक्ता नवराज ढकालले जानकारी दिनुभयो।

'नेपाल आउने ठूलो टोलीमा युरोपियन युनियन (ईयू)का सांसद हुनुहुन्छ', उहाँले भन्नुभयो- '(ईयू)का करिब १ सय जना सांसद निर्वाचन पर्यवेक्षणका लागि आउने तयारीमा हुनुहुन्छ।' उहाँका अनुसार ईयूका सांसद टोलीले काठमाडौं उपत्यकासहित विभिन्न जिल्लाको अनुगमन गर्नेछन् साथै केही सांसदले निर्वाचनपछिको अवस्थासमेत नियाल्नेछन्।

यसैबीच जापानी उपमन्त्री होरी नेपाल आएलगत्तै आज राष्ट्रपति विद्यादेवी भण्डारी, प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले भेट्ने काठमाडौंस्थित जापानी दूतावासले जनाएको छ। निर्वाचन आयोगकाअनुसार विभिन्न ५२ स्वदेशी संघ/संस्थाले निर्वाचन अनुगमन गर्दै छन्।

# सचिवालयमा प्रविधिमैत्री अभ्यास

काठमाडौं, (नेस)

काठमाडौंस्थित सार्क सचिवालयले सदस्य राष्ट्रहरूबीचको संवादलाई प्रविधिमैत्री बनाएको छ। भिडियो कन्फ्रेन्समार्फत् सचिवालय र सदस्य मुलुकहरू प्रत्यक्ष-अप्रत्यक्ष संवाद र छलफलमा रहने सक्ने बताइएको छ।

गत वर्षदेखि परीक्षणका रूपमा शुरू गरिएको प्रविधिमैत्री संवाद सञ्चारको मंगलबार सार्क महासचिव अम्जाद हुसियान वी सियालले शुभारम्भ गर्नुभयो। यस्तो अभ्यास औपचारिक र नियमित बनेकाले सदस्य राष्ट्रका अधिकारीहरूले आ-आफ्नो मुलुकमा रहेर औपचारिक र अनौपचारिक बैठक र संवाद आदान-प्रदान गर्न सक्ने सचिवालयले जनाएको छ।

यस्तो अभ्याससँगै विस्तृत बैठक र अन्य औपचारिक कार्यक्रमबाहेकका स-साना गतिविधि सदस्य राष्ट्रहरूबाटै सम्पादन गर्न सघाउ पुग्ने सार्क सचिवालयकी नेपाल निर्देशक रीता धितालले जानकारी दिनुभयो।

# पत्रकार गिरफ्तारविरुद्ध सर्वोच्चमा रिट

**नेपाल समाचारपत्र**

काठमाडौं

बिनाकारण ५ जना पत्रकारलाई गिरफ्तार गरिएको भन्दै रिहाइको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर भएको छ। नेपाल पत्रकार महासंघका तर्फबाट महासंघका केन्द्रीय सदस्य जन्मदेव जैसीले फरक-फरक तीन रिट मंगलबार दायर गर्नुभएको हो।

संविधानले प्रत्याभूत गरेका मौलिक अधिकारको उल्लंघन गर्दै सरकारले नै पत्रकार गिरफ्तार गर्नु कानुनीराजको विरुद्ध भएको भन्दै रिटमा नेपाल सरकारलाई विपक्षी बनाइएको छ।

बुटवलमा पक्राउ परेका नेपाल पत्रकार महासंघका कार्यसमिति सदस्य प्रकाश डुम्रे, प्युठान भिजन मासिक पत्रिकाका पदमप्रसाद पोखरेल र जायश्वर आचार्य, कालिकोटबाट प्रकाशित हुने जनप्रभात साप्ताहिक पत्रिकाका सम्पादक कालिबहादुर महतारा र सह-सम्पादक जगदीशनाथ योगीका लागि तीन फरक रिट दायर भएको हो।

रिटमा प्रधानमन्त्री, मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालयलाई विपक्षी बनाइएको छ। त्यसै गरी पक्राउ गरिएका जिल्लास्थित प्रशासन कार्यालय र प्रहरी कार्यालयलाई विपक्षी बनाइएको पत्रकार महासंघका केन्द्रीय सदस्य जैसीले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

नेपालको संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रता प्रत्याभूत गरेको उल्लेख गर्दै उक्त रिटमा संविधानको धाराले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक तथा अभिव्यक्तिको स्वतन्त्रता प्रत्याभूत गरेकाले यस धारा विपरीत कार्य गर्ने विपक्षीले बदनियतपूर्ण कार्य गरेको बताइएको छ।

यस्तै अदालतले मंगलबार नै उक्त रिटमा माग गरिएअनुसार पत्रकारलाई गिरफ्तार गर्नुको कारण देखाउन विपक्षीका नाममा आदेश दिएको छ। सर्वोच्च अदालतका न्यायाधीश प्रकाशमानसिंह राउतको इजलासले सो आदेश दिएको हो।

## सम्पूर्ण...

निर्वाचनका लागि २ लाख ७२ हजार कर्मचारी खटिएका छन्। निर्वाचनको व्यवस्थापकीय काम पनि पूरा भइसकेको छ। उहाँले भन्नुभयो- 'आयोग अहिले २४सै घण्टा स्ट्यान्डबाई अवस्थामा छ, जिल्लामा केही कठिनाइ भए समाधान गर्न हामी तयारी अवस्थामा छौं।'

आयोगले मतदानस्थलबाट मतदाता परिचयपत्र मंगलबार दिन शुरू गरेको छ। परिचयपत्र आज बुधबारसम्म दिने आयोगले जनाएको छ। दोस्रो चरणको निर्वाचनमा कुल मतदाता १ करोड २२ लाख ३५ हजार ९ सय ९३ रहेका छन्।

यसैबीच प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले सरकारले सुरक्षाको समेत बलियो प्रबन्ध गरेको उल्लेख गर्दै ढुक्क भएर मतदान गर्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो- 'सुरक्षामा अहिले व्यापक सुधार आएको छ, आम मतदाताका लागि सरकारले भरपर्दो सुरक्षा प्रबन्ध गरेको छ।'

दोस्रो चरणको निर्वाचनका लागि करिब २ लाख ८० हजार सुरक्षाकर्मी खटिएका छन्। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका गरी सो संख्याका सुरक्षाकर्मी खटिएका हुन्। मतदानस्थल सुरक्षाका लागि प्रहरी सहायक निरीक्षक तथा नायब निरीक्षकको नेतृत्वमा प्रहरी परिचालन हुनेछन्। सुरक्षा बलियो बनाउन मतदान केन्द्रलाई साधारण, संवेदनशील र अतिसंवेदनशील गरी तीन तहमा विभाजन गरी सुरक्षा व्यवस्था मिलाइएको छ।

मतदान सकिएलगत्तै मतपेटिकाहरू केन्द्रमा पुऱ्याउन कर्मचारीहरूलाई तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ। प्रत्यक्षतर्फको मत परिणाम एक हप्ताभित्रै आउने गरी आयोगले निर्देशन दिएको उहाँले जानकारी दिनुभयो। स्थानीय तहको निर्वाचनमा मतगणना निकै सुस्त भएकामा आयोगको सर्वत्र आलोचना भएकोलाई मध्यनजर गर्दै आयोगले एक साता मतपरिणाम सार्वजनिक गर्ने तयारी अघि बढाएका बताइएको छ।

यसपटकको निर्वाचनमा मतपरिणाम छिटोभन्दा छिटो सार्वजनिक गर्न निर्वाचन आयोगले आवश्यक मात्रमा गणकको व्यवस्था मिलाएको प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। 'मतगणनाका लागि आवश्यक ठाउँसमेत प्रबन्ध मिलाएका छौं। यसपटक मतपरिणामका लागि जनताले धेरै दिन कुर्नुपर्ने छैन।' -प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो।

त्यसैगरी आयोगले मतगणनामा कुनै अप्रिय घटना नहोस् भनेर निर्वाचन अधिकृतलाई सीसीटीभी राख्न निर्देशन दिइएको छ।

## सर्वोच्चको...

उहाँ भन्नुभयो- 'संवैधानिक इजलासमा महत्त्वपूर्ण विषयहरू विचाराधीन अवस्थामा रहेका छन्, अब संवैधानिक इजलास नियमितरूपमा बस्ने व्यवस्था गर्नुपर्छ।'

प्रधानन्यायाधीश पराजुलीले न्यायपालिकाको सेवाग्राहीका लागि मोबाइल एप्लिकेसन प्रयोगमा ल्याउनुभएको छ। यसले गर्दा आम सेवाग्राहीलाई मुद्दामा भएको फैसला, आदेशलगायत सोसँग सम्बन्धित सम्पूर्ण कुराहरू थाहा पाउन सजिलो भएको छ।

सर्वोच्च अदालतका प्रवक्ता नारायणप्रसाद पन्थीले समूहगत सुनुवाइबाट चलखेल गर्न नसकिने भएको उल्लेख गर्नुभएको छ। उहाँका अनुसार समूहगत सुनुवाइबाट चलखेल गर्न खोज्नेहरूलाई राम्ररी रोक लगाउन सकिन्छ। यसलाई उचित रूपमा प्रयोगमा ल्याउन सकिए यसले राम्रो परिणाम दिने मात्र नभई अदालतको गरिमा बढाउनमा समेत मद्दत पुग्ने प्रवक्ता पन्थीको धारणा रहेको छ।

नेपाल डेमोक्रेटिक लयर्स एसोसिएसनका पूर्वअध्यक्ष तथा वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले मोबाइल एप्लिकेसनबाट हाल अदालतका सेवाग्राहीलाई निकै सजिलो भएको उल्लेख गर्दै यसबाट मुद्दा मामिलाका सम्पूर्ण प्रक्रियाहरू बुझ्न सजिलो भएको बताउनुभयो। उहाँले भन्नुभयो- 'यसभन्दा पहिलेको नेतृत्वकालमा अदालतमा भए/गरेका कामहरू सडकमा पोखिने गरेका थिए तर अहिले त्यस्तो देखिँदैन।'

उहाँका अनुसार पहिले-पहिले भाषणमार्फत त्यस्तो हुने गर्थ्यो, अहिले अदालतको काम-कारबाही एकदम चुस्त र दुरुस्त देखिएको छ। यसभन्दा अघि इजलास तोक्दा पनि मनलाग्दी गरिने आरोप लाग्ने गर्थ्यो। तर अहिलेको नेतृत्वले आलोचना हुने गरी कुनै काम गरेको देखिँदैन।

वरिष्ठ अधिवक्ता घिमिरेले सर्वोच्च अदालतमा पेसी तोक्दा हाल कुनै पनि विवाद नदेखिएको उल्लेख गर्नुभयो। उहाँले पहिलेको नेतृत्वले पेसी तोक्दा नै विवाद आउने गरेको बताउँदै अहिले सन्तुलन हुने गरी पेसी तोकिने गरिएको बताउनुभयो। महान्यायाधिवक्ता भण्डारीले समूहगत सुनुवाइलाई व्यवस्थित गर्न सुझाव दिनुभएको छ। उहाँले समूहगत सुनुवाइको अवधारणा प्रधानन्यायाधीशको राम्रो भए पनि सम्पूर्ण न्यायाधीशले यसलाई एउटै डालोमा नहाली गम्भीर भएर मुद्दा हेर्न सुझावसमेत दिनुभयो। संविधानविद् आचार्यले अब प्रधानन्यायाधीशले अदालतको हरेक काममा समयको व्यवस्थापन गर्न र बारसँग सुमधुर सम्बन्ध कायम गर्न प्रयत्न गर्नुपर्ने सुझाव दिनुभयो। महान्यायाधिवक्ता भण्डारीले पनि प्रधानन्यायाधीश पराजुलीले आफ्नो कार्यकालभरि विवादरहित कार्य सम्पादन गर्न सुझाव दिनुभयो।

## सुरक्षा...

निर्वाचन गतिविधिमा संलग्नमध्ये हालसम्म ९ सय ५१ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। सरकारले निर्वाचन सुरक्षार्थ निजी हेलिकोप्टरसमेत प्रयोग गर्ने भएको छ। निर्वाचनमा नेपाली सेना नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त गस्ती टोलीले निर्वाचन क्षेत्र, मतदानस्थल र मतदाताको सुरक्षा गर्नेछ।

सरकारको तीनघेरे सुरक्षा रणनीतिअनुसार मतदानस्थलमा नेपाल प्रहरी र म्यादी प्रहरी, त्यसपछि सशस्त्र प्रहरी र सम्पूर्ण मतदानस्थलको बाहिरी सुरक्षा नेपाली सेनाले गर्नेछ।

नेपाल प्रहरी प्रवक्ता डीआईजी नेउपानेले सम्पूर्ण तयारी पूरा गरेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'देशभरको निर्वाचन सुरक्षाका लागि सबै क्षेत्रीय प्रहरी कार्यालयमा थप सुरक्षाफौज तैनाथ गरेका छौं।'

नेपाली सेनाले दोस्रो चरणको निर्वाचन हुने सम्पूर्ण जिल्लामा फौज तैनाथ गरिसकेको छ। सेनाले बाहिरी घेराको सुरक्षाका अलावा मतदानपछि सम्बन्धित स्थानमा मतपेटिका ढुवानी गर्नेसम्मको जिम्मा लिएको छ।

सेनाका प्रवक्ता सहायक रथी नैनराज पाण्डेले सेनाको जिम्मेवारीभित्र पर्ने सम्पूर्ण सुरक्षा व्यवस्था गरिसकेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'पहिलो चरणमा २८ हजार सेना परिचालन गरेका थियौं, दोस्रो चरणमा ३६ हजार परिचालित छन्। आवश्यकता हेरेर थप सेना रिजर्भमा राखिएको छ।'

निर्वाचन विरोधी गतिविधि बढेपछि सेनाले मतदान केन्द्रमा उच्च सतर्कता अपनाएको छ। 'हिजो हामीले ४ ठाउँमा बम डिस्पोज गर्‍यौं, बम डिस्पोज गर्ने काममा नेपाली सेनाको टोली विशेषरूपमा खटिएको छ।' -उहाँको भनाइ थियो। नेपाली सेनाले हिजो ललितपुरको भैंसेपाटी, कीर्तिपुर, कैलालीको घोडाघोडी र कपिलवस्तुमा बम डिस्पोज गरेको थियो।

निर्वाचन सुरक्षार्थ सेनाले पाँचवटै क्षेत्रका हेलिकोप्टर तैनाथ गरिसकेको छ। आवश्यक परेको अवस्थामा सबै हवाईसाधन परिचालन गर्ने गरी तयारी अवस्थामा राखेको छ।

सुरक्षाको अवस्था हेरेर थप सेना परिचालन गर्ने योजना रहेको जानकारी गराउँदै प्रवक्ता सहायक रथी दाहालले निर्वाचन सुरक्षाका लागि नेपाली सेना तयारी अवस्थामा रहेको जानकारी दिनुभयो।

उहाँले दोस्रो चरणको निर्वाचनको सबै क्षेत्रमा सेना परिचालन भइसकेको जानकारी दिनुभयो। सशस्त्र प्रहरी बलले पनि आफ्ना सबै स्थानमा सुरक्षा फौज तैनाथ गरिसकेको जनाएको छ। तीनै सुरक्षा निकायले अति संवेदशील, संवेदनशील र सामान्य अवस्था भएका निर्वाचन क्षेत्रको पहिचान गरी सुरक्षा व्यवस्था गरेको छ।

सशस्त्र प्रहरीले भने दोस्रो चरणको निर्वाचन हुने ४५ जिल्लामा २८ हजार सशस्त्र प्रहरी खटाएको छ। सशस्त्रले निर्वाचन कार्यालय, मतदाता र मतपेटिकाको सुरक्षाको जनशक्ति परिचालन गरेको छ, सुरक्षा आवश्यकता हेरेर थप परिचालन गर्ने तयारी पनि सशस्त्रले गरेका छ। सशस्त्रले सबै निर्वाचन क्षेत्रको सदरमुकाममा सुरक्षा बेस क्याम्प, क्षेत्रमा क्षेत्रीय सुरक्षा बेस क्याम्प स्थापना गरिसकेका छ।

**गृहको अपिल**

गृह मन्त्रालयले अपरिचित व्यक्ति, शंकास्पद गतिविधि र शंकास्पद वस्तु देखेमा नजिकको सुरक्षा निकाय वा प्रहरी कन्ट्रोलको फोन नम्बर १०० मा खबर गर्न अनुरोध गरेको छ। गृहले जारी गरेको सार्वजनिक सूचनामा 'आसन्न प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका क्रममा निर्वाचन विरोधीले उम्मेदवारलाई लक्षित गरी विस्फोटनका घटना घटाउने, सर्वसाधारणलाई डर, त्रास सृजना हुने गरी सार्वजनिक स्थान तथा समाजका प्रतिष्ठित व्यक्तिको घर कम्पाउन्डमा बम विस्फोटन गराउनेजस्ता गतिविधि गरी निर्वाचनमा अवरोध सृजना गर्ने क्रियाकलाप गरिरहेको' उल्लेख गर्दै यस्तो कार्य भएको जानकारी भए तत्कालै प्रहरीलाई खबर गर्न आग्रह गरेको छ।

# सीमानाका ७२ घण्टाका लागि बन्द

इलाम, (नेस)

आउँदो बिहीबार हुने दोस्रो चरणको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई मध्यनजर गर्दै सोमबार रातिबाट नेपाल-भारत सीमासँग जोडिएको सीमानाका सील गरिएको छ। निर्वाचन शान्तिपूर्ण ढंगले सम्पन्न गर्ने उद्देश्यले भारतसँग जोडिएको इलामको प्रमुख सीमानाका पशुपतिनगर सीमानाकालाई सील गरिएको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद पोखरेलले बताए।

नेपाल र भारतमा हुने गरेको निर्वाचनमा दुवै सीमावर्ती क्षेत्रका प्रशासनिक अधिकारीहरूले आपसी छलफलमा सीमानाका सिल गर्ने गरिन्छ। प्रजिअ पोखरेलका अनुसार मुख्य सीमानाका पशुपतिनगरसहित अन्य साना सीमानाकाहरू ७२ घण्टाका लागि बन्द गरिएको हो। सुरक्षालाई मध्यनजर गर्दै शोमरबार राति १२ बजेदेखि मंसिर २१ गते राति १२ बजेसम्म ७२ घण्टाका लागि सीमा बन्द गरिएको जिल्ला सुरक्षा समितिका संयोजकसमेत रहेका प्रजिअ पोखरेलले जनाए।

निर्वाचनका समयमा सीमा क्षेत्रबाट कुनै पनि अप्रिय घटना नहोस् भनेर निर्वाचन अवधिभरका लागि सीमा नाका बन्द गरिएको हो। जिल्ला सुरक्षा समितिले अहिले निर्वाचनलाई भयरहित र निष्पक्ष कसरी बनाउन सकिन्छ भन्ने बारेमा पूर्ण रूपमा सुरक्षा रणनीति बनाएर सुरक्षा सतर्कता अपनाएको छ।

सुरक्षा समितिका अनुसार जिल्लाका प्रमुख सीमा नाकाहरू पशुपतिनगर, छब्बिसे, मानेभञ्ज्याङ, तुम्लिङ, सन्दकपुरलगायतका क्षेत्रमा सुरक्षा सतर्कता बढाएको छ।

# बम फेला

ललितपर, (नेस)

ललितपुरस्थित लालीगुराँस बहुउद्देश्य सहकारी संस्था लिमिटेडका कार्यकारी निर्देशक सुरेन्द्र भण्डारीको भैंसीपाटीस्थित घरको गेटमा बम फेला परेको छ। बम फेला परेपछि घरका सदस्यले तुरुन्तै प्रहरीलाई खबर गरेका थिए। प्रहरीले बम भएको थाहा पाएपछि सेनाको बम डिस्पोजल टोलीलाई खबर गरेको थियो। तत्काल सेनाको टोलीले बम डिस्पोज गरेको थियो।

बम आतंक मच्चाउने समूहले व्यक्तिको घरमासमेत आतंक मच्चाउन शुरू गरेको छ। ललितपुर प्रहरीले घटनामा संलग्नको खोजी कार्य भइरहेको जानकारी दिएको छ। मोटरसाइकलमा सवार ६ जनाको समूहले बम राखेर फरार भएको आशंका गरिएको छ।

# सुरक्षाकर्मी खटाइए

सल्यान, (नेस)

प्रतिनिधिसभा र प्रदेशसभाको दोस्रो चरणको निर्वाचनलाई मध्यनजर गरी सल्यानमा पर्याप्त मात्रामा सुरक्षाकर्मी खटाइएको जिल्ला प्रहरी कार्यालय, सल्यानले जनाएको छ।

जिल्लामा शान्ति सुरक्षाका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको प्रहरी नायब उपरिक्षक भरत बिकले बताउनुभयो।

जिल्लाका विभिन्न स्थानमा सुरक्षाकर्मी खटाइएको विकले जानकारी दिनुभयो।


**आइ.सि.एफ.सि फाइनान्स लिमिटेडको** ICFC

**संस्थापक शेयर खरीद गर्न चाहनुहुने संस्थापक शेयरधनी महानुभावहरूलाई**

**जरूरी सूचना**

यस संस्थाका केही संस्थापक शेयरधनीहरुको आफ्नो नाममा रहेको संस्थापक शेयरहरु बिक्री गर्ने इच्छा जाहेर गरि यस संस्था समक्ष निवेदन गर्नु भएको र संस्थापक शेयरहरु खरिद बिक्री गर्दा साविकको संस्थापक शेयरधनीहरुलाई प्राथमिकता दिनु पर्ने विद्यमान व्यवस्था भएको हुँदा संस्थापक शेयर खरिद गरि लिन ईच्छुक हाल कायम यस संस्थाका संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कुनै संस्थापक शेयरधनी महानुभावहरुलाई संस्थाको संस्थापक शेयर खरिद गरि लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र संस्थाको प्रधान कार्यालय भाटभटेनीमा सम्पर्क राख्न आउन हुन सूचित गरिन्छ ।संस्थापक शेयर खरिद गरि लिने सम्बन्धमा उक्त समय भित्र हाल कायम कुनै पनि संस्थापक शेयरधनी महानुभावहरुको तर्फबाट इच्छा जाहेर हुन नआएमा नियमानुसार नयाँ शेयरधनीहरुलाई बिक्रीकर्ता संस्थापक शेयरधनीहरुको संस्थापक शेयर बिक्री गर्ने सम्बन्धमा आवश्यक कारबाही अघि बढाइने व्यहोरा जानकारी गराइन्छ ।

**ICFC FINANCE LIMITED** आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

१४२५, थिरबम सडक-२, भाटभटेनी, काठमाण्डौ

फोन नं. ४-४२५२९२, फ्याक्स नं. ४-४२५२९४

www.icfcbank.com



**खड्गदेबी महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

कुपण्डोल, ललितपुर

फोन नं. ५५३९१०९, ५१८०४१६

**एघारौं साधारण सभा सम्बन्धी सूचना**

मिति २०७४/०७/१९ गते बसेको संचालक समितिको निर्णय अनुसार यस सहकारी संस्थाको एघारौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुने जानकारी गराईन्छ।

**छलफलका बिषयहरु :**

क) संचालक समितिको तर्फबाट अध्यक्ष्यज्यूको प्रतिवेदन ।

ख) कोषाध्यक्ष ज्यूको प्रतिवेदन ।

ग) लेखा समितिको प्रतिवेदन ।

घ) आ.व. २०७३/७४ को लेखा परिक्षण प्रतिवेदन उपर छलफल र अनुमोदन गर्ने सम्बन्धमा ।

ङ) आ.व. २०७४/७५ को बार्षिक कार्यक्रम तथा अनुमानित बजेट अनुमोदन गर्ने सम्बन्धमा ।

च) २०७४/७५ को लागी लेखा परिक्षकको नियूक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

छ) लाभांश वितरण सम्बन्धमा ।

ज) संचालक समितिले गरेका अन्य निर्णयहरु उपर छलफल र अनुमोदन गर्ने सम्बन्धमा ।

झ) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समितिको तर्फबाट १ जना तथा शेयर सदस्यबाट १ जना प्रतिनिधी मनोनयन गर्ने सम्बन्धमा ।

ञ) विविध ।

**कार्यक्रम :**

**मिति** : २०७४/९/८ गते शनिवार

**समय :** दिउँसो १:०० बजे

**स्थान :** बगैंचा रेष्टुरेण्ट एण्ड बार, जावलाखेल ललितपुर

**सचिव**

**खड्गदेबी महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**



**विगु गाउँपालिकाको कार्यालय**

**लादुक, दोलखा**

**बोलपत्र स्वीकृत गर्ने आशयको संशोधित सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०७४।०८।२०**

उपरोक्त विषयमा यस कार्यालयबाट मिति २०७४।०६।२२ मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सवारी साधन तथा यान्त्रिक उपकरण खरिद सम्बन्धी सूचना अनुसार पर्न आएका बोलपत्रहरुमध्ये तपसिलका बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिका लागि छनौट भएका हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएकोमा ठेक्का नं. **BRM/NCB/Goods/Dolakha/03/2074-075** र **BRM/NCB/Goods/Dolakha/04/2074-075** का आइटममा भ्याट नलाग्ने भएकोले क्रमशः स्वीकृत रकम रु.१,१६,४९,९९९/०० र रु.३९,९०,०००/०० हुनु पर्नेमा क्रमशः रु.१,०३,०९,७३३/६३ र रु.३५,३०,९७३/४५ भएकोले संशोधित सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | **BRM/NCB/Goods/ Dolakha/03/2074-075** | Hydraulic Excavator With Breaker | Maw Earth Movers Pvt. Ltd. | १,१६,४९,९९९/०० | |
| 2 | **BRM/NCB/Goods/ Dolakha/04/2074-075** | Backhoe Loader | Force Construction & Associates Pvt. Ltd., Kathmandu. | ३९,९०,०००/०० | |

**प्रमुख प्रशासकीय अधिकृत**



# अर्थ

उम्मेदवारले निर्वाचन आयोगले तोकेको अधिकतम खर्च २५ लाख रुपियाँ वैधानिक रुपमा खर्च गर्न पाउने भए पनि त्यति रकमले चुनावलाई नपुग्ने हुनाले उनीहरू अन्य स्रोतबाट खर्च गर्ने गरेका हुन्।

## बीमाका निम्ति नेपाल ‘भर्जिन ल्यान्ड’

काठमाडौं, (नेस)

नेपाल बीमा व्यवसायका निम्ति सुनौलो अवसर रहेका सरोकारवाहरूले बताएका छन्। ९० प्रतिशतभन्दा बढी जनसंख्या बीमाको पहुँचभन्दा बाहिर रहेकाले बीमा व्यवसायका निम्ति नेपाल ‘ भर्जिन ल्यान्ड’ रहेको उनीहरू भनाइ छ।

बीमा गरेका धेरै मानिस पनि बैंकबाट ऋृण लिँदा तथा गाडी खरिद गर्दा बाध्यतापूर्वक बीमा गरेको भए पनि स्वत:स्फूर्त बीमा गर्ने अत्यान्तै न्यून रहेको उनीहरूले जनाएका छन्। नेसनल इन्स्योरेन्स कम्पनीले १११औं वर्ष प्रवेश गरेको सन्दर्भमा आयोजित कार्यक्रममा सरोकारवालाहरूले सो कुरा बताए हुन्। कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा. प्रोणव सेनले नेपालमा बैंकिङ क्षेत्रजस्तै बीमा क्षेत्र पनि आकर्षक व्यवसाय रहेको बताउनुभयो।

उहाँले बैंकिङ करियरमा जस्तो आकर्षण छ, बीमा क्षेत्र पनि त्यस्तै आकर्षक छ। त्यसैले आफ्नो कम्पनीले व्यवस्थापनका विद्यार्थीलाई करियर विकास गर्नका निम्ति सहजता प्रदान गर्दै आएको बताउनुभयो। भारतमा स्थापित उक्त कम्पनीले ४४ वर्षदेखि ११ वटा शाखा एवम् सेवा केन्द्रमार्फत् कारोबार गर्दै आएको कम्पनीले यस वर्ष धनगढी, दाङ, भैरहवा झापा, लाहान र गोंगबुमा नयाँ शाखा खोल्ने तयारी रहेको सेनले जानकारी दिनुभयो। कम्पनीले हरेक वर्ष डिसेम्बर ५ तारिखदेखि जनवरी ४ तारिखसम्म स्थापना महिनाका रूपमा मनाउँदै कम्पनीले यस वर्ष पनि मनाउने तयारी गरेको सेनले बताए।

बीमा समितिको अनुमति लिएर छिट्टै ‘क्यास लेस’ स्वाथ्य बीमा कार्यक्रम ल्याउने तयारी गरेको उल्लेख गर्दै सेनले भन्नुभयो-‘कम्पनीले नेपालबाट उठेको प्रिमियर शुल्क यही नै लगानी गर्दै आएको छ, अन्य कम्पनीले जस्तै पुनर्बीमाको नाममा रकम बाहिर लैजाने गरेको छैन।’ बीमाकर्तालाई ४० प्रतिशतसम्म अग्रिम बीमा दाबी रकम भुक्तानी गर्दै आएको कम्पनीले जनाएको छ। स्थापना दिवस महिनाका सन्दर्भमा कम्पनीले महिनाभर विभिन्न कार्यक्रम गर्ने तयारी गरेको छ। जसअन्तर्गत कम्पनीले यस महिना बीमा गर्ने सबै व्यक्तिगत बीमाकर्ताको एक लाख रुपियाँबराबरको नि:शुल्क बीमा गर्ने भएको छ।

त्यस्तै सशस्त्र प्रहरी बलबाट विपद् व्यवस्थापनमा सक्रिय गोताखोरहरूलाई नि:शुल्क प्रतिव्यक्ति २ लाख रुपियाँको बीमा गर्ने कम्पनीले जनाएको छ।

# किन जाँदैन उम्मेदवारको खर्च बैंकिङ प्रणालीमा ?

**रोविन पौडेल, काठमाडौं**

गैरकानुनी क्रियाकलापबाट आर्जन गरिने रकम बैंकमा नराखिएकाले खर्च पनि बाहिरबाटै हुन्छ।



प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवारको चुनावी खर्च गैरबैंकिङ प्रणालीबाट हुने गरेको छ।

नेताहरूले डन तथा गुण्डा प्रयोग गरी विभिन्न योजना, परियोजना तथा पुँजी लगानीबाट उठाउने करोडौं रुपियाँ कमिसन नै चुनावका लागि खर्च हुने नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्री बताउनुहुन्छ। गैरकानुनी क्रियाकलापबाट आर्जन गरिने रकम बैंकमा नराखिने गरिएको उहाँको दाबी छ। नेपाल समाचारपत्रसँग कुरा गर्दै क्षेत्रीले भन्नभयो- ‘जुन पैसा बैंकिङ प्रणालीबाट खर्च भएको हुन्न त्यो पैसा मात्र नगद रूपमा राजनीतिक दलका उम्मेदवारले चुनावको बेलामा खर्च गर्छन्। त्यस्तो क्रियाकलापबाट कमाएको पैसा न त बैंकमा राखिन्छ, न त चेकबाट भुक्तानी गरिन्छ।’

उम्मेदवारले निर्वाचन आयोगले तोकेको अधिकतम् खर्च २५ लाख रुपियाँ वैधानिक रूपमा खर्च गर्न पाउने भए पनि त्यति रकमले चुनावलाई नपुग्ने हुनाले उनीहरू अन्य स्रोतबाट खर्च गर्ने गरेका हुन्। क्षेत्री भन्नुहुन्छ- ‘सबै उम्मेदवारले औपचारिक रूपमा गर्ने खर्च एकदमै कम हुन्छ। चन्दा तथा सहयोगका रूपमा आउने खर्च बैंकिङ प्रणालीमा जाँदैनन्, यसर्थ, उम्मेदवारलाई लगानी गरिदिनेको कालो धनको व्यापक खर्च हुन्छ।

लगानीकर्ताहरू आफ्नो उम्मेदवारले जितेपछि भविष्यमा हित हुने किसिमको काम गर्ने अपेक्षा राख्ने हुनाले नै नेपालमा राजनीतिक भ्रष्टाचारले जरा गाढेर बसेको क्षेत्रीको दाबी छ।

चुनावमा हुने खर्च धोक्रोमा राखिएको पैसाले काम हुन्छ, त्यही धोक्रोमा रोखेको पैसा कार्यकर्ता तथा मतदाताको हातमा पुग्छ। उहाँ भन्नुहुन्छ, -‘तर खर्च गर्न पाउने अधिकतम् २५ लाख रुपियाँ मात्र बैंकिङ प्रणालीबाट खर्च गरेको प्रतिवेदन निर्वाचन आयोगलाई बुझाउँछन्। किनकी चन्दा तथा सहयोगका रूपमा आउने खर्च बैंकिङ प्रणालीमा जाँदैन, त्यसको लेखाजोखा कोहीसँग छैन।’

त्यस्तै चुनावी अभियानमा हुने खर्च बैंकिङ प्रणालीबाट नहुने नेपाल बैंकर्स संघका अध्यक्ष अनिलकेशरी शाह बताउनुहुन्छ। निर्वाचन पारदर्शीताको सवाल जताततै उठाइए पनि निर्वाचन आयोगको दायरामा रहेर चुनावी खर्च प्रतिवेदन आयोगलाई बुझाउनुपर्ने हुँदा उम्मेदवार बैंकिङ प्रणालीका माध्यमबाट खर्च गर्न डराउने गरेको शाहको भनाइ छ। शाहले भन्नुभयो- ‘उम्मेदवारले गर्ने केही खर्च मात्र बैंकिङ प्रणालीबाट जान्छ। त्यसमा अन्य खर्च जोडेर उनीहरू प्रतिवेदन तयार पार्छन्।’ यद्यपि, निर्वाचनमा हुने सबै खर्च अन्तिममा बैंकिङ प्रणालीमा समाहित हुने उहाँको दाबी छ।

आयोगले पनि समय-समयमा तोकिएको हदभन्दा बढी खर्च गर्ने उम्मेदवारमाथि अहिलेसम्म कारबाही गर्न सकेको छैन।

## PRESS RELEASE

### नबिल बैंकका एकैपटक १० नयाँ शाखा

काठमाडौं, (नेस)

नबिल बैंकले एकैपटक विभिन्न स्थानमा १० नयाँ शाखा विस्तार गरेको छ।

बैंकले सुर्खेतको वीरेन्द्रनगर, कैलालीको टीकापुर, कास्कीको अमरसिंहचोक, तालचोक र बगर, दाङको लमही, महोत्तरीको बर्दिबास चितवनको टाँडी, सिराहाको लाहान तथा सर्लाहीको हरिवनमा गरी १० वटा नयाँ शाखा विस्तार गरेको हो। नयाँ शाखासहित बैंकले ६२ वटा शाखामार्फत् सेवा दिइरहेको छ। त्यसैगरी २ वटा एक्स्टेन्सन काउन्टर, सय वटा एटीएमर १ हजार ५ सयभन्दा बढी नबिल रेमिट एजेन्टमार्फत् बैंकिङसेवा प्रदान गर्दै आएको बैंकले जनाएको छ।

### ‘होन्डा ह्विल अफ फर्च्युन-२’ को विजेता घोषित



काठमाडौं, (नेस)

नेपालका लागि होन्डा मोटरसाइकल तथा गाडीको अधिकृत बिक्रेता स्याकार ट्रेडिङ कम्पनीले दशैं, तिहार स्किम ‘होन्डा ह्विल अफ फर्च्युन-२’का विजेता घोषणा गरेको छ। सोमबार सम्पन्न एक इभेन्टमा लक्की ड्रमार्फत् १० जना विजेताले नगद पुरस्कार प्राप्त गरेका हुन्।

बम्परमा सोही कुपनबाट लक्की ड्रअन्तर्गत ‘ह्विल अफ फर्च्युन -२’मा सहभागी भई ह्विललाई घुमाएर चन्द्र कोइरालाले १० लाख रुपियाँ र रमिला खत्रीले ४ लाख रुपियाँ जित्नुभएको छ। त्यसैगरी, प्रत्युस श्रेष्ठ, विनोद महर्जन, देवकुमार श्रेष्ठ, बाबुराजा महर्जन, रामकृष्ण श्रेष्ठ र रोजिना शाक्यले पनि १ लाख रुपियाँ नगद पुरस्कार जित्नुभएको हो।

सोही अवसरमा कम्पनीले क्यान्सरपीडित आमाको उपचारका लागि शिवराज सुवेदीलाई १ लाख रुपियाँ पनि हस्तान्तरण गरेको थियो।

### सिटिजन्स बैंकको नयाँ वेबसाइट शुरू

काठमाडौं, (नेस)

सिटिजन्स बैंकले घरबाटै खाता खोल्न मिल्ने गरी नयाँ वेबसाइट सार्वजनिक गरेको छ। नयाँ साइटबाट कर्जाका लागि पनि आवेदन दिन मिल्ने बैंकले जनाएको छ। अनलाइन आस्बा, डिम्याट, केवाईसी फारम पनि घरमै बसेर भर्न सकिने बैंकको भनाइ छ। डाइनामिक भर्सनमा स्तर वृद्धि गरिएको वेबसाइटलाई कुनै पनि स्मार्ट फोनबाट सजिलै प्रयोग गर्न सकिने बैंकले जनाएको छ।

नयाँ वेबसाइट सार्वजनिक गर्दै बैंकका नायब प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले समयको प्रवाहसँग बैंक चल्दै आएको बताउनुभयो। उहाँले आगामी दिनमा थप नयाँ प्रविधिलाई आत्मसाथ गर्दै जनताको घरदैलोमा बैंकिङ सेवालाई सरल र छरितो रूपमा पुऱ्याउने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

### नेपाल बंगलादेश बैंकले शाखा थप्यो

काठमाडौं, (नेस)

नेपाल बंगलादेश बैंकले ४ वटा नयाँ शाखा विस्तार गरेको छ। बैंकले जुम्लाको सिन्जा, धनकुटाको भेडेटारमा तथा तेह्रथुमको छत्तरबाट र संखुवासभाको पाँचखपनबाट नयाँ शाखा संञ्चालनमा ल्याएको हो। नयाँ शाखाहरू बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगाना, बैंकका नाबव महाप्रबन्धक सुरेन्द्र भुषणले उद्घाटन गर्नु भएको थियो।

नयाँ शाखासहित बैंकले ५४ शाखा, ५ एक्सटेन्सन काउन्टर, ७ शाखारहित घरदैलो बैंकिङ सेवा तथा ४८ वटा एटीएमबाट बैंकिङ सुविधा दिँदै आएको छ।

## स्याङबोचे र डाँडाखर्कमा मोबाइल सेवा

काठमाडौं, (नेस)

नेपाल टेलिकमले मुस्ताङको स्याङबोचे भ्यु प्वाइन्ट र दोलखाको डाँडाखर्कमा जीएसएम मोबाइल सेवा सञ्चालनमा ल्याएको छ।

जोमसोमदेखि करिब ४० किलोमिटर टाढा ४ हजार मिटरको उचाईको दालोमे गाउँपालिका-३ मा स्याङबोचे भ्यु प्वाइन्टको बीटीएस टावर स्थापना गरिएको छ।

मुक्ति क्षेत्र गाउँपालिकाको ४ हजार २ सय ५० मिटर अग्लो स्थानमा अवस्थित घिउलाडाँडामा रिपिटर स्टेसन राखी माइक्रोवेभ लिंकमार्फत् बीटीएससँग सम्पर्क कायम गरिएको कम्पनीले जनाएको छ।

सो टावरले छुसाङ, समर, घमी, सुरखाङ र अपर मुस्ताङको जोमसोम-कोरला हाइवेअन्तर्गत ताङवेदेखि जैतेसम्मको अधिकांश स्थानमा सेवा उपलब्ध गराएको छ। यसबाट अपर मुस्ताङ र दामोदर कुण्डको भ्रमणमा आएका पर्यटकका साथै सो क्षेत्रका ४ सयभन्दा बढी घरधुरी लाभान्वित हुने छन्।

त्यस्तै दोलखाको डाँडाखर्कमा स्थापना गरिएको बीटीएसबाट ४ हजारभन्दा बढी सेवाग्राही लाभान्वित हुने छन्।


हिमाल स्टील आजको भाउ (ज्योति)

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६ /९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२ /६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड।







# विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ मंसिर २०, डिसेम्बर ६, २०१७

## खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० का रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।७२ | १०२।७२ |
| युरो १ का रू. | १२१।९६ | १२१।९६ |
| पाउन्ड स्टर्लिङ १ का रू. | १३७।७४ | १३७।७४ |
| स्विस फ्रन्क १ का रू. | १०४।४० | १०४।४० |
| अस्ट्रलियन डलर १ का रू. | ७८।५५ | ७८।५५ |
| क्यानाडियन डलर १ का रू. | ८१।२९ | ८१।२९ |
| सिङ्गापुर डलर १ का रू. | ७६।३४ | ७६।३४ |
| जापानी यन १० का रू. | ९।१४ | ९।१४ |
| चिनियाँ युआन १ का रू. | १५।५३ | १५।५३ |
| साउदी अरब रियाल १ का रू. | २७।३९ | २७।३९ |
| कतारी रियाल १ का रू. | २८।२० | २८।२० |
| थाई भाट १ का रू. | ३।१५ | ३।१५ |
| सं. अरब इमिरट दिराम १ का रू. | २७।९७ | २७।९७ |
| मलसियन रिङ्गिट १ का रू. | २५।२५ | २५।२५ |
| दक्षिण कारियन वन १०० का रू. | ९।४७ | ९।४७ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रू. | १२।२२ |
| डनिस क्रानर १ का रू. | १६।३९ |
| हङकङ डलर १ का रू. | १३।१५ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।




# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

# प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७४
## -प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनका विषयमा बरोबर सोधिने प्रश्न र सोको उत्तर -

## क प्रतिनिधि सभा

**१. प्रतिनिधि सभा भनेको के हो ?**
संघीय व्यवस्थापिकामा रहने दुई सदनमध्ये जनताको प्रत्यक्ष र समानुपातिक मतबाट निर्वाचित हुने जनप्रतिनिधिहरूको सभा नै प्रतिनिधि सभा हो ।

**२.प्रतिनिधि सभामा कति जना सदस्य हुन्छन् ?**
जम्मा २७५ जना ।

**३. प्रतिनिधि सभा सदस्य निर्वाचनमा कस्तो निर्वाचन प्रणाली अपनाइन्छ ?**
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली, जसलाई मिश्रित निर्वाचन प्रणाली पनि भनिन्छ ।

**४.पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली भन्नाले के बुझिन्छ ?**
प्रत्यक्ष मत पाउने एक निर्वाचन क्षेत्र एक पदको आधारमा सबैभन्दा बढी सदर मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने प्रणाली नै पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली हो ।

**५.पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत मुलुकलाई कतिवटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ ?**
१६५ निर्वाचन क्षेत्र ।

**६. प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली मार्फत कति जना सदस्य निर्वाचित हुने व्यवस्था छ ?**
नेपालभित्र रहेका १६५ निर्वाचन क्षेत्रमा प्रत्येक निर्वाचन क्षेत्रबाट उठेका उम्मेद्वार मध्येबाट सबैभन्दा बढी मत प्राप्त गरी निर्वाचित एक जनाका दरले जम्मा १६५ जना ।

**७.समानुपातिक निर्वाचन प्रणाली भन्नाले के बुझिन्छ ?**
राजनीतिक दलले प्राप्त गरेको सदर मतको अनुपातमा विजयी सिटको बाँडफाँट गरिने प्रणाली समानुपातिक निर्वाचन प्रणाली हो । यस प्रणालीमा मुलुकको सम्पूर्ण भूभागलाई एक निर्वाचन क्षेत्र मानी मतदाताले राजनीतिक दललाई मत दिन्छन् । यसरी दिएको कुल सदर मतमध्ये राजनीतिक दलले प्राप्त गरेको मतलाई तोकिएको सूत्रका माध्यमबाट दलको सिट सङ्ख्या निर्धारण गरिन्छ ।

**८.प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणालीबाट कति जना सदस्य निर्वाचित हुने व्यवस्था छ ?**
जम्मा ११० जना ।

**९. प्रतिनिधि सभाको कार्यकाल कति वर्षको हुने व्यवस्था छ ?**
पाँच वर्ष ।

## ख प्रदेश सभा

**१०. प्रदेश सभा भनेको के हो ?**
प्रदेश तहको व्यवस्थापकीय, आर्थिक तथा कानुनी कार्य गर्ने हरेक प्रदेशमा गठन हुने प्रदेश व्यवस्थापिका नै प्रदेश सभा हो । प्रदेश सभा एक सदनात्मक हुन्छ ।

**११. प्रदेश सभा सदस्य निर्वाचनमा कस्तो निर्वाचन प्रणाली अपनाइन्छ ?**
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली ।

**१२. प्रदेश सभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ कतिवटा निर्वाचन क्षेत्र निर्धारण गरिएको छ ?**
प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि निर्धारित हरेक निर्वाचन क्षेत्रलाई प्रदेश सभा सदस्य निर्वाचनका लागि दुईवटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । अर्थात्, देशभर जम्मा ३३० निर्वाचन क्षेत्र निर्धारण गरिएको छ । प्रदेश अनुसारका निर्वाचन क्षेत्रको विवरण देहायबमोजिम छ :

| प्रदेश | प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि निर्धारित निर्वाचन क्षेत्र | प्रदेश सभा सदस्य निर्वाचनका लागि निर्धारित निर्वाचन क्षेत्र |
|---|---|---|
| १ | २८ | ५६ |
| २ | ३२ | ६४ |
| ३ | ३३ | ६६ |
| ४ | १८ | ३६ |
| ५ | २६ | ५२ |
| ६ | १२ | २४ |
| ७ | १६ | ३२ |
| **जम्मा** | **१६५** | **३३०** |

**१३. प्रतिनिधि सभा र प्रदेश सभामा कतिजना सदस्य निर्वाचित हुन्छन् ?**
प्रतिनिधि सभा र प्रदेश सभामा हरेक प्रदेशमा रहेका निर्वाचन क्षेत्रअनुसार देहायका सङ्ख्यामा सदस्य निर्वाचित हुनेछन् :

| प्रदेश | प्रतिनिधि सभा | | प्रदेश सभा | | |
|---|---|---|---|---|---|
| | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | जम्मा |
| १ | २८ | ११० | ५६ | ३७ | ९३ |
| २ | ३२ | | ६४ | ४३ | १०७ |
| ३ | ३३ | | ६६ | ४४ | ११० |
| ४ | १८ | | ३६ | २४ | ६० |
| ५ | २६ | | ५२ | ३५ | ८७ |
| ६ | १२ | | २४ | १६ | ४० |
| ७ | १६ | | ३२ | २१ | ५३ |
| जम्मा | १६५ | ११० | ३३० | २२० | ५५० |
| | २७५ | | ५५० | | |

**१४. प्रदेश सभाको कार्यकाल कति वर्षको हुने व्यवस्था छ ?**
पाँच वर्ष ।

## ग. निर्वाचन कार्यक्रम तथा उम्मेदवार मनोनयन

**१५. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन कहिले हुँदैछ ?**
प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन दुई चरणमा हुँदैछ । पहिलो चरणको निर्वाचन २०७४ साल मङ्सीर १० गते र दोस्रो चरणको निर्वाचन २०७४ साल मङ्सीर २१ गते हुनेछ । मतदान समय बिहान ७ बजे देखि साँझ ५ बजेसम्म हुनेछ ।

**१६. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको मिति कसले तोक्ने व्यवस्था रहेको छ ?**
निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारले ।

**१७. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको उम्मेदवार हुन के कस्तो योग्यता आवश्यक पर्छ ?**
- नेपालको नागरिक,
- मतदाता नामावलीमा नाम समावेश भएको (प्रदेश सभाको हकमा सम्बन्धित प्रदेशको गाउँ/नगरपालिकामा नाम समावेश भएको),
- पच्चीस वर्ष उमेर पूरा भएको,
- नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,
- कुनै सङ्घीय कानुनले अयोग्य नभएको, र
- कुनै लाभको पदमा बहाल नरहेको ।

(लाभको पद भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ती गरिने राजनीतिक पद बाहेक कुनै सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनुपर्छ ।)

**१८. उम्मेदवारले आफ्नो उम्मेदवारी दर्ता गर्दा मनोनयन साथ पेश गर्नुपर्ने कागजात के के हुन् ?**
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि,
- मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
- धरौटी जम्मा गरेको रसिद वा भौचर,
- दलको उम्मेदवारको हकमा दलले दिएको औपचारिक पत्र, र
- प्रस्तावक, समर्थक र उम्मेदवारको विवरण खुलेको दस्तखतसहितको तोकिएको उम्मेदवारी मनोनयन फाराम ।

**१९. उम्मेदवारको उमेरको गणना कसरी गरिन्छ ?**
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको हकमा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने मिति र समानुपातिक निर्वाचन प्रणालीको हकमा उम्मेदवारको बन्दसूची पेश गर्ने मितिसम्म २५ वर्ष उमेर पूरा गरेको हुनुपर्नेछ ।

**२०. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको उम्मेदवारको योग्यताको सम्बन्धमा कसले दाबी विरोध गर्न पाउँछ ?**
अन्य उम्मेदवार वा निजको प्रतिनिधिले ।

**२१. समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा रहेको उम्मेदवारको योग्यताको सम्बन्धमा कसले दाबी विरोध गर्न पाउँछ ?**
मतदाता नामावलीमा नाम भएको जो कोही मतदाताले

**२२. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत मनोनयनपत्र कहाँ दर्ता गर्नुपर्दछ ?**
सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा । (हरेक प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्रमा एक निर्वाचन अधिकृतको कार्यालय रहेको हुन्छ सोही कार्यालयले प्रदेश सभा सदस्य निर्वाचनको कार्य समेत गर्नेछ ।)

**२३. एउटै व्यक्ति एकै पटक एकभन्दा बढी निर्वाचन क्षेत्रमा उम्मेदवार हुन पाउँछ कि पाउँदैन ?**
पाउँदैन ।

**२४. एउटै व्यक्ति प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा उम्मेदवार हुन पाउँछ कि पाउँदैन ?**
एकै मितिमा दुईवटै निर्वाचन हुने अवस्थामा पाईंदैन । यदि दुईवटै निर्वाचनमा उम्मेदवारी दिएको पाइएमा आयोगले दुवै तर्फको उम्मेदवारी रद्द गर्नेछ ।

**२५. समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्द सूचीमा नाम समावेश भएको उम्मेदवारले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ पनि उम्मेदवारी दिन पाइन्छ कि पाईंदैन ?**
पाईंदैन ।

**२६. उम्मेदवारको प्रस्तावक र समर्थक सम्बन्धी व्यवस्था कस्तो छ ?**
कुनै पनि उम्मेदवारको प्रस्तावक र समर्थक सोही निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति हुनुपर्ने व्यवस्था छ ।

**२८. एक जना व्यक्तिले कति जना उम्मेदवारसम्मको प्रस्तावक र समर्थक बन्न सकिन्छ ?**
प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा सम्बन्धित क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता रहेको एक व्यक्ति प्रतिनिधि सभा सदस्य एकजना र प्रदेश सभा सदस्य एक जनाको लागि प्रस्तावक वा समर्थक बन्न पाउँदछ । एक जनाभन्दा बढी उम्मेदवारको प्रस्तावक वा समर्थक बन्न मिल्दैन ।

**२९. संघीय व्यवस्थापिकामा महिलाको प्रतिनिधित्व सम्बन्धी व्यवस्था कस्तो छ ?**
संघीय व्यवस्थापिका भन्नाले राष्ट्रिय सभा ५९ सदस्य र प्रतिनिधि सभा २७५ सदस्य रहने गरी दुई सदनात्मक संसद्लाई बुझिन्छ । संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था रहेको छ ।

**३०. दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कुल उम्मेदवारको कम्तिमा कति प्रतिशत महिलाको नाम समावेश गर्नुपर्नेछ ?**
पचास प्रतिशत ।

**३१. दलले समानुपातिक निर्वाचन प्रणालीअनुसार प्रतिनिधि सभाका लागि उम्मेदवारको बन्दसूची तयार गर्दा कुन समूहको कति प्रतिशत उम्मेदवार दिनुपर्छ ?**
उम्मेदवारको बन्द सूचीको लागि समावेशी आधार :

| क्र.सं. | प्रतिनिधित्व हुने समूह | प्रतिशत |
|---|---|---|
| १ | दलित | १३.८ |
| २ | आदिवासी जनजाति | २८.७ |
| ३. | खस, आर्य | ३१.२ |
| ४ | मधेशी | १५.३ |
| ५ | थारू | ६.६ |
| ६ | मुस्लिम | ४.४ |

यसका साथै भूगोल र प्रादेशिक सन्तुलन पनि मिलाउनुपर्दछ भने महिला कम्तिमा ५० प्रतिशत हुनुपर्ने र पिछडिएको क्षेत्रबाट कम्तिमा ४.३ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नुपर्दछ ।

**३२. दलले समानुपातिक निर्वाचन प्रणालीअनुसार प्रदेश सभाका लागि उम्मेदवारको बन्दसूची तयार गर्दा कुन समूहको कति प्रतिशत उम्मेदवार दिनुपर्छ ?**

| क्र.सं. | समावेशी क्षेत्र | प्रदेश र प्रतिशत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | आदीवासी जनाति | ४६.७९ | ६.६१ | ५३.१७ | ४२.३७ | १९.५८ | १३.६३ | ३.६१ |
| २ | खस आर्य | २७.८४ | ४.८९ | ३७.०९ | ३७.२४ | २८.८४ | ६२.२ | ६०.०२ |
| ३ | थारू | ४.१५ | ५.२७ | १.६६ | १.७२ | १५.१८ | ०.५ | १७.२१ |
| ४ | दलित | १०.०६ | १७.२९ | ५.८४ | १७.४४ | १५.११ | २३.२५ | १७.२९ |
| ५ | मधेसी | ७.५७ | ५४.३६ | १.५७ | ०.५२ | १४.३५ | ०.२४ | १.६४ |
| ६ | मुस्लिम | ३.५९ | ११.५८ | ०.६७ | ०.७१ | ६.९४ | ०.१८ | ०.२३ |

बन्द सूची पेश गर्दा प्रत्येक समूहबाट कम्तिमा ५० प्रतिशत महिला समावेश गर्नुपर्दछ ।

**३३. समानुपातिक निर्वाचन प्रणालीतर्फ एउटा व्यक्तिको नाम एक भन्दा बढी दलको बन्दसूचीमा समावेश गर्न पाइन्छ कि पाईंदैन ?**
पाईंदैन । यदि समावेश भएको पाइएमा आयोगले त्यस्तो व्यक्तिको नाम सबै दलको बन्दसूचीबाट हटाउँछ ।

**३४. राजनीतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित हुने कुल सदस्य सङ्ख्याको कम्तिमा कति प्रतिशत सदस्यका लागि उम्मेदवारी दिने गरी बन्दसूची तयार गर्नुपर्छ ?**
दस प्रतिशत ।

**३५. प्रतिनिधि सभा तथा प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारको बन्दसूची कुन अवधिसम्म मान्य हुन्छ ?**
प्रतिनिधि सभा वा प्रदेश सभाको कार्यकालभर ।

**३६. समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित कुनै सदस्यको पद रिक्त भएमा कसरी पदपूर्ति हुने व्यवस्था छ ?**
सम्बन्धित दलको सिफारिसमा कायम रहेको समानुपातिक उम्मेदवारको बन्दसूचीमा नाम समावेश रहेको अर्को सदस्य निर्वाचित हुन्छ । यसरी दलले सिफारिस गर्दा पद रिक्त रहेको उम्मेदवार जुन समावेशी समूहबाट मनोनयन गरिएको हो सोही समावेशी समूहबाट अर्को उम्मेदवारको नाम सिफारिस गर्नुपर्नेछ ।

**३७. प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र सानुपातिक निर्वाचन प्रणालीअन्तरगत हुने निर्वाचनमा उम्मेदवारले कहाँ र कति रकम धरौटी राख्नुपर्छ ?**

| प्रतिनिधि सभा सदस्य निर्वाचन | | प्रदेश सभा सदस्य निर्वाचन | |
|---|---|---|---|
| पहिलो हुने निर्वाचित हुने (प्रति उम्मेदवार) | समानुपातिक (प्रति दलले) | पहिलो हुने निर्वाचित हुने (प्रति उम्मेदवार) | समानुपातिक (प्रति दलले) |
| १० हजार | ५० हजार | ५ हजार | २५ हजार |

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा उल्लेखित धरौटी रकममा पचास प्रतिशत छुट हुनेछ ।

**३८. समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारीमा अपाङ्गता भएका व्यक्तिहरूको समेत प्रतिनिधित्वलाई सुनिश्चित गर्न के कस्तो व्यवस्था गरिएको छ ?**
दलले उम्मेदवारको बन्दसूची पेश गर्दा यथासम्भव अपाङ्गता भएका व्यक्ति समेत समावेश गर्नु पर्ने र कुन उम्मेदवार अपाङ्गता भएको व्यक्ति हो भन्ने कुरा पहिचान हुन सक्ने गरी बन्दसूचीमा उल्लेख गर्नु पर्ने व्यवस्था रहेको छ ।

**३९. उम्मेदवार वा दलले राखेको धरौटी रकम कस्तो अवस्थामा जफत हुन्छ ?**
- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत कुनै निर्वाचनमा खसेको कुल सदर मतको १० प्रतिशतभन्दा कम सदर मत पाएमा,
- समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुनै दलले कम्तिमा पनि एक सिट प्राप्त नगरेमा ।

**४०. प्रतिनिधि सभा र प्रदेश सभामा समानुपातिकतर्फ कम्तिमा कति प्रतिशत मत प्राप्त गर्ने दलले प्रतिनिधित्व गर्न सक्छ ?**
प्रतिनिधि सभामा खसेको कुल सदर मतको कम्तिमा ३ प्रतिशत र प्रदेश सभामा खसेको कुल सदर मतको कम्तिमा १.५ प्रतिशत मत ल्याउने दलले प्रतिनिधित्व गर्न सक्छन् ।

**४१. राष्ट्रिय दलको मान्यता कसरी प्राप्त हुन्छ ?**
प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणालीतर्फ कुल सदर मतको कम्तिमा ३ प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ कम्तिमा १ सिट प्राप्त गरेको हुनुपर्दछ ।

## घ. मतदाता र मतदान

**४२. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा कसले मतदान गर्न पाउँछ ?**
फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता भई निर्वाचन आयोगको अन्तिम मतदाता नामावलीमा नाम भएका वि.स. २०७४ साल भाद्र ५ गते १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिकले ।

**४३. मतदाता नामावली भनेको के हो ? मतदाता नामावलीमा आफ्नो नाम कसरी हेर्न सकिन्छ ?**
निर्वाचन आयोगले तयार गरेको फोटो र विवरणसहितको मतदाताको नाम भएको अन्तिम सूची नै मतदाता नामावली हो । मतदाता नामावलीमा आफ्नो नाम हेर्न परेमा सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा गई हेर्न सकिन्छ र घरमै बसि Internet को माध्यमबाट निर्वाचन आयोगको website www.election.gov.np मा गई हेर्न सकिन्छ ।

**४४. कुन मितिसम्म १८ वर्ष उमेर पुगी मतदाता नामावलीमा नाम दर्ता गराएको मत(दाताले प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा मतदान गर्न पाउँछ ?**
वि.स. २०७४ साल भाद्र ५ गतेसम्म १८ वर्ष उमेर पूरा भई अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको मतदाताले मतदान गर्न पाउँछन् ।

**४५. मतदान भनेको के हो ?**
प्रतिनिधि छनोट गर्नको लागि मतपत्रमा मतसङ्केत गरी तोकिएको मतपेटिकामा मतपत्र खसाउने कार्य ।

**४६. मतदाताले जुनसुकै मतदान केन्द्रबाट मतदान गर्न पाइन्छ ?**
पाईंदैन । आफ्नो नाम जुन वडाको मतदाता नामावलीमा छ, त्यही वडाको तोकिएको मतदान केन्द्रमा गएर मात्र मतदान गर्न पाइन्छ ।

**४७. मतदाताले मतदान केन्द्रमा जाँदा के के कागजात लैजानुपर्छ ?**
निर्वाचन आयोगले मतदातालाई उपलब्ध गराएको मतदाता परिचय पत्र वा आयोगले तोकेको प्रमाण ।

**४८. प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको मतपत्र कस्तो हुन्छ ?**
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि मतपत्रमा रहने निर्वाचन चिह्न र अन्य विवरण प्रतिनिधि सभाका लागि हरियो रङ र प्रदेश सभाका लागि कालो रङमा छपाई भएको हुन्छ । त्यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्रमा रहने निर्वाचन चिह्न र अन्य विवरण रातो रङमा छपाई भएको हुन्छ ।

**४९. मतदान कसरी गर्ने ?**
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि :
- मतदाताले मतपत्र लिएपछि मतसङ्केत गर्ने गोप्य स्थानमा जानुपर्छ ।
- आयोगले उपलब्ध गराएको स्वस्तिक चिह्न प्रतिनिधि सभा सदस्यका लागि व्यवस्था गरिएका निर्वाचन चिह्नमध्ये आफूले रोजेको कुनै एक उम्मेदवारको निर्वाचन चिह्न रहेको कोठाभित्र मतसङ्केत गरी सो मतपत्र छाप नदेखिने र अन्य स्थानमा नलत्पतिने गरी मतपत्रलाई पट्याई हरियो रङको स्टिकर टाँसिएको मतपेटिकामा खसाल्नु पर्दछ ।
- त्यस पश्चात आयोगले उपलब्ध गराएको स्वस्तिक चिह्न मतपत्रमा प्रदेश सभा सदस्यका लागि व्यवस्था गरिएका निर्वाचन चिह्नमध्ये आफूले रोजेको कुनै एक उम्मेदवारको निर्वाचन चिह्न रहेको कोठाभित्र मतसङ्केत गरी सो मतपत्र छाप नदेखिने र अन्य स्थानमा नलत्पतिने गरी मतपत्रलाई पट्याई कालो रङको स्टिकर टाँसिएको मतपेटिकामा खसाल्नु पर्दछ ।

**समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनको लागि :**
- मतदाताले मतपत्र लिएपछि मतसङ्केत गर्ने गोप्य स्थानमा जानुपर्छ ।
- आयोगले उपलब्ध गराएको स्वस्तिक चिह्न भएको छाप लिई मतपत्रको माथिल्लो खण्ड (मतपत्र नं. १) मा प्रतिनिधि सभा सदस्यका लागि व्यवस्था गरिएका निर्वाचन चिह्नमध्ये आफूले रोजेको कुनै एक राजनीतिक दलको निर्वाचन चिह्न रहेको कोठाभित्र मतसङ्केत गर्नुपर्छ ।
- त्यसैगरी, मतपत्रको तल्लो खण्ड (मतपत्र नं. २) मा प्रदेश सभा सदस्यका लागि व्यवस्था गरिएका निर्वाचन चिह्नमध्ये आफूले रोजेको कुनै एक राजनीतिक दलको निर्वाचन चिह्न रहेको कोठाभित्र मतसङ्केत गर्नुपर्छ ।
- मतसङ्केत गरेपछि सो मतसङ्केत छाप नदेखिने र अन्य स्थानमा नलत्पतिने गरी मत(पत्रलाई पट्याउनु पर्दछ र आयोगले समानुपातिक निर्वाचन प्रणालीका लागि तोकेको रातोरङ्गको स्टिकर लगाइएको मतपेटिकाभित्र खसाल्नु पर्छ ।
- दुईवटै मतपत्रमा मतदान सम्पन्न भएपछि मतदाता तोकिएको स्थानबाट बाहिर निस्किनुपर्छ ।
- मतसङ्केत गर्ने गोप्य स्थानमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्ने व्यवस्था छ ।

> मतदानका लागि मतदाताले आयोगले उपलब्ध गराएको स्वस्तिक छापले नै मतसङ्केत गर्नुपर्छ । मतदान केन्द्रमा मतसङ्केत गर्नका लागि राखिएका स्वस्तिक छापको दुवैतर्फ स्वस्तिक चिह्न हुन्छ । मतदाताले स्वस्तिक छाप उठाउँदा छापको स्वस्तिक चिह्न उप्केको छ कि ? सो समेत राम्ररी ख्याल गर्नुपर्छ । अन्यथा स्वस्तिक चिह्न नभएको छाप लगाउँदा मत बदर हुन्छ ।

**५०. प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचनमा मतदाताले कति वटा निर्वाचन चिह्नमा मतसङ्केत गर्नुपर्छ ?**
हरियो रङको निर्वाचन चिन्ह भएको मतपत्रमा १ ठाँउमा, कालो रङको निर्वाचन चिन्ह भएको मतपत्रमा १ ठाँउमा मतसङ्केत गर्नुपर्छ ।

**५१. मत बदर हुने अवस्था**
(क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,
(ख) औँठाछाप लगाई वा तोकिएको बमोजिमको चिह्न वा छाप बाहेक अन्य चिह्न वा छाप लगाई मत सङ्केत गरिएको,
(ग) मत सङ्केत चिह्न नबुझिने गरी लतपतिएको वा मतपत्र च्यातिएको,
(घ) उम्मेदवारको निर्वाचन चिह्न रहेको कोठामा मतसङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,
(ङ) उम्मेदवार नरहेको निर्वाचन चिह्नमा मत सङ्केत गरिएको,
(च) निर्वाचित गर्नुपर्ने सङ्ख्याभन्दा बढी उम्मेदवारको निर्वाचन चिह्न भएको कोठामा छुट्टा-छुट्टै मत सङ्केत गरिएको,
(छ) एकभन्दा बढी उम्मेदवारको निर्वाचन चिह्न भएको कोठामा मत सङ्केतको चिह्न पर्ने गरी मत सङ्केत गरिएको,
ज) मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,
(झ) कुनै पनि उम्मेदवारको निर्वाचन चिह्नमा मत सङ्केत नगरिएको,
(ञ) आयोगद्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,
(ट) मतपेटिकाभन्दा बाहिर मतपत्र राखिएको,
(ठ) जाली मतपत्र, वा आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

**५२. प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा मतदाताले कति वटा निर्वाचन चिह्नमा मतसङ्केत गर्नुपर्दछ ?**
मतपत्रको माथिल्लो खण्ड (मतपत्र नं. १) र तल्लो खण्ड (मतपत्र नं. २) गरी प्रत्येक खण्डमा १/१ चिह्न रहेको कोठामा जम्मा २ वटा चिह्नमा छाप लगाउनु पर्छ ।

थप जानकारीको लागि
**निर्वाचन आयोग, नेपाल**
कान्तिपथ, काठमाडौं, नेपाल ।
कल सेन्टर : १६६००१४४२२२
अडियो नोटिसबोर्ड : १६१८०१४२३९७७४
वेभसाइट : www.election.gov.np
ईमेल : ecnfsu@gmail.com
मोवाइल एप्स : ECN App

Website : www.election.gov.np
Email : info@election.gov.np

# आईसीसीको पत्रले ईपीएल अन्योलमा

**नेपाल समाचारपत्र**
काठमाडौं

नेपाल क्रिकेट संघ (क्यान)को प्रतिबन्धले गर्दा पुस ३ गतेदेखि शुरू हुने एभरेस्ट प्रिमियर लिग (ईपीएल) आयोजना अन्योलमा परेको छ।

मंगलबार अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी)ले ईपीएललाई मान्यता नदिएको र खेलाडी खेल्न नपाउने उल्लेख गर्दै पत्र पठाइएपछि प्रतियोगिता अन्योलमा परेको हो। कीर्तिपुरको त्रिभुवन विश्वविद्यालय (टीयू) मैदानमा हुने प्रतियोगिताका लागि खेलाडीहरूमाथि करोडौं लगानीसमेत भइसकेको अवस्था छ।

क्यानले ईपीएलबारे आईसीसीका सिनियर क्रिकेट अप्रेसन म्यानेजर क्लिभ हिटच्कोक र डेभलोपमेन्ट एण्ड क्रिकेट अपरेसन अफिसर निगेल मास्कारेन्हासले पठाएको पत्र हिजो मेल गरेको थियो। पत्रमा नेपालमा कुनै पनि प्रतियोगिता आयोजना गर्न आईसीसीको पूरा मन्जुर आवश्यक भएको उल्लेख गरिएको छ। जब कि आईपीएल गत वर्षसमेत आयोजना भएको थियो भने हालै मात्र पनि धनगढी प्रिमियर लिग (डीपीएल)को सफल आयोजना गरिएको थियो।

आईसीसीको पत्रमा यस्तो उल्लेख थियो- 'नेपाल आईसीसीको सदस्यताबाट निलम्बनमा रहेको स्मरण गराउन चाहन्छौं र नेपालमा प्रतियोगिता गराउने अधिकार आईसीसीसँग मात्र छ। यो प्रतियोगितालाई आईसीसीले मान्यता दिएको छैन। कुनै पनि खेलाडीलाई प्रतियोगितामा खेल्न पनि अनुमति छैन।'

नेपाल क्रिकेटमा सरकारी हस्तक्षेप भएको भन्दै आईसीसीले क्यानलाई २०७३ साल वैशाख १३ गते निलम्बन गरेको थियो। नेपाललाई अन्तर्राष्ट्रिय खेल खेल्न भने छुट दिएकाले हाल नेपालको राष्ट्रिय क्रिकेट टोली विश्व क्रिकेट लिग च्याम्पियनसिपअन्तर्गत यूएईसँग आज खेल्दै छ। यसअधि पनि नेपालले नामिबिया र हङकङविरुद्धका खेलमा आईसीसीको निर्देशनअनुसार खेलेको थियो। यसबारे *नेपाल समाचारपत्र*ले ईपीएलका प्रबन्ध निर्देशक आमिर अख्तरसँग कुरा गर्दा उनले आईसीसीलाई कुनै भ्रम भएको बताए। उनले भने- 'ईपीएलका लागि आईसीसीसँग हामीले अनुमति माग्नु आवश्यक छैन। किनभने यो घरेलु प्रतियोगिता हो। मलाई आईसीसीले ईपीएलबारे जानकारी मागेको छ र यसको जवाफ पठाउँदै छु। आईसीसीको चासो सायद विदेशी खेलाडी टोलीमा राख्ने विषयमा हुन सक्छ। यसमा आईसीसी सकारात्मक हुनेछ भन्ने हामीले विश्वास लिएका छौं।'


# आवश्यकता

यस प्रकाशन गृहलाई आफ्नो प्रकाशनको बजार प्रवर्धनका लागि केही कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

**पद** :- बजार प्रतिनिधि
**सख्या** :- २०
**योग्यता** :- +२
**सेवा/सुविधा** :- आकर्षक तलब+कमिसन

कामना न्यूज पब्लिकेसनस् प्रा.लि.
भिमसेन स्थान काठमाडौं
सम्पर्क :- ४२६११७९ , ९८५१०६९८३०
Email :- circulation.nsp112@gmail.com


## धरहरा

### तैं चुप मै चुप



भोलि हुने निर्वाचनलाई लक्षित गरेर सोमबार मध्यरातिदेखि मौन अवधि शुरू भएको छ। मौन अवधिमा कुनै पनि शैलीमा चुनावी प्रचार गर्न र फेसबुकलगायत कुनै पनि सामाजिक सञ्जालबाट भोट माग्न पाइँदैन। यदि यस्तो नियम उल्लंघन भएको पाइएमा १ लाख रुपियाँ जरिवानादेखि उम्मेदवारी रद्द गर्नेसम्मको अधिकार निर्वाचन आयोगलाई छ।

तर यही बेलामा चाहिँ निर्वाचन प्रचार-प्रसार द्रुतरूपमा भइरहेको धरहराले थाहा पाएको छ। बाहिर प्रस्टरूपमा देखिने गरी होइन, खुसुक्क, तैं चुप मै चुप शैलीमा। मतदातालाई पैसा बाँढ्ने, भोजभतेर खुवाउने, मादक पदार्थ अनि अरू धेरै थोक खुवाउने प्रतिस्पर्धा यही बेला हरेक निर्वाचन क्षेत्रमा भइरहेको देखिन्छ।

यस्तै अवस्थाका बीच मंगलबार साँझ पूर्वी पहाडी भेगमा एक पार्टीका इमानदार कार्यकर्ताले आफ्ना नेतालाई जिज्ञाशा राखेछन्- 'नेताज्यू आयोगले त यस्तो गर्न मिल्दैन भन्छ त?' प्रतिउत्तरमा नेताले भने- 'अस्ति धेरै ठाउँमा खुलेआम आमसभा गरियो, त्यो बेला जे जस्तो भए पनि जनताले खुवाए, तर मतदातालाई केही खुवाउन र खुसी बनाउन सकिएन, त्यही भएर त अहिले गऱ्या त।'

'अहिलेको जाडोमा ज्यान पनि त तताउनै पऱ्यो। नत्र मतदाताले भोट कसरी हाल्ने?', नेताले प्रस्ट्याए- 'आयोगले दिउँसो मात्रै नियाल्ने हो, विचरा आयोगका अधिकारीलाई चुनाव निस्पक्ष र शान्तिर्पूण बनाउन कस्तो सास्ती छ।'









कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ